CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१०४

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

२६ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

४ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ८०।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तका प्रकाशित पुस्तक

१. *नेपालको संक्षिप्त इतिहास* (तोत्रराज पाण्डेयसँग मिलेर) वि.सं. २००४ मा
२. *इतिहास-सहायक* वि.सं. २००७ मा
३. *संस्कृत-बोधः* १-३ भाग (बदरीनाथ भट्टराई र चूडानाथ भट्टरायसँग मिलेर) वि.सं. २००७ मा
४. *ज्यौतिष* वि.सं. २०१० मा
५. *बुद्धिविनोद-प्रश्नोत्तरी* (लेखनाथ पौड्यालयका प्रश्नका उत्तर) वि.सं. २०१५ मा
६. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* (देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तसँग मिलेर) वि.सं. २०२५ मा
७. *गोलबोध* वि.सं. २०३४ मा
८. *पाँडेकुलोत्पन्नेन दैवज्ञशिरोमणिना लक्ष्मीपतिशर्मणा विरचितस्य रत्नदीपस्य मूलभागः* (सहायक – रामजी तेवारी) वि.सं. २०३५ मा
९. *श्री ३ महाराज पद्मशमशेरका कुरा* वि.सं. २०३५ मा
१०. *सुमतितन्त्रम्* (देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिलेर) वि.सं. २०३५ मा
११. *महेश्वराचार्येण (सिद्धान्तशिरोमणिकारस्य भास्कराचार्यस्य पित्रा) विरचितो वृत्तशतकाभिधो मुहूर्तग्रन्थः* (सहायक – रामजी तेवारी र दिनेशराज पन्त) वि.सं. २०३५ मा
१२. *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति* वि.सं. २०३७ मा
१३. *प्राचीन र नवीन गणितको तुलना* वि.सं. २०३९ मा
१४. *त्रिकोणमिति (ज्योत्पत्ति)* वि.सं. २०४० मा
१५. *श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या* वि.सं. २०४० मा
१६. *लिच्छविसंवत्को निर्णय* (सहायक – देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने) वि.सं. २०४३ मा
१७. *कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना* (दिनेशराज पन्तसँग मिलेर) वि.सं. २०४४ मा
१८. *हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना* (सहायक – देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल) वि.सं. २०४६ मा
१९. *रत्नदीप* (सहायक – रामजी तेवारी, देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल) वि.सं. २०४७ मा
२०. *विश्रान्ति* (सहायक – रुक्मनाथ पौडेल) वि.सं. २०५० मा
२१. *हाम्रो उद्देश्य र कार्यप्रणाली* वि.सं. २०५९ मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. हाम्रो वक्तव्य ३-८

२. स्वर्गवासी नयराज पन्तका केही अप्रकाशित कृति ९-७०

१. पढाइसम्बन्धी १०-२०

१. एउटा हाँसोउठ्तो कुरो १०-११

२. [वेदप्रचारको विषयमा] १२

३. [भैक्षचरणस्य हेतुः] १३-१४

४. मेरो अनुभव १५-१७

५. हाम्रो पढाइको विषयमा १८-१९

६. यी प्रश्नका उत्तर चाहिएका छन् २०

२. नेपाली शब्दको व्युत्पत्ति

पर्ण (पान) २१

३. पाणिनिका सूत्रको लौकिक व्याख्या २१-२३

१. चातुरर्थिक प्रत्यय २१-२२

२. साप्तपदीनं सख्यम् ५।२।२२ २२

३. संख्याया गुणस्य निमाने मयट् ५।२।४७ २२-२३

४. शालीनकौपीने अधृष्टाकार्ययोः ५।२।२० २३

५. शीतोष्णाभ्यां कारिणि ५।२।७२ २३

४. संस्कृत पद्य २४-३०

१. श्रुते २४

२. [पाणिने] २४

३. किं लभेय २५

४. दयालुः कथं मौनं भजेत २५

५. श्वसितमपि मदीयं भावना सा विधत्ते २५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. प्राचीना भारतीया विद्वांसः २६
७. भविष्यन्ती नेपालदशा २६
८. नेतृब्रुवाः किमिव लोकहितं विदध्युः २७
९. विद्याधुना सांशयिकान् प्रसूते २७
१०. अर्थः २८
११. वर्णव्यवस्था २८
१२. विद्या विलीयते २८-२९
१३. पल्लवग्राहि पाण्डित्यम् २९
१४. भैक्षचरणस्य विनाशादुपगतं फलम् २९-३०
१५. किं न कुर्याज्जनोऽयम् ३०
५. नेपाली पद्य ३१-३३
१. अर्धसिल्लीको गन्थन ३१
२. [बन्लान् सुन्दर पाठ्यपुस्तकहरू] ३२
३. भीमनिधिविषयक पद्य ३३
६. नेपालको इतिहास
प्रताप मल्ल र प्रतापसिंह शाह ३४-४८
७. गणितको इतिहास
ग्रीक ज्योत्पत्ति ४९-७०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त

(यो फोटो वि.सं. २०५९ आश्विन २६ गते शनिवार फूलपातीको दिन श्रीपुष्कर लोहनीले खिँच्नुभएको हो ।)

जन्म – वि.सं. १९७० श्रावण २६ गते आइतवार श्रावणशुक्लनवमी

मरण – वि.सं. २०५९ कार्तिक १८ गते सोमवार कार्तिककृष्णअमावास्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य

स्वर्गवासी नयराज पन्तको विषयमा

संशोधन-मण्डलका सदस्य र जुन परिपाटीको आधारमा *पूर्णिमा* पत्रिका चल्न थाल्यो त्यस परिपाटीका प्रवर्तक श्रीनयराज पन्त वि.सं. २०५९ कार्तिक १८ गते सोमवारको दिन ८९ वर्षको उमेरमा परलोक हुनुभयो ।

नयराज पन्तले आफ्नो सारा जिन्दगी एकोहोरो ढङ्गले विद्याको अभ्यासमा बिताउनुभयो र आफ्नो फाइदा बेफाइदा नहेरी कोही रिसाऊन् वा खुशाऊन् कुनै परवाह नगरी कसैलाई प्रभु नमानेर सत्री, बन्दी, नागरक र घोषवृद्धको तहबाट माथि उठेर सत्यको खोज निष्कपट ढङ्गले प्रकट गर्ने साहस जिन्दगीभर गर्नुभयो ।

अब उहाँको वैदुष्यको बारे पनि अलिकति कुरा गरौँ । उहाँ संस्कृत नेपाली दुवै भाषाका सिद्धहस्त कवि हुनुहुन्थ्यो, पाणिनीय व्याकरणमा उहाँको पूरा अधिकार थियो, भारतीय सिद्धान्तज्यौतिषका उहाँ अद्वितीय पण्डित हुनुहुन्थ्यो, त्यस्तै उहाँ नेपालको इतिहासको प्रामाणिक अनुसन्धानका प्रवर्तक र *कौटलीय अर्थशास्त्र*का प्रामाणिक व्याख्याता हुनुहुन्थ्यो भन्ने कुरा उहाँका लेखबाट सहजै प्रकट हुन्छ । विद्याका यतिबिधि हाँगाबिँगामा अधिकार राख्ने मान्छे पाउनु त दुर्लभ कुरा हो, त्यसमाथि आफूले नजानेको कुरा जान्दिनँ भनी स्पष्टसँग भन्न सक्ने जुन साहस उहाँमा थियो, त्यो विरलै मानिसमा मात्र पाइन्छ ।

नयराज पन्त राजनीतिमा कहिल्यै लाग्नुभएन । तर राजनीतिको गहिरो सुझबुझ उहाँमा थियो भन्ने कुरा यही अङ्कमा छापिएको, **नेतृब्रुवाः किमिव लोकहितं विदध्युः** (नेता भनाउँदाहरू किन लोकहित गर्थे) भन्ने उहाँको पद्यात्मक लेखबाट मात्र पनि प्रकट हुन्छ ।

वर्तमान कालमा चलनचलतीमा रहेको संस्कृतको माथिल्लो शिक्षा बनारसमा हासिल गर्दा गर्दै उहाँले आफ्नो शिक्षामा भएको अपूर्णताको अनुभव गर्नुभयो र वर्तमान शिक्षापद्धतिमा कर्मण्यताको अभाव छ र त्यस शिक्षाबाट गम्भीर विद्वान् निस्कन गाह्रो छ भन्ने उहाँलाई लाग्न गयो । यही अङ्कमा छापिएको, *यी प्रश्नका उत्तर चाहिएका छन्* भन्ने लेखको **हाम्रो देशमा वर्तमान शिक्षाले केही परिवारको सुखमय जीवन बनाउन सके तापनि नेपाल राष्ट्रको जीवनलाई परमुखापेक्षी बन्नाबाट हटाउन सक्तैन भन्ने मेरो विचार छ** भन्ने वाक्यमा पनि उहाँको त्यो भावना स्पष्ट झल्किएको छ । त्यही भावनाअनुसार उहाँले संस्कृतभाषाको आधारमा कार्यक्षम शिक्षा दिने परिपाटीको शुरूआत गर्नुभयो । आफूमा भएको राजनीतिको चेतनाले नै होला, शिक्षामा क्रान्ति ल्याउने विचारबाट उहाँ अभिभूत हुनुहुन्थ्यो र त्यसैमा आफूलाई उहाँले होमिदिनुभयो । देश,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काल र स्थितिले गर्दा उहाँले चिताए जस्तो गरी त्यस शिक्षापद्धतिबाट त्यति धेरै काम हुन नसके तापनि हरेक विषयमा विदेशीलाई प्रामाणिक मान्ने र विदेशीभन्दा आफूलाई हीन मान्ने परिपाटीको अन्त्य नेपालको इतिहासको अन्वेषणको क्षेत्रमा भयो। अर्को शब्दमा भन्ने हो भने त्यो शिक्षा पाएकाहरूले कमसेकम विद्याको एउटा सानो क्षेत्रमा भए पनि नेपाललाई परमुखापेक्षी हुन नपर्ने पारिदिए भनी निर्धक्क भन्न सकिन्छ।

नयराज पन्त संस्कृतविद्याका परम उपासक हुनुहुन्थ्यो। तर त्यो उपासना अन्धविश्वासमा आधृत थिएन। संस्कृत पढ्ने जोसुकै पनि अध्यात्मवादका प्रचारक र कर्मकाण्डी हुने स्वयंसिद्ध नियम जस्तो भए पनि उहाँ त्यसको स्पष्ट अपवाद हुनुहुन्थ्यो। उहाँले जीवनभर उपपत्तिको आधारमा विद्या पढ्ने पढाउने, लेख्ने लेखाउने काम गर्नुभयो।

मुगल सम्राट् शाहजहाँका छोरा दारा शिकोहले फारसीमा उल्था गरेको उपनिषद्‌हरूको ल्याटिनमा उल्था गर्ने, फरासीस विद्वान् ऐँक्‌तिल-दुपेरौँ (वि.सं. १७८८-१८६२) ले **जसरी हामी ग्रीकहरूको र रोमनहरूको परिशीलन गर्छौं त्यसै गरी भारतीयहरूको परिशीलन गरौँ**[1] भन्ने इच्छा राखे पनि पाश्चात्यहरूले संस्कृतविद्यामा त्यस तहको अधिकार हासिल गर्न कहिल्यै सकेनन्।

यस कुराको अनुगमन नयराज पन्तले राम्ररी गर्नुभएको थियो भन्ने भाव उहाँको तलको वाक्यबाट पनि झल्कन्छ –

> **... ग्रीक, ल्याटिन आदि भाषा जसरी पश्चिमाहरूले पढे, त्यसरी संस्कृत पढ्न उनीहरूले नसकेकाले वा नखोजेकाले संस्कृतभाषाको उच्च ज्ञान उनीहरूमा आएन। संस्कृतका पश्चिमा विद्वान्‌हरूका चेला भारतीयहरूले पनि आफ्ना गुरुले देखाइदिएको बाटोभन्दा पर गई संस्कृत पढ्ने चेष्टा गरेका छैनन्। यस कारण अहिले चलेको शोधपद्धति दोषपूर्ण छ।**[2]

संस्कृतविद्याको शोध गर्ने परिपाटीको चलन पाश्चात्त्य विद्वान्‌हरूले चलाएका हुन् तापनि उनीहरूमा संस्कृतभाषाको र शास्त्रहरूको चाहिँदो योग्यता नभएको हुनाले उनीहरूले आफ्नो लक्ष्य भेट्टाउन सकेका छैनन् भन्ने कुरा नयराज पन्तले महसूस गर्नुभएको थियो। उता संस्कृतका परम्परागत पण्डितहरूमा आलोचनात्मक पद्धतिको अभाव भएको हुनाले उनीहरूको कामबाट पनि उहाँ सन्तुष्ट हुनुहुन्थेन। त्यसैले उहाँले प्राचीन ढङ्गले ग्रन्थ उपस्थित गर्ने र आधुनिक ढङ्गले शोध गर्ने विचारले काम शुरू गर्नुभयो।

---

१. वि.सं. २०४४ मा अल्बानीबाट स्टेट यूनिभर्‌सिटि अफ न्यू यर्क प्रेसद्वारा प्रकाशित विल्हेल्म हाल्ब्‌फासको *इन्डिअ यान्ड् युरप्* (भारतवर्ष र यूरोप)को ६६ पृष्ठमा उद्धृत वाक्यबाट उल्था गरेको।

२. वि.सं. २०३३ मा प्रकाशित, *पूर्णिमा* ३४ अङ्कमा छापिएको नयराज पन्तको *वेदाङ्गज्यौतिष र लिच्छवि-कालगणना* भन्ने निबन्ध, त्यस अङ्कको ९४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्तमान शिक्षापद्धतिमा निष्णात भएका मानिसहरूमा गहिरो ज्ञानको प्रायः अभाव भएको कुराको पर्दाफास गर्ने काम उहाँले गर्नुभएकोले साँच्चै भन्ने हो भने उहाँ एकलो हुनुभयो । न उहाँ पण्डितहरूसँग मिल्न सक्नुभयो, न आधुनिक शोधकहरूसँग । संशोधनपरम्परा चलाउने उद्योग गर्दा आफू एकलिएको कुरा उहाँले खुद अनुभव गर्नुभएको थियो भन्ने कुरा तलका वाक्यबाट पनि स्पष्ट हुन्छन् –

> **संशोधन-परम्परा चलाउने उद्योग गर्दा मेरा धेरै इष्टमित्रहरू (विशेष गरी मसीवृत्तिकाहरू) मसँग रिसाउनुभएको छ । यो कुरा मलाई राम्रो थाहा छ । इष्टमित्र राखूँ वा संशोधनको परम्परा चलाऊँ भन्ने दोधार मेरो मनमा नउठेको पनि होइन । तर मैले संशोधनको परम्परा चलाउन अरू कुरा छोड्नु नै बेस संझी त्यसैबमोजिम काम गर्दै आएको छु । यस कारण म एकलिन गएको छु ।**[३]

यस्तो अवस्थामा उहाँ पुग्नुभएको देख्ता धर्मकीर्तिको तलको पद्यको सम्झना हामीलाई सहजै हुन्छ –

वहति न पुरः कश्चित् पश्चान्न कोऽप्यनुयाति मां
न च नवपदक्षुण्णो मार्गः कथं न्वहमेककः ।
भवतु विदितं पूर्वव्यूढोऽधुना खिलतां गतः
स खलु बहलो वामः पन्था मया स्फुटमुज्झितः ॥

(अगाडि कसैले डोऱ्याउँदैन, मेरो पछाडि पनि कोही छैन, नत बाटै नयाँ पाइलाले खुँदिएको छ, कसरी म एकलै परें ? भैगो, थाहा भयो, पुर्खाहरूले फराकिलो पारेको बाटो अहिले वेचलतीको हुन गएको रहेछ, चौडा र सजिलो बाटो मैले पक्कै छोडिसकेको रहेछु ।)[४]

राजनीतिको गहिरो चेतना भएकोले नै होला, **प्रायः विदेशी विद्वान्हरू विद्याको लागि मात्रै यहाँ आउँदैनन्, उनीहरूको अरू अरू काम पनि हुन्छ**[५] भन्ने उहाँको धारणा थियो । यसैले संस्कृतविद्या वा नेपालको

---

३. वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेयमा* छापिएको नयराज पन्तको *उपोद्घातको* २ पृष्ठ ।

४. वि.सं. २०४३ मा काठमाडौंबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षामा* प्रकाशित महेशराज पन्तको *किन म यस पुस्तकको प्रकाशक बनें ?* भन्ने उपोद्घातका २४-२५ पृष्ठ ।

५. वि.सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २८ अङ्कमा छापिएको नयराज पन्तको *गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार* भन्ने निबन्ध, त्यस अङ्कको २४६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहासको खोजी गर्न आउने विदेशी विद्वान्हरूसँग उहाँ सम्पर्क गर्नुहुन्थेन । उहाँको यस धारणामा कामन्दकको यस

विद्याशिल्पापदेशेन संश्लिष्योभयवेतनैः ।

कृत्यपक्षं विजानीयात् तद्भर्तुश्च विचेष्टितम् ॥१३॥

तीर्थाश्रमसुरस्थाने शास्त्रविज्ञानहेतुना ।

तपस्विव्यञ्जनोपेतैः स्वचारैः सह संपतेत् ॥१४॥

(*कामन्दकीयनीतिसार* १३ सर्ग)

(विद्या पढ्ने र कालीगढीको कामको निहुँले दुवैतिर (स्वपक्ष र परपक्ष)को पैसा (तलब) खाएका मान्छेसँग सम्बन्ध राखेर कृत्यपक्ष (भड्काउँदा भड्किने मानिस)लाई र त्यहाँका राजाको चेष्टालाई पनि बुझ्नू । तीर्थ, आश्रम, देवतास्थानमा तपस्वीको भेष लिएका आफ्ना जासूसहरूसँग शास्त्रको चर्चा गर्ने भनेर भेट गर्नू ।)[६]

वचनले पुट मिलेको थियो । हुन पनि विदेशी विद्वान्हरूको चर्तिकला देख्ता निकै हदसम्म उहाँको धारणा ठीक हो भनी भन्न नसकिने होइन ।

उहाँले लीगबाट हटेर यो काम किन गर्नुभयो भन्ने प्रश्न पनि यस प्रसङ्गमा उठाउन सकिन्छ । *मुद्राराक्षस*मा नन्दका मन्त्री राक्षसको मुखबाट निकालिएको, तलको

नेदं विस्मृतभक्तिना न विषयव्यापारमूढात्मना

प्राणप्रच्युतिभीरुणा न च मया नात्मप्रतिष्ठार्थिना ।

अत्यर्थं परदास्यमेत्य निपुणं नीतौ मनो दीयते

देवः स्वर्गगतोऽपि शात्रववधेनाराधितः स्यादिति ॥

(२।५)

(भक्तिलाई बिर्सेर पनि होइन, काम गर्न ढङ्ग नपुग्नाले पनि होइन, ज्यान जाला कि भन्ने डर मानेर पनि होइन, आफ्नो मान दर्जा बढाउँला भन्ने आशाले पनि होइन, खालि स्वर्गमा सवारी भइबक्सेका महाराजको पनि शत्रुलाई मारेर केही चाकरी होला कि भनेर नै अर्काको कमारो भएर दाउपेचमा खूपसँग मन लाउन लागी-रहेछु ।)

(*मुद्राराक्षस*को नयराज पन्तले गर्नुभएको अप्रकाशित उल्थाबाट)

---

६. उही ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पद्यको केही पदको अनुहरण गरी त्यही शैलीमा त्यही छन्दमा उहाँले वि.सं. २०११ मङ्सीर १६ गते लेख्नु-भएको पद्य

नेदं स्वान्तसुखार्थिना न विषयव्यापारमूढात्मना
मित्रक्षोणिधनार्थिना न च मया नात्मप्रतिष्ठार्थिना ।
अत्यर्थं परनिन्दनं प्रतिदिनं सोढ्वा परिश्रम्यते
विद्या पूर्वजसञ्चिता जनहितं कर्तुं प्रभूयादिति ॥[७]

(न मैले यो आनन्दको लागि गरेको हुँ, न काम गर्न ढङ्ग नपुग्नाले नै गरेको हुँ । साथीभाइ, जग्गाजमीन र धनदौलत कमाउन पनि मैले यो गरेको होइन । नत आफ्नो प्रतिष्ठा होओस् भनेर नै गरेको हुँ । अरूहरूले गरेको निन्दा सहेर पुर्खाहरूले सञ्चय गरेको विद्याले जनताको हित गर्न सकोस् भनी म दिनकादिन प्रशस्त परिश्रम गर्छु ।)

हाम्रो त्यस प्रश्नको उत्तर बनेको छ ।

त्यस प्रश्नको उत्तरमा उहाँका तलका वाक्यको पनि उद्धरण गर्नुपरेको छ –

आफ्नो देशको बढ्दो गरीबी, देशवासीको अज्ञान तथा विदेशीले छकाइएका आफ्ना देशवासीलाई देख्ता हाम्रो मन अत्यन्त जल्दछ । उदाहरणका लागि *लीलावती* पढ्ने विद्यार्थीलाई सिँगाने ठिटा भनी काला अङ्ग्रेजहरूले उपहास गरेको र सोही *लीलावती*को उदाहरण परेको हल र नाइटको *हाइअर् अल्जेब्रा* (उत्तरार्द्ध बीजगणित) बोकी बी.ए. भएकाको सिंहनाद सुन्दा हामीलाई एक तमासको लाग्दछ ।

अशुद्ध इतिहासका पुस्तक लेखी कसैले जातिगत द्वेष फैलाउन, कसैले विदेशीका दलाल बनी धनी हुन, आफ्ना सोझा देशवासीलाई ठग्ने उद्योग गरेको देख्ता हामीलाई राति निद्रा पनि लाग्दैन ।

हाम्रा देशका पुराना हस्तलिखित ग्रन्थहरू दिनदिनै सड्दै, गल्दै, बेचिँदै, बिदेसिँदै, फ्याँकिँदै जान लागेका छन् । पुराना पात्रा तथा ऐतिहासिक पत्रहरूको पनि यही दुर्गति भइरहेछ । यो देख्ता हामीलाई अत्यन्त पीडा हुन्छ र यिनै कुराहरूले हामीलाई प्रेरणा दिइरहेछ ।[८]

---

७. वि.सं. २०५० मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श – ए सप्प्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (संशोधन-मण्डलको पत्रिका *पूर्णिमा*को परिशिष्ट) १ सङ्ख्यामा छापिएको महेशराज पन्तको *ह्वाइ दिस् सप्प्लिमन्ट् ?* (यो परिशिष्ट किन) भन्ने निबन्धको १ पृष्ठमा सबैभन्दा पहिले यो पद्य प्रकाशमा आएको हो ।

८. वि.सं. २०५९ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपाठशालाको उद्देश्य र कार्यप्रणाली)*का ४८-४९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हालै प्रकाशमा आएको, उहाँले लेख्नुभएको *हाम्रो उद्देश्य र कार्यप्रणाली*बाट उहाँले कस्तो प्रकारको शिक्षापद्धति चलाउन खोज्नुभएको थियो भन्ने कुरा खुलस्त रूपमा बुझ्न सकिन्छ। उहाँको दृष्टिमा शोध भनेको अहिले चलेको जस्तो, संस्कृतविद्याको इतिहासको अनुसन्धान मात्र थिएन । उहाँ संस्कृतविद्या पढेर लोकयात्रा चलाउनको लागि उपयोगी काम गर्न सकिन्छ भन्ने कुरामा विश्वास राख्नुहुन्थ्यो। उदाहरणको लागि भनौं, उहाँले भारतीय ज्यौतिषको आजभोलि पाश्चात्त्य शिक्षा पाएकाहरूले गरे जस्तो शोध पनि निकै गर्नुभयो। साथसाथै आधुनिक वेधशालाको मुकाबिला संस्कृतका ज्यौतिषग्रन्थमा बताएको रीतिबाट यन्त्रहरू बनाउन लगाई उहाँले गर्नुभएको थियो ।

छोटकरीमा भन्नुपर्दा उहाँ लोकोत्तर हुनुहुन्थ्यो र उहाँले विद्यासम्बन्धी दासतामा जकडिएको नेपालमा युगान्तकारी काम गर्नुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वर्गवासी नयराज पन्तका केही अप्रकाशित कृति

यस अङ्कमा प्रकाश भएका, नयराज पन्तका कृतिहरूको सम्पादनको विषयमा केही कुरा यहाँनिर भन्नुपरेको छ । अहिलेसम्म अप्रकाशित अवस्थामा रहेका, उहाँका अथाह कृतिमध्ये ज्यादै थोरै अंश हामीले अहिले प्रकाश गर्न लागेका छौँ । यी लेखबाट विद्याका विभिन्न हाँगामा उहाँको अवदानको विषयमा बुझ्न केही मदत मिल्छ तापनि *पूर्णिमा*को आकार सानो भएकोले सबै प्रकारका रचनाका नमूना हामीले यस अङ्कमा समेट्न सकेका छैनौँ । त्यसमाथि उहाँले लेखेर छोड्नुभएका, अप्रकाशित अवस्थामा रहेका सबै कृति एक एक गरेर केलाउनको लागि जति समय दिनुपर्थ्यो, त्यति समय दिन नसकिएकोले पनि यस अङ्कमा परेका रचनाभन्दा बढी उपादेय रचना अझै अप्रकाशित अवस्थामा रहेका नहोलान् भनी अडकल गर्न नसकिने होइन ।

यहाँ प्रकाशित लेखमध्ये केही उहाँको आफ्नै हस्ताक्षरमा र केही उहाँका चेलाछोराहरूको हस्ताक्षरमा छन् । उहाँका हस्ताक्षरमा भएकामध्ये धेरैजसो साफीरूपका छन् र केही खेस्रारूपका पनि छन् । उहाँका हस्ताक्षरमा नभएका लेखमध्ये केही साफीरूपका छन् र एउटाचाहिँ उहाँले बोलेर लेखाएको रूपको छ । यी कुरा तल तत्तत्स्थानमा खुलाइएका छन् ।

उहाँको आफ्नै हस्ताक्षरमा भएकामा अहिले चलनचलतीमा भएको व्याकरणको नियमअनुसार पद जोड्ने र छुट्ट्याउने, कहीँ कहीँ विरामचिह्न थप्ने र वाक्य स्पष्ट पार्न एकाध ठाउँमा नगरी नहुने संशोधन गर्नेबाहेक अरू झिँगाटँसाइ गरिएको छ । यसो गर्नुको मतलब उहाँको लेखाइको विषयमा परिशीलन गर्नेहरूको लागि यिनले आकरको काम गरून् भन्ने हो । उहाँका चेलाछोराहरूको हस्ताक्षरमा भएका कृतिहरूमा चाहिँ प्रचलित नियमअनुसार आवश्यक सुधार गरिएको छ । विषय स्पष्ट पार्न यी लेखमा हामीले कतै कतै टिप्पणी थपेका छौँ । ती टिप्पणीलाई मूल लेखको टिप्पणीभन्दा अलग देखाउन तिनमा यस्ता * चिह्न र पुछारमा – **सम्पादक** लेख्ने गरिएको छ । यहाँ प्रकाशित लेखमध्ये चारवटामा शीर्षक नभएकोले हामीले नै शीर्षक बनाई तिनलाई यस्तो [ ] कोष्ठभित्र हालेका छौँ ।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटा हाँसोउठ्तो कुरो*

आजभोलि हाम्रो देशमा दिनप्रतिदिन संस्कृतविद्याको अवनति हुँदै जान लागेको छ । संस्कृत पढ्ने विद्यार्थीहरूको सङ्ख्या घट्तै जांदो छ, पाकशालामा विद्यार्थीको संख्या थपिए पनि तथा पाठशालामा पण्डितको सङ्ख्या थपिए पनि पाठशालामा विद्यार्थीको सङ्ख्या जस्ताको तस्तै जस्तो छ ।

मैले १९८८ सालमा मध्यमपरीक्षा दिंदा मध्यमामा जति विद्यार्थी थिए अहिले २००३ सालमा पनि त्यसभन्दा विद्यार्थी बढेका छैनन् । बाँकी रहचो शास्त्री आचार्यहरू बढे भन्ने कुरा, त्यसमा पनि रहस्य अर्कै छ । उहिले काशीमा पढ्ने विद्यार्थीलाई भत्ता दिइन्थ्यो । आजभोलि शास्त्री आचार्यलाई सो भत्ता प्रायः दुर्लभ भइसकेको छ । त्यो भत्ता खोज्ने विद्यार्थीहरूलाई यहीँ बसेर पढ भन्ने शिक्षा मिल्दछ । मध्यमा परीक्षामा उत्तीर्ण भएपछि पहाडिया $\frac{७५}{१००}$ विद्यार्थीहरू पहाडका पाठशालाहरूमा अध्यापक हुन पुग्छन् । बाकी रहेका $\frac{२५}{१००}$ चाहिँ घर पायक मिल्दो पाठशाला ढुकेर बस्तछन्, बाहिर बस्ता महगो वेसा खाएर निर्वाह गर्नु सजिलो कुरो नहुनाले पाकशालामा नै ती विद्यार्थी बस्तछन् । पाकशालामा त्यसै बसेर त खान पाइँदैन त्यसैले शास्त्री पढ्छु भन्नैपऱ्यो । यही कारण हो पाकशालामा शास्त्रीहरू रहनाको । $\frac{१}{१००}$ विद्यार्थी पढ्ने इच्छाले नै बसेका हुनन् परन्तु यो कुरो ज्यादै दुर्लभ छ । पाकशालाका शास्त्रीहरूले पढ्नामा भन्दा बाहिर नोकरीको खोजतलासमा घुमफिर गरेको धेरै देखिनाले यो कुरो भन्नुपरेको हो ।

उहिलेउहिले ज्यादै प्राचीनकालमा भारतको शिक्षा शहरबस्तीमा हुँदैनथ्यो । किन्तु बस्तीभन्दा अलि पर एकलास ठाउँमा हुन्थ्यो । त्यहाँ विद्यार्थी तथा गुरु एकै ठाउँमा बस्ने खाने गर्दथे । विद्यार्थीको जीवन एक किसिमबाट एकान्तमा नै बित्तथ्यो । प्रायः ८ देखि १२ सम्मका विद्यार्थीहरू त्यहाँ पढ्न पुग्दथे । त्यहाँ पढ्ने विद्यार्थीहरू सबैले एकै नियममा रहेर पढ्नुपर्दथ्यो । त्यहाँ पढाउने गुरुको देखरेखमा यो सबै कुरो हुन्थ्यो । त्यसैले त्यहाँबाट पढेर आएका विद्यार्थीहरू फलानो गुरुको देखरेखमा हामीले पढेका हौं भन्दथे ।

अब यो प्रणाली त टुटेर गइसक्यो, परन्तु गुरुलाई आफ्नो नाउँ पिटाउने इच्छाले छोडेको छैन । त्यसैले गर्दा मध्यमामा १२, १३ गुरुसँग पढेमा पनि एउटै गुरुसँग पढेको भनी झूटो स्रेस्ता खडा गर्ने रीति संस्कृतमा प्रचार भइरहेकै छ ।

---

* वि.सं. २००३ मा लेखिएको । रचयिताकै हस्ताक्षरमा, खेस्रा । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यही नाउँ पिटाउने इच्छाले आकुलव्याकुल भएका गुरुहरू पाकशालाका शास्त्रीहरूका गुरु हुन पुग्दछन् । बस अब के थियो नाउँ पिटाउने गुरुहरूलाई न हाजीरको जरूरी छ, न विद्यार्थीको चालचलनको । वर्ष दिनभर जहाँसुकै घुमेर भए पनि फाराम भराउने दिन फाराममा मेरा गुरु फलाना हुन् भन्ने लेखिदिए त गुरुचेला दुवैको मनोकाङ्क्षा पुगिहाल्यो ।

अलिकता जजमानी गर्नेहरू पनि संस्कृत पढ्न खोज्दछन्, परन्तु त्यो पनि भित्र मनदेखि होइन । मकहाँ जजमानी वृत्तिमा लागेका केही विद्यार्थी पढ्न आएका थिए, परन्तु समयमा एक दिन पनि आउँदैनथे । आज फलानोको घर चण्डी, भोलि फलानोको घर रुद्री, पर्सि फलानोको न्वारान, निपर्सि फलानोको श्राद्ध यही उनको रीति थियो । यसै गरी दुइ चार महीना हल्लिएर ती विद्यार्थीहरू गए । आखिर तिनीहरूले पढ्नुपर्ने काम पनि त केही देखिएन नि । लटरपटर पारेर **'यदि शुद्धो मशुद्धो वा मम दोखो न दीयते'** भने पनि त जजमानीमा केही विघ्नबाधा पर्दैन नि ।

संस्कृत पढाउने गद्दीमा बसेका केही गुरुजीहरू हामीले संस्कृत पढ्यौं जीवन बरबाद गर्‍यौं, फलानोले बेपार गर्‍यो यति कमायो, फलानोले $\frac{९६}{१००}$ सम्म ब्याज लाएर यति जोड्यो, फलानो म्याट्रिक मात्रै भएर पनि ट्युसन गरी यति कमाउँछ इत्यादि चर्चा प्रायः रोज़ै चलाउँछन् । त्यो पनि विद्यार्थीको अगाडि ।

कुनै संस्कृत पढी त्यसैबाट जीविका चलाएर धर्म परमात्मा ईश्वर इत्यादि कुराको व्याख्यान गर्दै हिड्ने **'गुणी विवेकी कवि साधु सन्त ठुला ठुला पण्डितजी महन्त'**हरू चाहिँ अरूलाई पढ संस्कृत यही हो हाम्रो विद्या भन्दै आफ्ना सन्तानलाई संस्कृतका पुस्तक छुन पनि दिंदैनन् ।

यो छ संस्कृतको अवस्था ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वेदप्रचारको विषयमा]*

प्रकृतिप्रत्यय मिलाएर वेद पढ्ने पढाउने विद्वान्हरूको खोजीमा मैले निकै यत्न गरेको हुँ। त्यस वेला धेरै जसा वेदका भक्तहरूको घरमा त वेदको पुस्तकसम्म पनि नभएको र उनीहरूले वेदको पुस्तकसम्म पनि नदेखेकोसम्म चाल पाइयो। न डाक्टर महाशय संस्कृत पढून्, न वेद बुझून् न वेदका पुस्तकको दर्शनै गरून्। उनले इतिहासको १ पत्रमा सम्पूर्ण वेदको रहस्य बुझिसकेका छन् भने पढ्ने आवश्यकता पनि छैन। तर बुज्रुक्याइ छाट्न डाक्टर महाशयले डाक्टरीमा पाएन हुनन् किनभने औषधि गरी रोगी निको पार्नुभन्दा अंग्रेजी १ पत्रमा वेद बुझी वेदको व्याख्यान गर्नु धेरै सजिलो छ। यसैले गोरखापत्रबाट डाक्टरले वेदप्रचार गर्ने काम शुरु गरे। बढिया हुन्थ्यो डाक्टर साहेबले वेद बुझ्ने योग्यता आफूमा नभए तापनि आफ्ना सन्तानहरूमा गराउने उद्योग गरे। तर वेद पढेर चकाचक सेता डबलै न झर्छ, न सर्वज्ञ बनी जे सोध्छौ सोध भनेर भन्न पाइन्छ। १०, ८ वर्षसम्म दुःख सहेर वेद पढ्दा डाक्टर साहेबले शायद फिसको चर्चा पनि गर्न पाउनेछैनन्।

पण्डितजीहरूले पनि आफूले धोका खाइसकेका हुनाले संस्कृतैदेखि मुख बटारे जस्तो बुझिन्छ भने वेद पढ्ने कुरो त परै छ। वेदको सूचीपत्रसम्म हेरिदिए पनि गनिमत हुन्थ्यो।

डाक्टर साहेब आफू नपढेर नै आकाशमा वेदप्रचार गर्न खोज्ने, पण्डितजीचाहिँ आफू पनि नपढ्ने डाक्टरलाई पनि पढ्न नदिई आकाश पृथ्वी दुवैतिर वेंदको प्रचार रोक्ने। अब वेदले गर्ने कुरो के हो। यो कुरो कति विचार गरें कति सोचें केही पार पाइनँ। कहिले हाँसो उठ्छ कहिले दुःख लाग्छ।

– सम्पादक

* वि.सं. २००३ मा लेखिएको। रचयिताकै हस्ताक्षरमा, खेस्रा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[भैक्षचरणस्य हेतुः]*

पूर्वे भारतीया विद्वांसो विद्याग्रहणाय नियतमाहारं विहारं चापरिहार्यं मेनिरे । शरीरकृतं परिश्रमं विना भुक्त आहारोऽपि साधु न परिणमते । भोज्यपाकाय समिधश्च ग्राह्या भवन्ति । एतस्यैव कार्यद्वयस्य सम्पत्तये ते विद्वांसः शिष्यैः समिदाहरणं कर्तव्यं मेनिरे ।

दूरादाहृत्य समिधः सन्निदध्याद्विहायसि ।

मनुस्मृतौ २।१८६

सायंप्रातर्हवनमपि शिष्याणां कर्तव्यमेव बभूव । स च हवनविधिरपि कतिपयैः पलैरेव साध्यो वर्तते । तिस्र आहुतयस्तत्र कर्तव्याः सन्ति ।

अथ समिदाधानम् ॥ १ ॥ पाणिनाग्निं परिसमूहति अग्ने सुश्रवः सुश्रवसं मा कुरु यथा त्वमग्ने सुश्रवः सुश्रवा अस्येवं मा ॐ सुश्रवः सौश्रवसं कुरु यथा त्वमग्ने देवानां यज्ञस्य निधिपा अस्येवमहं मनुष्याणां वेदस्य निधिपो भूयासमिति ॥ २ ॥ प्रदक्षिणमग्निं पर्युक्ष्योत्तिष्ठन्त्समिधमादधाति । अग्नये समिधमहार्षं बृहते जातवेदसे । यथा त्वमग्ने समिधा समिध्य स एवमहमायुषा मेधया वर्चसा प्रजया पशुभिर्ब्रह्मवर्चसेन समिन्धे जीवपुत्रो ममाचार्यो मेधाव्यहमसान्यनिराकरिष्णुर्यशस्वी तेजस्वी ब्रह्मवर्चस्यन्नादो भूयास ॐ स्वाहेति ॥ ३ ॥ एवं द्वितीयां तथा तृतीयाम् ॥ ४ ॥

पारस्करगृह्यसूत्रे द्वितीयकाण्डे चतुर्थी कण्डिका

श्रवः कीर्तिः ।

ततोऽग्निप्रार्थना भवति । सापि लघुतरैव वर्तते ।

सायंप्रातश्च जुहुयात्ताभिरग्निमतन्द्रितः ॥

मनुस्मृतौ २।१८६

भोजनं नाम शरीरधारणायाऽपरिहार्यं वस्तु । तदर्थं च कार्यं विधेयं भवति । कार्यपरैश्च जनैर्विद्याध्ययनायोपयुक्तः समयो न लभ्यते । अतो विद्यार्थिनां जीवनरक्षाऽन्यैर्गृहस्थैः कर्तव्या भवति ।

सुखप्राप्तभोजनाँश्च जनानालस्यं स्ववशं विधातुं यतते । स्वमाश्रितांश्च जनान् प्रभुर्न सादरया दृष्ट्या पश्यति । अवज्ञातस्य च पुरुषस्य तेजस्विता दवीयसी भवति ।

– सम्पादक

* रचयिताकै हस्ताक्षरमा, खेसा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आलस्यतेजोहीनता च विद्यावन्तमपि निकृष्टां स्थितिं नयतः चेत्किमुत विद्यार्थिनम् ।

अतः परलब्धजीवनसाधनैरपि विद्यार्थिभिः सुखलब्धभोजनता पराश्रितता च हेया भवति ।

भैक्षेण वर्तयेन्नित्यं नैकान्नादी भवेद्व्रती ।

भैक्षेण व्रतिनो वृत्तिरुपवाससमा स्मृता ॥

मनुस्मृतौ २।१८८

भैक्षेण भिक्षासमूहेन । भिक्षादिभ्योऽण् (पाणिनिः ४।२।३८) ।

अकृत्वा भैक्षचरणमसमिध्य च पावकम् ।

अनातुरः सप्तरात्रमवकीर्णिव्रतं चरेत् ॥

मनुस्मृतौ २।१८७

अवकीर्णी क्षतव्रतः ।

विद्यां विहाय सुखमेव हृदा लषन्तः शृङ्गारभङ्गिभिरहानि निनीषमाणाः ।

शिष्यब्रुवा गिरमहो विकलां विधाय लोकं समस्तमपि सन्तमसं नयन्ति ॥

२००८।१।१।७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरो अनुभव*

मैले पढाउने पेशा लिएको छु। पढ्नु पढाउनु लेख्नु लेखाउनुबाहेक मेरो विनोदको विषय पनि अरू छैन। यसभन्दा पनि अर्को मेरो आनन्दको विषय केही छ भने पढेका विषयलाई एकान्तमा बसी मनमा खेलाउनु नै छ।

पढेको विषय विद्यार्थीहरूको मनमा खेलोस् भन्ने चेष्टा म सधैँ गर्दछु। परन्तु यस काममा आफूलाई बिलकुलै असफल भएको म सम्झन्छु। पढेको कुरा मनमा खेलाउने कुरा त परै जाओस् पढेको कुरा कण्ठस्थ राख्ने प्रेरणा दिँदा पनि म धेरै विद्यार्थीको अप्रिय बनेको छु। त्यस्तो किन भयो भन्ने कुरालाई पनि मैले गम्भीरतासँग विचार गरेको छु।

दुर्भाग्यले भनूँ वा सौभाग्यले भनूँ संस्कृतभाषा मेरो अत्यन्त प्रिय विषय बन्न गएको छ। सो हुनाको कारण आफ्नो देशको इतिहास, आफ्नो देशको गणित बुझ्न योभन्दा अर्को साधन मैले नपाउनु हो।

सरकारिया संस्कृतपाठशाला तथा संस्कृतमहाविद्यालयमा पढाई मेरो जीवनवृत्ति चलेको छ। संस्कृत पढ्ने विद्यार्थीहरू अत्यन्त सीमित मात्रामा हुन्छन्। शासकवर्गको यस शिक्षाप्रति विशेष रुचि छैन।[१] राणापरिवारबाट संस्कृत पढ्न भनी एक जना विद्यार्थी संस्कृतपाठशालामा आएको मलाई थाहा छ, त्यो पनि बेरोलवाला परिवारबाट। त्यसो गर्दा विद्यार्थीका पिताले र विद्यार्थीले पनि आफ्ना परिवारको घोचाइ सुन्नुपरेको थियो भन्ने मैले सुनेको छु। गुरुपुरोहितका परिवारबाट संस्कृतपाठशालामा केही विद्यार्थी पढ्न आएका थिए। आजभोलि संस्कृतपाठशालामहाविद्यालयमा गुरुपुरोहितका परिवारहरूले पनि प्रवेश गरेको देखिँदैन। साहूमहाजनहरूले आफ्ना सन्तानलाई संस्कृत पढाए भन्ने देखिएको तथा सुनिएको पनि छैन। अर्थात् सम्पन्न परिवारको रुचि संस्कृतविद्यामा बिलकुलै छैन भन्ने कुरा स्पष्ट छ।

---

* वि.सं. २०२० साउनमा तयार पारिएको, हस्तलिखित *पूर्णिमा*को १ अङ्कको लागि लेखिएको। — सम्पादक

१. यसो भन्नाको अर्थ शासकवर्गले संस्कृतविद्याको लागि केही खर्च गरेका छैनन् भन्ने होइन। वास्तवमा शासकवर्गले दिएको दानले नै संस्कृतशिक्षा चलिरहेको छ। गरीब ब्राह्मणका छोराहरूलाई खान दिई शास्त्र पढ्न लगायो भने आफूलाई धर्म हुन्छ भन्ने विचार राणा प्रधानमन्त्री (श्री ३ महाराज)हरूको नभएको भए तीनधारापाकशाला (संस्कृत-छात्रावास) खडा हुन सक्तैनथ्यो। सो छात्रावास नभए संस्कृतपाठशाला महाविद्यालय खाली हुन्छन् भन्नु अत्युक्ति हुँदैन। प्रजातन्त्रपछि बनेका सरकारहरूले पनि संस्कृतमहाविद्यालय खोल्ने र त्यसलाई विशेष सुविधा दिने उदारता देखाएका छन्। यसको अर्थ शासकवर्ग आफ्ना सन्तानलाई संस्कृत पढाउँदैनन् भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृत तिनै पढ्छन्, जसलाई आफ्नो घरमा बसेर पढ्ने सुविधा हुँदैन । घरमा बसेर गृहस्थीको काममा जोतिनुसट्टा दुइ चार वर्षलाई खाने सामल घरबाट ल्याई जेनतेन गरेर बाहिर बसी पढी पछि छात्रावासमा भर्ना भई सुबिस्तासँग केही पढी जीवनवृत्ति पाउँला भन्ने आशा भएको ब्राह्मणवर्ग नै संस्कृतशिक्षाको स्तम्भ भएर रहिरहेछ । यस्ता विद्यार्थीहरूमा जे गरेर भए पनि उदरज्वाला शान्त गर्नु नै ठूलो लक्ष्य रहने हुनाले जे गरेर हुन्छ जागीर चाँडै पाइयोस् भन्ने इच्छा रहनु स्वाभाविक हुन्छ । संस्कृत पढेरभन्दा अङ्ग्रेजी पढ्दा विशेष जागीर पाउन सुविधा हुने हुनाले छात्रावासमा विद्यार्थीहरूलाई संस्कृतशिक्षा ओखती र अङ्ग्रेजी शिक्षा मिठाइ भइरहेछ । यस कारण छात्रावासका विद्यार्थीहरूलाई गणित पढाएर जीवनवृत्ति गरेको छु तापनि उनीहरूमा उच्च गणितको ज्ञान पैदा गराउन म सफल हुन सकेको छैन । अवश्य नै मलाई केही ग्रन्थ कण्ठस्थ आउने भएकोले परीक्षामा चाहिने जति ग्रन्थ हाटहुट गरी सिक्न चाहने विद्यार्थीहरूले मेरो उपेक्षा पनि गर्न सकेका छैनन् ।

संस्कृतभाषा राम्ररी आओस् र त्यसबाट मानिसहरू विचार गर्न सकून् भन्ने इच्छा मेरो अत्यन्त ठूलो छ । यसैले संस्कृतभाषाको पढाइमा मैले जोड दिएको छु । यही पढाइ चलाउने उद्योग गर्दा मैले धेरै आफन्तलाई परचक्री जस्तै बनाएको छु । यसको कारण पनि स्पष्ट छ । अलिकता नेपाली अलिकता संस्कृत अलिकता गणित पढाई अङ्ग्रेजी शिक्षामा हाल्दा चाँडै पढाइ चल्छ भन्ने विश्वास विशेष रूपले फैलिएको छ । यस कारण केही चतुरा मानिसहरूले आफ्ना सन्तानलाई मकहाँ पढ्न पठाए । संस्कृतभाषातिर मेरो एकोहोरो रुचिसँग उनीहरूलाई केही मतलब रहेनछ । मैले अघिबाटै स्पष्टसँग आफ्नो कुरा भनिदिएको थिएँ तापनि भन्ने कुरा एउटा गर्ने कुरा एउटा हुन्छ भन्ने सम्झी उनीहरूले मबाट काम लिए । तर अलि पर पुगेपछि उद्देश्य फरक हुँदा छुट्टिनु स्वाभाविक थियो ।

अहिले रहेका संशोधन-मण्डलका सदस्यहरू मेरो यही रुचिले बटुलिएका मनुष्य हुन् । यिनीहरूको योग्यता विभिन्न प्रकारको छ । कसैको योग्यता इतिहासको विषयमा मेरो जत्तिकै छ, कसैको धेरै तलको छ । संस्कृतभाषाको योग्यता कसैले मेरो जत्तिकै सम्पादन गरेका छन्, कसैले आफ्नो योग्यतालाई विशेष रूपमा बढाएका छैनन् । कच्चा उमेरका विद्यार्थीहरूले दुवैतिर आफ्नो योग्यता बढाउने पर्याप्त मौका छ । काम गर्दै गए उमेर पुगेकाले पनि बिस्तारैसँग आफ्नो योग्यता बढाउन सक्तछन् । गणितविषयमा भने मेरो कुरा बुझिदिने मानिस पनि मैले अहिलेसम्म तयार गर्न सकेको छैन तापनि यस विषयमा म कोशिश गर्दैछु ।

हामीहरू मिली पत्रिका निकालौं भन्ने इच्छा मैले अहिलेभन्दा १० वर्ष जतिअगाडि विद्यार्थीहरूसँग गरेथें । तर

उत्पद्यन्ते विलीयन्ते दरिद्राणां मनोरथाः ।

(गरीबहरूका मनका लहड उठ्छन् पनि बिलाउँछन् पनि ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भने जस्तै त्यो कुरा त्यसै सेलाएर गयो । अहिले ११ वर्षसम्म *इतिहास-संशोधन*हरू प्रकाश गर्दै आएका, पाँचवटा पुस्तकहरू पनि प्रकाश गरिसकेका, अढाइ वर्षसम्म लगातार *अभिलेख-संग्रह* प्रकाश गर्दै आएका संशोधन-मण्डलका कार्यकर्ताहरूको मनमा हामी पनि काम गरौं भन्ने भावनाले *पूर्णिमा*नामक इतिहास-प्रधान हस्तलिखित मासिक पत्रिका निकाल्ने इच्छा भएछ । यो कुरा उनीहरूले मसँग गरेका थिएनन् । आफूआफू मिली लेख पनि तयार गरेछन् । उनीहरूले कस्तो लेख तयार गरेका छन् सो मैले हेरेको छैन । सो पत्रिकाका सम्पादक गौतमवज्र वज्राचार्यले सो पत्रिकाको लागि मसँग लेख मागेकाले मैले इतिहासविषयकै लेख लेख्ने विचार गरेको थिएँ । तर ठीक उपकरण अहिले नपाउँदा र त्यस कामको लागि चाहिने उपकरण बटुल्न १०, १५ दिनको समय दिंदा छापाखानामा छापिन गइरहेको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*नामक पुस्तकको मुद्रणमा बाधा पर्ने देखिएकोले मेरो मनमा खेलिरहेको तथा संशोधन-मण्डलका सदस्यहरूलाई मैले धेरैबाजि सुनाएको यस विचारलाई लिपिबद्ध गराएको छु । यसमा संशोधन-मण्डलका सदस्यहरूले गम्भीरतासँग विचार गर्नु आवश्यक छ । संस्कृत नपढी टपर्टुय्याँ वृत्तिका भरमा नेपालको इतिहास लेखी भुँडी भर्न पल्केका छट्टूहरू सच्चा विद्याका कस्ता बाधक हुन्छन् भन्ने कुरा मेरो बुद्धि कुटिल छ, म चाणक्य हुँ भनी अखबारमा छपाई मानिसलाई तर्साई संशोधन-मण्डलका सदस्यहरूलाई संशोधनको कामबाट विचलित गराउन उनीहरूले कस्तो प्रयत्न गरिरहेछन् तथा उनीहरूका गोलका मनुष्यहरूले संशोधन-मण्डललाई उठ्न नदिन कस्तो काम गरिरहेछन् भन्ने कुरा उमेर पुगेका संशोधन-मण्डलका सदस्यहरूलाई मैले बुझाउनुपर्ने होइन । आफ्नो गृहस्थीको भार आफ्नो टाउकोमा परेका तथा पर्न लागेका संशोधन-मण्डलका सदस्यहरूले मेरो विचारधारालाई राम्ररी बुझ्नुपर्छ तथा यसअनुसार चल्न आँटेपछि यस्तो काम कसरी चल्दछ भन्ने कुरामा पनि गम्भीरतापूर्वक विचार गर्नुपर्छ । मैले त यस किसिमको पढाइ चलाउने र यस किसिमका पत्रिका चलाउने काम हामीले नगरे हामी विदेशीका कुटिल जालबाट उम्कन सक्तैनौं भन्ने स्पष्ट सम्झेको छु । संशोधन-मण्डलका सदस्यहरूले यस विषयमा विचार गरून् र त्यसअनुसार काम गरून् भन्ने मेरो ठूलो इच्छा छ ।

(यस लेखको खेस्रा साफी गरिदिएकोमा नानी गौतमवज्र वज्राचार्य धन्यवादका पात्र छन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो पढाइको विषयमा*

जे कुरालाई अहिले म बोल्न लागेको छु, यस कुरालाई मैले धेरैबाजि बोलिसकेको छु । यस कारण यस कुरामा विशेष नवीनता केही छैन । संशोधन-मण्डलका धनवज्रलगायत तल्लो उमेरका (अरूको अपेक्षामा तल्लो उमेरका) ५ जना सदस्यले प्रचलित ढङ्गको परीक्षाप्रणालीको पढाइमा बिलकुलै प्रवेश नगरेकाले उनीहरूलाई वर्तमान शिक्षितवर्गले पाउने सरकारी सुविधा दुर्लभ बन्न गएको छ । यस अवस्थामा यस किसिमको पढाइमा उनीहरूलाई मैले प्रेरणा दिएर उनीहरूको भविष्य अन्धकारमा मैले पारिदिएँ भनेर मलाई मानिसहरू दोष लगाउन सक्छन् । हाम्रा यी संशोधकहरूको मनमा त के कुरो छ, उनीहरू नै जानून् । तर उनीहरूले मेरो मनको कुरालाई राम्रोसँग बुझ्न सकेनन् भने यो काम सफल हुन सक्दैन ।

प्राचीन कालको भारतको र विक्रमको पन्ध्रौँ शताब्दीदेखिको नेपालको शिक्षाको बारेमा *जयरत्नाकरनाटक, ऐतिहासिक पत्रसंग्रह, गल्लीमा फ्याँकिएका कसिंगर, इतिहास-संशोधनको प्रमाण-प्रमेय, त्रिरत्न-सौन्दर्य-गाथा*को उपोद्घातमा मैले निकै कुरा बोलिसकेको छु । तिनलाई यहाँ दोहऱ्याइरहनुपर्ने आवश्यकता छैन ।

संस्कृत पढेका पण्डितहरूबाट राणाकालका र त्यसपछिका पनि हाम्रा सरकारहरूले विशेष काम लिन सकेका छैनन् । उनीहरूले संस्कृतको उच्चतम परीक्षा (आचार्य परीक्षा)मा उत्तीर्ण भएका ब्राह्मणहरूलाई दक्षिण्य (दक्षिणा दिन लायक = लम्बरी पण्डित) बनाई आदर गरेका छन् । राणा शासक र त्यसपछिका पनि शासकहरूको दान (यो दानमा ब्राह्मणेतर जाति पनि सम्मिलित छ ।) खाई केही मानिसले संस्कृत पढिरहेछन् । यो दान बन्द भयो भने संस्कृतमहाविद्यालय संस्कृतपाठशालाहरू बन्द हुन्छन् । संस्कृतमहाविद्यालयहरूका प्राध्यापक पण्डितहरूले आफ्ना सन्तानलाई अङ्ग्रेजी शिक्षामा लाउनु नै आफ्नो कुलको भलो सम्झेका छन् । यसको अपवाद सयकडा पाँच पनि पाइँदैनन् । संस्कृत-छात्रावासमा बसी खाई शिक्षा पाई कविशिरोमणि भई अध्यात्मवादको प्रचार गर्न लागेका देशका गणनीय पुरुषहरूलाई पनि अध्यात्मवादको खानि भनी प्रख्यात भएको संस्कृतशिक्षाले आकृष्ट गर्न नसकेरै होला, उनका छोरानातिहरू अङ्ग्रेजी शिक्षामा हामफालेका । पण्डितज्यू पण्डितराजहरू कविशिरोमणिका अनुगामी बनेका हुन् कि कविशिरोमणिज्यू उनका अनुगामी बनेका हुन् भन्ने कुरालाई अहिले ठोकुवा गरेर भन्न नसके तापनि दुवै थरीका सन्तानले संस्कृतविद्याबाट पर बस्नुमा नै आफ्नो भलो सम्झेको देखिन्छ । यस कारण अध्यात्मवादको

* वि.सं. २०२० कार्तिकमा तयार पारिएको, हस्तलिखित *पूर्णिमा*को ४ अङ्कको लागि लेखिएको । महेशराज पन्तको हस्ताक्षरमा ।
– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रचार गर्ने र दानका पोका खाई भोगविलासको सामान बटुल्नेहरूले संस्कृतविद्याको परम्परा चलाउन सक्तैनन् भन्ने कुरा सिद्ध हुन्छ ।

यस अवस्थामा संस्कृतशिक्षाको मध्यस्थताबाट शिक्षा लिन भनी चलेको मैले अध्यात्मवादको शरण लिन सकिनँ ।

शासकहरूलें संस्कृतविद्यातिर आफ्ना सन्तानलाई प्रवेश नगराएको र संस्कृतशिक्षालाई पाली पनि रहेका हुनाले उनीहरूको दृष्टि कौटल्यको यस सूत्रसँग मिल्छ जस्तो मलाई लाग्छ ।

मायायोगविदस्तस्माद् विषये सिद्धतापसाः ।
वसेयुः पूजिता राज्ञा दैवापत्प्रतिकारिणः ॥

(*कौ.अ.*)*

[चटक योग जानेका तपस्वी सिद्धहरू दैवी आपत्तिलाई हटाउन सक्छन् । उनीहरूलाई राजाले आदरपूर्वक आफ्नो देशमा राख्नुपर्छ ।]

तर अपशोच छ, अहिलेको परीक्षाप्रणालीको संस्कृतशिक्षा पाएका मनुष्यहरूमा कौटल्यले भने जस्ता सिद्धहरू पाउन असंभवप्रायः छ । यस कारण अहिलेको संस्कृतशिक्षाप्रणालीका स्नातकहरूले छात्रावास स्थापना गर्ने अहिलेका शासकहरूको इच्छापूर्ति अवश्य पनि गर्न सकेका छैनन् भन्ने देखिन आउँछ ।

यस अवस्थामा हाम्रा यी संशोधकहरूले आफूले निकालेका संशोधनपत्रहरूसँग अङ्ग्रेजीको उच्चतम शिक्षा पाई ठूलो भाग खाई अशुद्ध पुस्तक लेखी दुनियाँलाई मूर्ख बनाउन लागेका मनुष्यहरूका ग्रन्थको तुलना गरी *हाम्रो उद्देश्य र कार्यप्रणाली* (यो प्रकाशित हुन सकेको छैन ।)** वारंवार मनन गर्नुपर्छ भन्ने मेरो विचार छ ।

---

* *कौटलीय अर्थशास्त्र* ४।३।५५

[वि.सं. १९७९/८० मा लाहुरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित युलिअस योल्लि र रिखार्ड स्मिटको *कौटिलीयम् अर्थशास्त्रम्* १ भागको मूलको १२३ पृष्ठ ।] – सम्पादक

** नयराज पन्त परलोक भएको ४५ दिनमा अर्थात् वि.सं. २०५९ पौष ४ गते खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा उहाँको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपाठशालाको उद्देश्य र कार्यप्रणाली)* प्रकाशित भयो । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी प्रश्नका उत्तर चाहिएका छन्*

हस्तलिखित *पूर्णिमा*को सातौँ अङ्कका लागि त्यसका सम्पादक गौतमवज्रले मसँग लेख मागे। छैटौँ अङ्कका लागि पनि उनले मसँग लेख मागेका थिए। त्यसको लागि पनि मैले लेख लेख्न सकेको थिइनँ। त्यसको कारण – मेरो केही समय नित्यको स्वाध्यायमा बित्दछ, पृथ्वीनारायणको उपदेशको प्रकाशनको काममा केही समय बित्दछ, केही समय पञ्चाङ्गको काममा बित्दछ। यसैले आजभोलि विश्रामपूर्वक नयाँ कुरो विचार गर्ने फुर्सत मलाई छैन । यस कारण नयाँ लेख मबाट पाउन गाह्रो छ। केही वर्षअगाडि मेरो विचारअनुसार धनवज्रले तयार गरेको एउटा लेख छैटौँ अङ्कमा पार्ने सल्लाह धनवज्रले गौतमवज्रलाई दिएछन् र छैटौँ अङ्कमा लेख लेख्ने कामबाट मैले छुटकारा पाएँ। सातौँ अङ्कका लागि अब के गर्ने भन्ने विचार मलाई उठ्यो।

लेख लेख्ने विषय कम भएका होइनन्। तिनमा अलिकति चञ्चुप्रवेश मेरो नभएको पनि होइन। तर तिनलाई प्रामाणिक बनाउन चाहिने अध्ययन तथा साधनको कमीले मलाई अहिले नयाँ लेख लेख्न गाह्रो परेको छ। जस्तै हनूमान्‌का विषयमा मैले लेख लेखेँ, त्यसै गरी गणेश भैरव आदि देवताहरूका विषयमा पनि लेख लेख्नुपरेको छ। कान्तिपुर शहरमा यतिका बहाल छन्। यी कहिले कसरी बने भन्ने कुरामा पनि लेख लेख्नुपर्ने भएको छ। नेवारी भाषाको विषयमा अलिकता काम गौतमवज्रले गरेका छन्। यसै गरी नेपालका अरू भाषाहरूका विषयमा पनि लेख लेख्नुपरेको छ। कर्णालीप्रदेशको अलिकता इतिहास धनवज्रले लेखेका छन्। यसै गरी नेपालको सम्पूर्ण प्रदेशको इतिहास लेख्नुपरेको छ। यिनै कामको लागि मैले यी विद्यार्थीहरूलाई बटुली संशोधन-मण्डल बनाउन लागेको हुँ । यसो गरी मैले विद्यार्थीहरूलाई वर्तमान शिक्षितहरूले पाउने सुविधादेखि पर हटाएर उनीहरूको भविष्य अन्धकार पारिदिएँ भन्ने अपवाद मलाई मानिसहरूले नलाएका होइनन्। संशोधन-मण्डलले माथिका प्रश्नहरूको उत्तर दिन सक्यो भने ती अपवाद केही कालपछि आफैँ हट्नेछन्। होइन भने हाम्रो देशमा वर्तमान शिक्षाले केही परिवारको सुखमय जीवन बनाउन सके तापनि नेपाल राष्ट्रको जीवनलाई परमुखापेक्षी बन्नाबाट हटाउन सक्तैन भन्ने मेरो विचार छ। यस विचारलाई म छोड्न सक्तिनँ। यस कारण मेरो अगाडि प्रश्न धेरै छन्, तिनको उत्तर तयार छैनन् भन्ने भावले मैले यो लेख लेखेको हुँ।

---

* वि.सं. २०२० माघमा तयार पारिएको, हस्तलिखित *पूर्णिमा*को ७ अङ्कको लागि लेखिएको। गौतमवज्र वज्राचार्यको हस्ताक्षरमा। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पर्ण (पान)*

'पत्रं पलाशं छदनं दलं पर्णं छदः पुमान्' यी हुन् पातका सामान्य नाम । दुइ संयुक्त हल् छन् भने तिनमा एउटाको लोप भई अगिल्तिरको अच् दीर्घ हुने पनि संस्कृतबाट नेपालीमा आएका शब्दमा सामान्य नियम हो । जस्तै सप्त = सात, हस्त = हात, मूत्र = मूत, इत्यादि । यसै हिसावले पत्रबाट पात तथा पर्णबाट पान बनेको स्पष्टै देखिन्छ । तर पत्रको सन्तान पातले आफ्नो पुर्खाको अर्थ थामेकै छ, तर पर्णको सन्तान पानले भने आफ्नो पुर्खाको चारैतिर फैलिएको अर्थमध्ये एउटा कुनामा मात्र अलमलिएको अर्थ लिई मूलहर बन्न कबूलेको देखिन्छ ।

२००३।१।१३

चातुरर्थिक प्रत्यय*

तदस्मिन्नस्तीति देशे तन्नाम्नि	४।२।६७
तेन निर्वृत्तम्	४।२।६८
तस्य निवासः	४।२।६९
अदूरभवश्च	४।२।७०

बाँसको बारी भएको गाउँ बासबारी (गाउँ)

(श्री३) जुद्धले बसाएको सडक जुद्धसडक

खँड्काहरूको बास भएको गाउँ खँड्कागाउँ = डिल्लीसिङको बास भएको बजार डिल्लीबजार (बागबजार)

मच्छिन्द्रबहालको नजीकैको टोल मच्छिन्द्रबहालटोल (रानीपोखरीपाठशाला)

यिनै हुन् चातुरर्थिक प्रत्यय ।

त्यहाँ कुनै कुरा विशेष हुनाले, कुनै प्रतिष्ठित मानिसले त्यो बसाइएको हुनाले, त्यहाँ कुनै जात वा मानिस मुख्य गरी बस्नाले, कुनै प्रसिद्ध ठाउँको त्यो नजीकै पर्नाले समेत त्यो ठाउँ त्यही (कुनै शब्दबोध्य) पदार्थबाट प्रसिद्ध हुन्छ, यही कुरा आचार्य पाणिनिले देखेथे, यही कुरा हामी पनि देख्तैछौं । परन्तु केही कालमा त्यस गाउँमा बासको घारी नभए पनि त्यो गाउँ रूढिले बासबारी भइरहन्छ, डिल्लीसिङको घर अहिले नभएको ठाउँ पनि डिल्लीबजार बनी नै रहेको छ । यसै कारण आचार्य पाणिनि यहाँ यौगिकभन्दा रूढि अर्थमा नै ढल्केका छन् ।

---

* रचयिताकै हस्ताक्षरमा, खेस्रा । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तदशिष्यं संज्ञाप्रमाणत्वात् १।२।५३

लुब्योगाप्रख्यानात् .. १।२।५४

योगप्रमाणे च तदभावेऽदर्शनं स्यात् १।२।५५

२००३।१।१३

साप्तपदीनं सख्यम् ५।२।२२*

मानिसलाई बाटामा एकलै हिड्दा जति थकाइ लाग्दछ, अरूसँग गफ गरेर हिड्दा त्यति थकाइ लाग्दैन। बाटामा हिड्दा सबभन्दा बढ्ता बोझ खुट्टालाई पर्दछ, तथा मन सबभन्दा फुक्का रहन्छ। नयाँ नयाँ वरिपरिको दृश्य देखेर लोभिने कवि तथा गम्भीर गम्भीर विचार मनमा खेलाइरहने दार्शनिकबाहेक अरू मानिसहरूको मन बाटो हिड्दा धेरैजसो यताउति नाचीरहेको हुन्छ। यसैले बटुवा आफू जान लागेकै दिशातिर जान लागेको अर्को बटुवालाई देख्ता त्यस बटुवातिर नै प्रायः तानिन्छ। दुवै बटुवाको एकै किसिमको मनको अवस्था हुनाले तिनीहरू केहीनकेही कुरा गरी मित्रतातिर लहसिन्छन्। वास्तव मित्रताको कारण त अर्थ्य परिस्थिति नै हुन्छ, तर यी बटुवाको मित्रतामा अर्थ्य परिस्थिति नभई बाटो काट्ने विचार नै रहेको हुनाले जति चाड़ै यी बटुवाको मित्रता हुन्छ त्यति चाड़ो मित्रता कुनै पनि अरू परिस्थितिमा हुनु संभव होइन।

मानिसहरूमा छोट्ट्याउँदा ज्यादै छोट्ट्याउने तथा लम्म्याउँदा लम्म्याउँने स्वभाव छ। केही दिन लाग्ने काम गर्नुपरेमा चाड़ै सिद्धयाउने विचार भएको मानिस चारै दिनको काम त हो नि भन्दछ, लम्म्याउने विचार भएको मानिस त्यसैलाई ओहो बाह्र वर्षको काम भन्दछ। त्यसैले बटुवाहरूको मित्रता ज्यादै चाड़ै हुने हुनाले सातै पाइलामा मित्रता हुन्छ भन्नु मनुष्यस्वभावको अनुकूल कुरा हो। यसैले आचार्य पाणिनि भन्दछन् 'साप्तपदीनं सख्यम्'।

२००३।१।१४।६

संख्याया गुणस्य निमाने मयट् ५।२।४७**

मानिसहरूलाई खान लाउन नभई नहुने कुरा हुन्। लाउन एउटै लुगा भए तापनि वर्ष डेढ़ वर्ष अझ दुइ चार, दश बाह्र वर्ष पनि बिताउन शकिन्छ, तर खाने कुरा बेहान बेलुका त्यति नभए पनि दिनका दिन त

* रचयिताकै हस्ताक्षरमा, खेस्रा। – सम्पादक

** वि.सं. २००३ मा लेखिएको। रचयिताकै हस्ताक्षरमा, खेस्रा। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नभई हुँदैन । यसैले लाउने कुराको भन्दा खाने कुराको बढ्ता दरकार पर्दछ । खाने कुरामा दुइ कुरा मुख्य छन्- खेती गरी उब्जाएको तथा गोठ राखी तयार गरेको । मानिसलाई यही खेती र गोठले जियाएको छ । खेती पनि धान गहुँ जौ कोदो मकै इत्यादि धेरै कुराको हुन्छ, गोठमा पनि गाई, भैसी, भेडा, बाखा इत्यादि धेरै कुरा हुन्छन् । हुन त खेतीवालले पनि कतै कतै दुइचारवटा वस्तुभाउ पालेको देखिन्छ, तैपनि खेती र गोठ राख्नु भिन्नाभिन्नै कुरा हुन् । यसैले खेतीवाललाई गोठका वस्तुको तथा गोठालालाई खेतीका वस्तुको आवश्यकता परीरहन्छ । व्यापारतिर नलहसिएका खेतीवाल र गोठालाहरू आफूसआफूसमा साटासाट गरी निर्वाह गर्दछन् । एक ठेकी मोही दियो २ मूठी जौ लियो यसरी व्यवहार चलाउने चलन अझ कतै कतै छँदैछ, आचार्य पाणिनिको समयमा पनि यो चलन थियो । यसैले हामीलाई **'सङ्ख्याया गुणस्य निमाने मयट्'** पाणिनि पढाउँछन् ।

शालीनकौपीने अधृष्टाकार्ययोः ५।२।२०*

घरमा बसेर काम गर्ने मानिसलाई भन्दा बाहिर घुमेर काम गर्ने मानिसलाई धेरै मानिसको सङ्गत गर्नुपर्दछ । जति धेरै मानिसको सङ्गत भयो उति नै सङ्कोच हट्तै जाने गर्दछ । यसैले घरमा बस्ने सङ्कोचशील तथा घुमन्ते मानिस ढीटो हुन्छ । यसैले आचार्य पाणिनि भन्दछन् अधृष्टम् शालीनम् ।

खराब काम गर्दा अरूले के भन्लान् भन्ने मानिसको मनमा सहजै उठ्तछ । यसैले आफूले गरेको खराब काम अरूले थाहा नपाऊन् भनी मानिस कोशिस गर्दछ । केही गरी आफ्नो खराब काम अरूले थाहा पाएमा आफ्नो मुख देखाउन नपरोस् भन्नेतिर मानिस लहसिन्छ । यही कुराले कति कुकर्मीहरू आखिरमा आत्महत्यातिर पनि लहसिन्छन् । आत्महत्या गरेपछि पनि आफ्नो अन्त्यं कसैले नपाऊन् भन्नेतिर मानिसको रुचि देखिन्छ । यसैले एकलासका गहिरा इनारहरू यी कुकर्मीहरूका लागि चाहिने कुरा हुन्छन् । यसैले आचार्य पाणिनि भन्दछन् अकार्यं कौपीनम् ।

शीतोष्णाभ्यां कारिणि ५।२।७२*

कुनै मानिसले खूप जोरसँग काम गरिरहेकामा, त्यसले बीचैमा काम छोड्दै गएमा 'लौ फलानो त ठण्डा हुँदै गएछ' भन्ने अझ काम चटक्कै छाडेमा 'फलानो त ठण्डाराम भइसकेछ' भन्ने चलन छ । अर्थात् मानिसमा जागर घट्नु अर्थात् अल्छी बन्नुका पर्याय चीसो हुनु हामीहरूले संझेका छौं । यही कुरा आचार्य पाणिनिको समयमा पनि थियो । यसैले आचार्य पाणिनि भन्दछन् शीतकः = अलसः ।

* वि.सं. २००३ मा लेखिएको । रचयिताकै हस्ताक्षरमा, खेस्रा । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रुते*

कति मतानि बभुर्जगतीतले कति च विस्मृतिमेव पुनर्ययुः ।
तव तु वृद्धतमेऽपि गुरो श्रुते विजयते निनदो हि चिरन्तनः ॥

कति कथास्तव भावमदर्शयन् कति बुधास्तव तत्त्वमचिन्तयन् ।
विविधयापि दृशा परिपश्यतां न विदुषां विमुखत्वमभूत् त्वयि ॥

कति बभुर्ऋषयः कुशिकादयः कति च दार्शनिकाः सुगतादयः ।
तव कथाः परिपीय वचोऽमृतं विदधिरे खलु ते जनरञ्जनम् ॥

यदि च भारतवर्षपुरास्थितिं यदि च मानवजातिचिरस्थितिम् ।
लषति कोपि जनः परिशीलितुं स शरणं पदमेति तवादिमम् ॥

[पाणिने]**

भोः पाणिने तव कृतिं प्रविलोकयन्तः के स्युर्न मुग्धहृदया मतिशक्तिभाजः ।
वैदुष्यमाकलयितुं यतमानचित्ताः पूर्वं त्वदीयपदमेव समाश्रयन्ति ॥ १ ॥

राज्यानि तानि कतिचित् स्थितिमाप्य भूयो नाशं ययुर्बुधगणाः कति ते व्यतीयुः ।
काव्यानि तानि कति वा रचितानि धीरैर्लीनानि वा कति च कालगतेः प्रभावात् ॥ २॥

एका त्वदीयकृतिरेव निजं स्वरूपं धत्ते मनस्सु सुधियां नियतं यथावत् ।
कालाश्रया मलिनता च कृतिं त्वदीयां वैगुण्यमागमयितुं प्रभुता न याता ॥ ३ ॥

बालोऽपि मुग्धहृदयोऽपि पदं त्वदीयं धत्ते यथा स्वमनसाऽनवधानपूर्वम् ।
धीरः प्रबुद्धहृदयोऽपि तथावधाय धत्ते त्वदीयपदवाक्यचयं चिराय ॥ ४ ॥

२००८।४।७।१

---

* धनवज्र वज्राचार्यको हस्ताक्षरमा । – सम्पादक

** रचयिताकै हस्ताक्षरमा, खेस्रा । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किं लभेय*

गेहं गेहमनुप्रविश्य नियतां स्वां दीनतां दर्शयन्
स्मारं स्मारमभीप्सनीयविभवान् स्वं मानसं ग्लाययन् ।
कारं कारमनर्थकं प्रलपितं जाडचं समुन्मीलयन्
आयुः स्वं क्षपयंल्लभेय किमु तां तेजस्वितां स्थैर्यदाम् ॥

दयालुः कथं मौनं भजेत*

आचारे बोधहेतौ भुवनधृतिविधौ जीवनाशं प्रनष्टे
मन्दोन्मादप्रकारे विविधपथजुषां व्यश्नुवाने प्रचारे ।
क्षीणे कर्तव्यमार्गे स्खलनमुपगतान् भक्तिभाजो मनुष्यान्
दर्शं दर्शं दयालुः श्रयतु कथमहो मौनमेकान्तसेव्यम् ॥

श्वसितमपि मदीयं भावना सा विधत्ते**

मम मनसि विचित्रा भावना दीर्घरूपा विहितवसतयो मां सर्वदा नर्तयन्ति[1] ।
परमिह परतत्त्वं भारतीयं विचिन्वन् हतगतिरपि शश्वन्नो निराशत्वमेमि ॥ १ ॥
नहि भवति सुविद्यामन्तरेण व्यवस्था जगति हितविधात्रीत्येव चिन्ता मदीया ।
धृतसुदृढसहायं सर्वदा मां विधत्ते धनिजनमुखवीक्षायाश्च दूरीकरोति ॥ २ ॥
मम मनसि धृतेयं भावना सत्यरूपा किमुत वितथरूपा स्याज्जनानां विवेकात् ।
तदपि मम तु हेतोः सत्यरूपैव साऽस्ते श्वसितमपि मदीयं भावना सा विधत्ते ॥ ३ ॥

२००८।१।१५।७

* धनवज्र वज्राचार्यको हस्ताक्षरमा । – सम्पादक

** रचयिताकै हस्ताक्षरमा, खेस्रा साफी । – सम्पादक

१. न पादम्याङ्माङ्यसपरिमुहरुचिनृतिवदवसः १।३।८९ (पाणिनिः) इति तङ् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीना भारतीया विद्वांसः*

आलस्यं विदुषो यदा प्रकुरुते[1] लोभस्तदोत्तिष्ठते लोभान्मत्सर एति दृश्यपदवीं मोहस्तदोज्जृम्भते ।
मुग्धे लोभपरायणे बुधजने धूर्तो हि नेत्रीयते[2] धूर्ते पश्यति लौकिकीं व्यवहृतिं को नाम साधूयते ॥१॥

एवं धूर्तसमुन्नतिर्हि विदुषामालस्यतः संभवेदालस्यं नरि रिक्थभाजि सुलभं स्थानं तथा विन्दते ।
तस्माल्लोकहितोद्यतैकमनसस्ते भारतीया बुधा यात्रामात्रकृते धनस्य विदुषः सङ्ग्राहचतां मेनिरे[3] ॥२॥

भविष्यन्ती नेपालदशा**

राणारुणस्य महसा परिभूयमाना
लीना विभिन्नमतजातिभराजयस्ताः ।
तस्मिन् समाश्रयति पश्चिमशैलशृङ्गं
भूयः पुरा कृतपदाः परितो विभान्ति[4] ॥१॥

२००७।८।२९

---

* रचयिताकै हस्ताक्षरमा, खेस्रा साफी । – सम्पादक

१. गन्धनावक्षेपणसेवनसाहसिक्यप्रतियत्नप्रकथनोपयोगेषु कृञः १।३।३२ पाणिनिः । अवक्षेपणे (भर्त्सने) तङ् ।

२. नेता इव आचरति । रीङ् ऋतः ७।४।२७ पाणिनिः ।

३. यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः ।
अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम् ॥

मनुस्मृतौ ४।३

** रचयिताकै हस्ताक्षरमा, साफी । – सम्पादक

४. पुरायोगे निश्चयार्थे भविष्यदर्थे लट् । यावत्पुरानिपातयोर्लट् ३।३।४ (पाणिनिः) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेतृब्रुवाः किमिव लोकहितं विदध्युः*

पाश्चात्यसत्त्रि[१]विबुधैर्निजराज्यदाढर्चहेतोर्निदर्शितचरान् कुटिलान् हि तर्कान् ।
निःशङ्कितेन मनसाऽनुदिनं श्रयन्तो नेतृब्रुवाः किमिव लोकहितं विदध्युः ॥१॥

स्वं देशमेव सकलं न दिदृक्षमाणाः स्वां पद्धतिं च विशदं न बुभुत्समानाः ।
स्वैरं विलाससुभगान् दिवसाँल् लषन्तो नेतृब्रुवाः किमिव लोकहितं विदध्युः ॥२॥

देशोद्धृतौ प्रलपनं बहुधा चरन्तः सामान्यकार्यमपि कर्तुमशक्नुवन्तः ।
बाह्यं च कञ्चन गुरुत्वदृशा श्रयन्तो नेतृब्रुवाः किमिव लोकहितं विदध्युः ॥३॥

स्वैः कृत्रिमैः प्रवचनैर्मनुजान् विमोह्य किञ्चित् पदं वशगतं प्रविधातुकामाः ।
स्वां संविदं च परिपूरयितुं न शक्ता नेतृब्रुवाः किमिव लोकहितं विदध्युः ॥४॥

विद्याधुना सांशयिकान् प्रसूते**

आचारनाशान् मतिजं स्थिरत्वं शनैः शनैर्मर्त्यमनो जहाति ।
बुद्धौ श्रितायां चपलत्वमेव क्रिया न काचित् सफलत्वमेति ॥१॥

अस्यैव तत्त्वस्य लयेन दुःखं जनान् स्वकान् कर्तुमहो प्रवृत्तम् ।
भूयोभिरब्दैः समुपासिताऽपि विद्याधुना सांशयिकान् प्रसूते ॥२॥

---

* रचयिताकै हस्ताक्षरमा, साफी । – सम्पादक

** रचयिताकै हस्ताक्षरमा, खेस्रा । – सम्पादक

१. ये चाप्यसम्बन्धिनोऽवश्यभर्तव्यास्ते लक्षणमङ्गविद्यां जम्भकविद्यां मायागतमाश्रमधर्मं निमित्तमन्तरचक्रमित्यधीयानाः सत्त्रिणः (१।१२।१ गूढपुरुषप्रणिधौ) कौटल्यः ।

देशग्रामजातिसङ्घमुख्येषु चाभीक्ष्णं सत्त्रिणः परस्यापचारं दर्शयेयुः (१३।५।१२ लब्धप्रशमने) कौटल्यः ।

महाभाग्यं भक्तिं च तेषु स्वामिनः स्वामिसत्कारं च विद्यमानम् (१३।५।१३ लब्धप्रशमने) कौटल्यः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थः*

लोकेऽर्थेन विना न कश्चन जनः किञ्चिद् विधातुं प्रभु-
र्रथेनैव हि लोकपद्धतिरियं यात्रां चिराल्लम्बते ।
एवं साधनतामुपेत्य महितं द्रव्यं जनाः केचन
साध्यत्वेन नियुज्य लोकमखिलं क्रन्दन्तमातन्वते ॥

वर्णव्यवस्था*

प्रचुरं धनमेव चिन्वतां करणं साध्यतया जिघृक्षताम् ।
बहुतैव करोति भूतलं विषमैर्दुर्धरकण्टकैश्चितम् ॥१॥

अत एव जगद्व्यवस्थितेः सुचिरायैव हितं विधित्सवः ।
विदधुर्भुवि वर्णपद्धतिं प्रतना भारतजा महर्षयः ॥२॥

न जनः क्षुधितः क्वचिद् भवेत् सकलोऽभीष्टमभीप्सतु श्रमात् ।
समयाकरणेन[1] राजतामधिकर्द्धिर्न च वात्र कश्चन ॥३॥

इयमेव हि वर्णपद्धते रुचिरा गूढकथा विराजते ।
इयमेव च पद्धतिश्चिरात् प्रतनां दिव्यकथां च रक्षति ॥४॥

विद्या विलीयते*

पाश्चात्त्यसंस्कृतिवशात् तनिमानमायन् सर्वेऽपि भारतभवा विषयाः पुराणाः ।
सा भारती विविधतत्त्वनिदर्शिकाप्यैज् जीवातुतां किल प्रतिग्रहकामुकानाम् ॥१॥

---

* रचयिताकै हस्ताक्षरमा, साफी । – सम्पादक

१. **समयाच्च यापनायाम्** ५।४।६० (पाणिनिः) । कालक्षेपणेन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एवं प्रनष्टधिषणेषु बुधव्रजेषु दासत्वमेव सकलैः करणैः श्रितेषु ।
लोकस्थितिं हितकरीं प्रतनां चिराय संरक्षितुं जगति कोऽपि न चेष्टते स्म ॥२॥

प्राचीनपद्धतिरथो शनकैर्विनाशं प्राप्नोन्न नूतनकृतिश्च दृढप्रतिष्ठाम् ।
प्रायाद्विपर्ययमसेवत लोकयात्रा दीनाः प्रजाः प्रतिदिनं क्षयमाश्रयन्ते ॥३॥

पल्लवग्राहि पाण्डित्यम्*

सामान्यलौकिककथारतमानसस्य पुंसो न सूक्ष्मविषये क्रमते[1] मनीषा ।
स्वस्या मतेरविषयं गहनं पदार्थमालम्व्य सोऽपि मनुजः समयाकरोति ॥१॥

भूयस्सु तत्त्वविषयेषु कृतप्लुतिः स व्याख्यँश्च शास्त्रनिवहं वचनैः क्षणेन ।
श्रद्धानुबद्धहृदयान् निजपादभाजः श्रोतॄन् जडान् जडतरान् स्वधिया विधत्ते ॥२॥

भैक्ष[2]चरणस्य विनाशादुपगतं फलम्*

आढ्यात्कस्माच्चन धनचयं क्षेत्रगेहे च लब्ध्वा
तैस्तैर्द्रव्यैः सुखविहृतये नामभेदं विधाय ।
दासान् छिष्यानिति हि लपतां धार्मिकम्मन्यवाच-
मत्युत्कर्षान्मठविहृतिजोऽध्यात्मवादः ससार ॥१॥

---

* रचयिताकै हस्ताक्षरमा, साफी । – सम्पादक

१. **वृत्तिसर्गतायनेषु क्रमः** १।३।३८ (पाणिनिः) इति वृत्तौ (अप्रतिवन्धे) तङ् ।

२. **भैक्षेण वर्तयेन्नित्यं नैकान्नादी भवेद्व्रती ।**
भैक्षेण व्रतिनो वृत्तिरुपवाससमा स्मृता ॥
मनुस्मृतौ २।१८८

भैक्षेण भिक्षासमूहेन (**भिक्षादिभ्योऽण्** ४।२।३८ पाणिनिः) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेषामेव प्रभवति बले तासु विद्यासु घोरा
मोहाकाराः स्थितिमुपययुस्ते च ते च प्रहाराः ।
योगो लीनो ग्रहगतिकथा शल्यविद्या च लीना
वार्ताशिल्पे क्षयमुपगते अर्थशास्त्रं च लीनम् ॥२॥

किं न कुर्याज्जनोऽयम्*

चाञ्चल्याल्लौकिकानां प्रलयमुपगते लोकसेतौ पुराणे
दाढर्याभावाद् बुधानां स्थितिमनधिगते वस्तुवृत्ते च तत्त्वे ।
कार्याकार्यप्रमेये ह्रसति बलवता पीडिते दीनवर्गे
मोहप्रायैकचेष्टश्चपलतरमनाः किं न कुर्याज्जनोऽयम् ॥

* रचयिताकै हस्ताक्षरमा, खेस्रा साफी । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्धसिल्लीको गन्थन*

लामा चिन्ताविषयहरु नै भाग मेरा परेछन्
आफन्तै भैँ प्रतिपल यिनै सामु नाचीरहन्छन् ।
हाँसो ठट्टा रसिकपन ता सौतिने पो रहेछन्
सर्दै सर्दै नत किन सधैँ ती सबै दूर पुग्छन् ॥१॥

लामा चिन्ता छिन छिन त्यसै भित्रदेखिन् उठेर
उम्ली उम्ली हृदयतहमा पार्दछन् अन्धकार ।
लामो लामो सफरतिर यो चित्त दौडीरहन्छ
त्यै टाढाको सुख र सपना सम्भँदै कल्पिँदो छ ॥२॥

सामुन्नेका विषयहरुमा भित्र छोडेर वास्ता
ती यस्ता हून्, यति हुन गए ती हुनन् हाय कस्ता ।
भन्दा भन्दै अलि अलि गरी जिन्दगी बित्न आँट्यो
चौरासीको भुँमरि छ भने फेरि त्यो आइहाल्यो ॥३॥

ज्यादै रूखो अतिशय हठी मूर्ख वा अर्धसिल्ली
भन्दै गर्छन् जनहरु निकै भित्र मेरो त गिल्ली ।
जे हो यै हो रसिक जनहो यै अवस्था छ मेरो
यो खुट्टचाऊ अलिकति गडी श्रेय वा प्रेय के हो ॥४॥

२००१।१२।१८।७

---

* रचयिताकै हस्ताक्षरमा, खेस्रा । त्यस खेस्रामा शङ्करमान राजवंशीको हस्ताक्षरमा संशोधन । ज्ञानमणि नेपालको हस्ताक्षरमा, साफी । ज्ञानमणि नेपालको हस्ताक्षर भएको प्रतिमा शीर्षकभन्दा माथि यस्तो लेखिएको छ –

काठमाडौँको संस्कृतच्छात्रावासको छात्रपुस्तकनिकेतनद्वारा आयोजित २०११।५।३ मा हुने काव्यसभामा सुनाउनाको लागि –

निम्तो स्वीकार गरी जानेसम्मको लेखी पठाएको छु ।
अर्को नियत काममा व्यस्त रहेको म सभामा उपस्थित हुन असमर्थ छु । यसमा क्षमा रहोस् । यो लेख सुनाइयोस्, प्रकाशित पनि होओस्, प्रतिद्वन्द्वितामा नराखियोस् । **– सम्पादक**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[बन्लान् सुन्दर पाठ्यपुस्तकहरू]*

मैले जीवनमा अरू विषयमा आस्वाद छोडीकन
विद्याकै रसमा भुलेर रसिलो काटैं जवानीकन ।
राम्रो चित्त दिई परिश्रम गरी पढ्दा सधैँ पुस्तक
केही तत्त्व फुरे सरी हृदयमा कैले कहीँ लाग्दछ ॥

फुर्दा तत्त्वविचार भित्र मनमा आनन्दका भावना
उर्लन्छन् सबतर्फबाट, अधिका हट्छन् सबै वेदना ।
मेरो मात्र नभै अनेक जनको साझा बनोस् सौख्य यो
भन्ने भाव लिई गुनी हृदयले हे विज्ञहो लेख्छु यो ॥**

२०१४।१०।१५।३

मैले खूप कडा परिश्रम गरी वर्षौं लगाईकन
जानेका दुइ चार यी विषयमै घुम्दो छ मेरो मन ।
यो बेठीक रहेछ यो त्रुटि भयो, बाटो यहाँ बिग्रियो,
भन्दै कोविदले परीक्षण गरी शुद्धयाउनन् तर्क यो ॥
त्यो वेला यसतर्फ धेर बुधले दौडाउनन् लेखनी
बन्लान् सुन्दर पाठ्यपुस्तकहरू सच्चा कुराका धनी ।
भन्ने आश लिएर चिन्तन गरी एकान्तमा बस्तछु
धेरैका ननिका कुराहरु सही बाँचीरहेको म छु ॥***

२०१४।१०।१६।४

---

* रामजी तेवारीको हस्ताक्षरमा । — सम्पादक

** वि.सं. २०५० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्तको *विश्रान्ति*को १८७ पृष्ठमा पहिलो पद्यका माथिल्ला दुइ पाउ र दोस्रो पद्यका तल्ला दुइ पाउ सिङ्गो पद्य भएर छापिएको । — सम्पादक

*** वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको नयराज पन्तको *उपोद्घात*को ५० पृष्ठमा यस पद्यको पछिल्लो पाउ त्यहाँको पछिल्लो पद्यको पछिल्लो पाउ भएर बसेको छ । — सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भीमनिधिविषयक पद्य*

[भीमनिधि तिवारी

जन्म-वि.सं. १९६८ फाल्गुनमासान्त

मृत्यु- वि.सं. २०३० ज्येष्ठ १९ गते शुक्रवार दिनको १।१० बजे

९१ सालदेखि लेख प्रकाश गर्न शुरू

१५ नाटक, १० कथासङ्ग्रह, ९ काव्य कविताको कृति, १ प्रबन्धसङ्ग्रह, १ गजलसङ्ग्रह, १ भजनसङ्ग्रह, १ उपन्यास, जम्मा ४२ ग्रन्थ

दुइ छोरा, दुइ छोरी

(वि.सं. २०३० ज्येष्ठ २० गतेको गोरखापत्र)]

विविध रस लिएर काव्य रच्थ्यौ, रसिकहरूकन मुग्ध पारिदिन्थ्यौ ।
नवनव कविताहरू रचेर कविवर काव्य गर्‍यौ निकै प्रचार ॥ १ ॥

प्रतिदिन सहजै बगीरहेका विविधसमाजविचारसारधारा ।
जतनसँग गढी गर्‍यौ सँगालो, कविवर ल्यौ प्रणत प्रणाम हाम्रो ॥ २ ॥

निजपरिणयकी वधू रुवायौ, नवगृहिणीसुखमा तिमी रमायौ ।
तर वरजनलाइ साधुशिक्षा दिन भनी काव्य रच्यौ गरी समीक्षा ॥ ३ ॥

छलकपट गरी अरूहरूका श्रमजलले निजकीर्तिका पताका ।
विविध रङ दिई सिँगार्न खोज्थ्यौ, कविवर लोक यही अमर्त्य ठान्थ्यौ ॥ ४ ॥

तिम्रो काव्यविचारका कुसुमले नेपाल यो वाटिका
राम्रो वासित भैरहोस्, दिनदिनै फक्रोस् फुलोस् सर्वदा ।
तिम्रो स्वर्गविषे सुखस्थिति रहोस्, तिम्रा यहाँका जन
पाऊन् शान्ति भनेर ईशसँगमा गर्दो छु यो प्रार्थन ॥ ५ ॥

२०३०।२।२०१७

– सम्पादक

* रचयिताले बोली दित्तेशराज पन्तलाई टिपाएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्ल र प्रतापसिंह शाह*

मेरो जन्म कान्तिपुर शहरमा भएको हो । मैले आफ्नो इतिहासको अध्ययनको मूल आधार तात्कालिक लेखहरूलाई मानेको छु । कान्तिपुर शहरमा बसी प्रामाणिक इतिहास पढ्न खोज्ने मेरो आँखाको अगाडि प्रताप मल्लका अभिलेखहरू देखा पर्नु बिलकुल स्वाभाविक थियो । यस कारण कान्तिपुर राज्यभित्र छरिएर रहेका प्रताप मल्लका अभिलेखहरू मेरो इतिहासको पढाइको पहिलो खुड्किलो बन्न गएको थियो ।

हर्ताकर्ता बनेका मन्त्री (उपराज)की छोरीपट्टिकी नातिनी ८ वर्षकी कन्या राजल्लदेवीसँग बाहिरबाट ल्याइएका क्षत्रिय कुमार स्थिति मल्लको वि.सं. १४११ मा विवाह भयो । यही विवाहको नाताले स्थिति मल्लले भिक्षुपादप्रसारन्याय[१] ले अधिकार हात लाउँदै उनी श्री ३ जङ्गबहादुर बने । जङ्गबहादुरले गरेकोभन्दा बढ्ता साहस गरी गद्दीनशीन राजा अर्जुन मल्ललाई थुनी आफू नेपालखाल्डाका सर्वाधिकारसम्पन्न राजा स्थिति मल्ल बने ।[२]

स्थिति मल्लका पनाति रत्न मल्लले वि.सं. १५४१ देखि कान्तिपुरमा आफ्नो खुट्टा जमाई भक्तपुर ललितपुरदेखि छुट्टिएको कान्तिपुरलाई आफ्नो स्वतन्त्र राज्य बनाए ।[३] डेढ शय वर्षजति ६, ७ राजाले यस शहरमा राज्य गरे । उनीहरूले आफ्ना शत्रु (भक्तपुर, ललितपुर र अरू छिमेकी राज्य)हरूसँग पनि आफ्नो अधिकाररक्षाको लागि षाड्गुण्य खेले, राजोचित ऐश्वर्यको भोग गरे । तर हामीहरूलाई अहिले विशेष काम लाग्ने गरेर उनीहरूले छोडिदिएको कुरा हामीलाई अहिलेसम्म थाहा हुन सकेको छैन ।

रत्न मल्लको ८ पुस्तामा जन्मेका राजा प्रताप मल्लले हामीहरूलाई विद्यासम्पत्ति छोडिदिएर गएका छन् । यस कारण विद्यामा जीवन बिताउने हामी जस्ता मनुष्यले प्रताप मल्लप्रति कृतज्ञ हुनैपर्छ ।

---

* वि.सं. २०२० असोजमा तयार पारिएको, हस्तलिखित *पूर्णिमा*को ३ अङ्कको लागि लेखिएको । महेशराज पन्तको हस्ताक्षरमा ।
– सम्पादक

१. बटुवाहरू टमाटम भएको पाटीमा बाहिरबाट आएको एउटा जोगीले रात काट्न बास पाऊँ भनी भन्दा त्यहाँ बसेका बटुवाहरूले ठाउँ छैन भनी जवाफ दिए । मलाई अलिकता ठाउँ भए पुग्छ, टुक्रुक्क बसी रात काट्छु भनी त्यो जोगीले भन्दा उसो भए बस त, तर सुत्ने ठाउँ त यहाँ छैन नि भनी दया गरी बटुवाहरूले त्यो जोगीलाई बास दिए । बटुवाहरू सुतिसकेपछि त्यो जोगीले बिस्तारैसँग खुट्टा पसारी ती बटुवाहरूलाई लात्तीले हानी सुत्ने काम गरेछ । यसरी बिस्तारै अधिकार जमाउने कामलाई भिक्षुपादप्रसारन्याय भन्छन् ।

२. *इतिहास-संशोधनको प्रमाण-प्रमेय**का ३२-३७ पृष्ठ हेर्नुहोस् ।

३. *इतिहास-संशोधनको प्रमाण-प्रमेय*का १३३-१४४ पृष्ठ हेर्नुहोस् ।

---

* वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को मूलभाग ।
– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कान्तिपुरका राजाहरूमा प्रताप मल्ल जति परिचित राजा मेरो लेखा अरू कुनै छैनन् । प्रतिदिन भने जस्तै उनलाई म सम्झिरहन्छु ।

प्रताप मल्लले आफूलाई **कवीन्द्र** (कविशिरोमणि) भनी लेखेका छन् । प्रताप मल्ल मात्र कवि नभई उनका छोरा पार्थिवेन्द्र मल्ल पनि कवि बनेका छन्। पार्थिवेन्द्रका अभिलेखमा उनलाई **कविराजराज** (कविशिरोमणिहरूका पनि शिरोमणि) भनी लेखिएको छ ।[४] प्रताप मल्लका नाति, पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्ल पनि

---

४. **श्रीपार्थिवेन्द्रप्रभुणा कृता स्तुतिरियं सदा ।**
शिवसेवकवक्त्राब्जे स्थिरा भवतु भक्तिभाक् ॥१०॥

इति श्री २ पार्थिवेन्द्रमल्लभूपनिर्मितं श्रीशंकरप्रामाणिकाष्टकं समाप्तम् ।

(*संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कमा घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित पार्थिवेन्द्रको पशुपतिमा रहेको वि.सं. १७३५ को अभिलेख*बाट ।)

[राजा श्रीपार्थिवेन्द्रले बनाउनुभएको भक्ति पाइने यो स्तोत्र शिवजीका भक्तहरूका मुखमा झुण्डिरहोस् ।

श्री २ राजा पार्थिवेन्द्र मल्लले बनाउनुभएको प्रमाणिका छन्दमा लेखिएको ८ श्लोक भएको शिवजीको स्तोत्र समाप्त भयो ।]

विद्यापतीन्द्रो नृपपार्थिवेन्द्रो नेपालराज्येश्वरचक्रवर्ती ।
चित्तं समाधाय पदे भवान्याः स्तोत्रं चकाराष्टकपद्यकेन ॥

इति श्रीशस्त्रशास्त्रसंगीतादियावद्विद्यापारगरसिकशिरोमणिसौन्दर्य्यतर्जितमनोजहनूमध्वजमहाराजाधिराजसमस्तराजचक्र-भव्यचूडामणिकविराजराजश्रीश्रीजयपार्थिवेन्द्रमल्लदेवविरचितं देव्याष्पञ्चचामराष्टकं सम्पूर्णम् ।

(पार्थिवेन्द्र मल्लको हनूमान्ढोका तलेजुचोकको वि.सं. १७३८ को स्तम्भलेख**बाट)

[विद्वच्छिरोमणि, नेपाली राजाहरूका चक्रवर्ती, राजा पार्थिवेन्द्रले देवी (तलेजु)को पाउमा चित्त लाईकन ८ श्लोक भएको स्तोत्र बनाउनुभयो ।

हतियार चलाउनु, शास्त्र पढ्नु, गाना गर्नु आदि सबै विद्यामा पारङ्गत भएका, रसिकशिरोमणि, राम्रो अनुहार भएको हुनाले कामदेवलाई तर्साएका, झण्डामा हनूमान् भएका, महाराजाधिराज, सबै राजाहरूमा श्रेष्ठ, चक्रवर्ती, कविराजराज (कविशिरोमणिहरूका पनि शिरोमणि) श्रीश्रीजय पार्थिवेन्द्र मल्लदेवले बनाउनुभएको पञ्चचामर छन्दमा लेखिएको देवी (तलेजु)को ८ श्लोक भएको स्तोत्र सम्पूर्ण भयो ।]

---

* वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा प्रकाशित, *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्का २२-२६ पृष्ठमा छापिएको घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माको *पार्थिवेन्द्र-मल्लस्याभिलेखः [वि.सं. १७३५]* (पार्थिवेन्द्र मल्लको अभिलेख (वि.सं. १७३५)) भन्ने निबन्ध । – सम्पादक

** वि.सं. २०३३ मा काठमाडौँबाट नेपाल र एशियाली अध्ययनसंस्थान त्रिभुवन-विश्वविद्यालयद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार*का २३५-२३९ पृष्ठमा ४४ सङ्ख्याको परिशिष्टको रूपमा यस स्तम्भलेखको सम्पूर्ण पाठ छापिएको छ । माथि दिइएको पाठ यस लेखको मूल प्रतिअनुसारको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कवि बनी **कवीन्द्रचूडामणिसम्राट्** (कविशिरोमणिहरूका शिरोमणिका पनि शिरोमणि) बनेका छन्।[५] काठमाडौँ गद्दीबैठकअगाडिको सबभन्दा अग्लो देवालयमा रहेको अभिलेख वि.सं. १७४६ को हो। त्यहाँ राजा भूपालेन्द्र मल्लले बनाएका कविता कुँदिएका छन्। त्यस वेला भूपालेन्द्र मल्ल १० वर्षका थिए।[६] १० वर्षका बालकले त्यस्ता कविता[७] बनाए होलान् भन्ने कल्पना गर्न अलि गाह्रो पर्छ।

---

५. **गिरिन्द्रराजराजेन्द्र श्रीश्रीकवीन्द्रचूडामणिसम्राट् श्री २ वीर भूपालेन्द्र ८२०**

(भूपालेन्द्र मल्लको ने.सं. ८२० [वि.सं. १७५७] को टकबाट, श्रीसत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा**को ८५ पृष्ठबाट।)

[पहाडिया महाराजाधिराजहरूका चक्रवर्ती, कविशिरोमणिहरूका शिरोमणिका पनि शिरोमणि श्री २ वीर भूपालेन्द्र। ने.सं. ८२० (वि.सं. १७५७)]।

६. *इतिहास-संशोधनको प्रमाण-प्रमेयका* २७५-२७६ पृष्ठ हेर्नुहोस्।

७. **युक्तं शुद्धासनमधिवसन् भूतशुद्धिं निजाङ्गे**
कुर्वन् प्राणानपिं विमलधीः स्थापयन् हृत्सरोजे।
देवं ध्यात्वा त्रिभुवनपतिं चित्तजातोपचारै-
रभ्यर्च्येशं बहिरपि तथा पूजये भक्तिभावात्॥ ९॥
पश्चात्स्तोत्रमिदं पठेत्त्रिभुवनाधीशस्य शम्भोः पदे
भक्त्या भावरसप्रसन्नहृदयो यो नित्यमित्थं जनः।
तुष्टस्तस्य महेश्वरो निजपदं वाञ्छार्थसिद्धिप्रदं
दास्यत्यस्य ततोऽधिको तु महिमा को वा पुनर्गीयते॥ १०॥

इति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नत-श्रीरघुवंशावताररविकुलतिलकहनुमध्वजनेपालेश्वरमहाराजाधिराजसकलराजचक्राधीश्वरश्रीश्रीजयभूपालेन्द्रमल्लपरमभट्टारक-कृतश्रीशिवभुजङ्गप्रयातस्तोत्रं सम्पूर्णम्॥

(काठमाडौँ गद्दीबैठकअगाडिको सबभन्दा अग्लो देवलको वि.सं. १७४६ को भूपालेन्द्र मल्लको अभिलेखबाट। यो अभिलेखको अलिकता भाग *इन्डियन् यान्टिक्वेरी***को ९ वर्षमा पं. भगवान्लाल इन्द्रजीद्वारा प्रकाश भएको छ।)

---

* वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा*।

– सम्पादक

** वि.सं. १९३७ मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व)को ९ भागमा छापिएको भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको *इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्* (नेपालका अभिलेख) भन्ने निबन्धमा (त्यस भागका १९१-१९२ पृष्ठमा) यस शिलापत्रको अत्यल्प भाग छापिएको छ। त्यसमा माथिको अंश परेको छैन। *हनूमान्ढोका राजदरबारका* २३९-२४३ पृष्ठमा ४६ सङ्ख्याको परिशिष्टको रूपमा यो अभिलेखको सम्पूर्ण पाठ छापिएको छ। माथि दिइएको पाठ यस लेखको मूल प्रतिअनुसारको छ।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्लका अभिलेखहरूमा कुँदिएका कविताको रचना गर्ने कवि उनी आफैँ छन् । उनको कविताको रचना गर्ने अरू कविको नाउँ अहिलेसम्म हामीलाई थाहा छैन । कान्तिपुरका त्यस बेलाका कुनै प्रसिद्ध कविको परिचय पनि हामीले पाउन सकेका छैनौँ । यही काम उनका छोरानातिले पनि गरेको देख्दा प्रताप मल्ल मगजचूस परम्पराका रहेछन् कि भन्ने शङ्का उठ्छ ।

प्रताप मल्लले सबैलाई कज्याई राज्य गरेका थिए । उनको पालामा कुनै मन्त्रीहरूको चकचकी भएको त के कुरा, मन्त्रीहरूको प्रसिद्धि पनि पाइँदैन । प्रताप मल्लको जन्म वि.सं. १६८० मा भएको हो ।[८] उनको

[चोखो आसनमा बसेर, आफ्नो जीउमा भूतशुद्धि गरेर, बुद्धि सफा पारेर, योगमार्गद्वारा प्राणलाई हृदयकमलमा राखी तीनै लोकका मालिक शिवजीलाई ध्यान गरेर मानस सामग्रीहरूले पूजा गरी बाहिरपट्टि पनि भक्तिभावपूर्वक शिवजीको पूजा गर्छु ॥ ९ ॥

तीनै लोकका मालिक शिवजीको पाउको भक्तिभावले मनलाई प्रसन्न राखी जो मानिस पछिबाट सधैँ यसरी यो स्तोत्र पाठ गर्छ, खुशी हुनुभएका शिवजीले त्यस मानिसलाई इच्छा लागेको कुरा पुग्ने आफ्नो पद दिनुहुनेछ । यस स्तोत्रको योभन्दा बढ्ता महिमा के भन्ने ? ॥ १० ॥

श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुस्रो हुनुभएका, श्रीमानेश्वरी इष्टदेवताबाट वरप्रसाद पाउनुभएका, उज्याला, ठूलो इज्जत हुनुभएका, नेपालका मालिक, महाराजाधिराज, सबै राजाहरूका चक्रवर्ती, ठूला गद्दीनशीन श्रीश्रीजयभूपालेन्द्र मल्लदेवले बनाउनुभएको भुजङ्गप्रयात छन्दमा लेखिएको शिवजीको स्तोत्र सम्पूर्ण भयो ।]

८.



१, शुभ ॥ सम्वत् ७४३ ज्येष्ठमासे शुक्लपक्षे ॥ अष्टमी प्र नवम्यान्तिथौ जात ॥ पूर्वफाल्गुणी प्र उत्रफाल्गुणीनक्षत्रे जातः ॥ अंगारवासरे ॥ तदा जात वेला – – – – – – – – – तदा तुङ्गसुभस्थितमेषलग्ने अस्याम्वेलायां कुलश्रीश्रीजयलक्ष्मीनर-सिंहमल्लदेवस्य द्वितीयपुत्रश्रीश्रीजयप्रतापमल्लनाम् जातः ॥ दीर्घमायुरस्तु शुभ ॥

(प्रताप मल्लको चिना*बाट । यो चिना नानी शङ्करमान राजवंशीले राजगुरु केसरिराज साहित्याचार्यकहाँबाट सारी ल्याएका हुन् ।)

[स्वस्ति ने.सं. ७४३ (वि.सं. १६८०) ज्येष्ठशुक्ल अष्टमीउप्रान्त नवमी पूर्वफाल्गुनीनक्षत्रउप्रान्त उत्तरफाल्गुनीनक्षत्र मङ्गलवार मेषलग्नमा उच्चमा शुभलग्न बसेको वेलामा श्रीश्रीजयलक्ष्मीनरसिंह मल्लदेवका माहिला छोरा श्रीश्रीप्रताप मल्ल जन्मनुभयो । उहाँको आयु लामो होओस् ।]

---

* वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्बाट प्रकाशित; रामजी तेवारी, भोलानाथ पौडेल, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* दोस्रो भागका २६-२७ पृष्ठमा यो चिना छापिएको छ । माथि दिइएको पाठ शङ्करमान राजवंशीले मूल पुस्तकबाट सारेअनुसारको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मृत्युचाहिँ वि.सं. १७३१ मा भएको हो ।[९] यस कारण प्रताप मल्ल राजगद्दीमा बस्दा १८ वर्षका र परलोक हुँदा ५१ वर्षका देखिन्छन् ।[१०]

प्रताप मल्लपछि उनका छोरा तथा नातिहरू धूर्त मन्त्रीका खेलमा परी अकर्मण्य बने अथवा मारिए ।[११] प्रताप मल्लको मृत्यु भएकै वर्षदेखि मन्त्री देवीदास (चिकुटी)को चकचकी सुनिन लाग्यो । तर विद्यामा चाहिँ प्रताप मल्लका छोरानातिले नै एकाधिकार गरी राखे । त्यस ताकाका कुनै विद्वान् वा कवि हाम्रो अगाडि गतिलो लेख लिई उभिन आएको अहिलेसम्म पाउन सकिएको छैन ।

प्रताप मल्लका कवितामा म यस्तो राम्रो छु, मलाई देखेर सहरिया आइमाईहरू मलाई कामदेव सम्झी मुग्ध

यस दिनको गणना यस प्रकारको छ –

ने.सं. ७४३ (वि.सं. १६८०) ज्येष्ठशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	मेषलग्न
मङ्गल	अष्टमी	२७	१	उ.फा.	५६	५३	४९।४३ देखि ५५।५१ सम्म

(यो गणना शङ्करमान राजवंशीले गरेका हुन् ।)

९. **संवत् ७९४ चैत्रशुक्लएकादशी प्र द्वादशी लाचक सोमवार कुन्हु जया श्री २ प्रताप मल्ल अभाग जुव दिन ॥ घरि २४ स रात्रीसं जुरो ॥ मिबिकह्मं ९॥**

(चौथो ९७५ सङ्ख्याको वीरपुस्तकालयको टिपौटे कागत*बाट)

[ने.सं. ७९४ (वि.सं. १७३१) चैत्रशुक्लएकादशीउप्रान्त द्वादशी सोमवारको दिन २४ घडी रात जाँदा कान्तिपुरका श्री २ प्रताप मल्लको मृत्यु भयो । ९ जना सती गए ।]

संवत् ७९४ चैत्रशुक्ल ११ पर द्वादशी सोमवारका दिन २४ घडी रात जाँदा प्रताप मल्ल परलोक भया । ... ९ जना सती गया ॥

(*भाषावंशावली***बाट)

१०. लक्ष्मीनरसिंहको शाके १५६३ (वि.सं. १६९८) सम्मको अभिलेख पाइएको र प्रताप मल्लको ने.सं. ७६१ (वि.सं. १६९८)को मोहर पाइएकोले प्रताप मल्ल वि.सं. १६९८ मा राजा भएका हुन् ।

(*इतिहास-संशोधनको प्रमाण-प्रमेयका* ६१-६२ पृष्ठ हेर्नुहोस् ।)

११. *इतिहास-संशोधनको प्रमाण-प्रमेयका* २३७-२४५, २७३-२८४ पृष्ठ हेर्नुहोस् ।

---

* वि.सं. २०२० मा काठमाडौंबाट श्री ५ को सरकार वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *ऐतिहासिक-घटनावलीको* ६ पृष्ठमा यो अंश परेको छ । – सम्पादक

** वि.सं. २०२३ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित देवीप्रसाद लंसालको *भाषा वंशावली* २ भागको ९३ पृष्ठमा यो अंश परेको छ। माथि दिइएको पाठ यस लेखको मूल प्रतिअनुसारको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छन् भनी लेखिएको छ।[१२] यो लेख्दा प्रताप मल्ल १९ वर्षका थिए। प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लले

१२. श्रीमत्प्रतापकविना कविनायकेन, केषामदायि सुखजालमनेन नेह।
गीतेन तेन तरुणीहृदयं विशुद्धं, कामाभिलाषपदमानयतेव हन्त॥
यदा यदायं तुरगाधिरूढ, स्तदा तदा कस्य मनो न मोदि।
तदा तदा वर्द्धितकामभावं, वभूव चेतो वनिताजनानां॥
मद्रूपचौरोऽयमितीव मत्वा, कोपाकुलः काम इमञ्जघान।
आस्थाय रूपं किमु कामिनीनां, भ्रूकार्मुकोन्मुक्तकटाक्षबाणैः॥
अत्यन्तसुन्दरपदं ललितप्रबन्धं, गीतं मनोभवसहोदरवर्णभाजः।
अस्याधुनापि वदतीव गुणाञ्जनानामाश्रित्य कण्ठममलं सुखकर्णपेयान्॥
निकटमुपगतेऽस्मिन् कापि बाला बभूव, स्मितमधुरमुखातिव्रीडितेन्दुश्च कापि।
पुलकिततनुभिन्दत्कञ्चुकग्रन्थिरुद्य, न्नयनमिह च कापि प्रेमदिग्धं वहन्ती॥

(*संस्कृत-सन्देश* १ वर्ष २ अङ्कमा योगी नरहरिनाथद्वारा प्रकाशित प्रताप मल्लको तलेजु त्रिशूलडबलीको वि.सं. १६९९ को अभिलेख*बाट। यस अभिलेखको नेपाली अनुवाद यही अङ्कमा पं. बुद्धिसागर पराजुलीद्वारा प्रकाश भएको छ। यहाँ दिइएको अनुवादचाहिँ अलि भिन्नै ढङ्गको छ।)

[गीतद्वारा युवतिको चोखो मनमा पनि कामवासना उत्पन्न गराउनुहोला कि जस्ता कवीन्द्र (कविशिरोमणि) प्रताप मल्लले कसलाई मात्र दङ्ग पार्नुभएन र?

यहाँ प्रताप मल्ल घोडा चढेर जाँदा कसको मन खुशी हुँदैनथ्यो। त्यस वेला स्वास्नीमान्छेहरूका मनमा कामवासना पैदा हुन्थ्यो।

मेरो रूप चोर्ने चोर यही हो भनी ठानेर रिसाईकन कामदेवले तरुनीहरूका रूपमा बसी आँखीभुइँरूपी धनुबाट छुटेका कटाक्षरूपी बाणहरूले यहाँ प्रताप मल्ललाई हाने कि?

कामदेवका सहोदर जस्ता यहाँ प्रताप मल्लका ज्यादै राम्रा राम्रा पद भएको, राम्रो रचना भएको गाना मानिसहरूको सफा गलामा झुण्डी सुनिरहूँ जस्तो लाग्ने गुणहरूलाई अहिले पनि भन्छन् कि क्या?

यहाँ प्रताप मल्ल नजीकै आइपुगनुहुँदा राम्रो मुख भएको हुनाले चन्द्रमालाई लाजमर्नु पारिदिएकी कुनै सुन्दरी मुसुक्क हाँसिन्। कुनै सुन्दरीको चाहिँ रोमाञ्च भएर चोलीको तुना खुकुलो भयो। कुनै सुन्दरीले चाहिँ प्रेमपूर्ण ठूलाठूला आँखाले हेरिन्।]

* वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा प्रकाशित, *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १७-२४ पृष्ठमा छापिएको नरहरिनाथको *नेपाल-राजधानी-काष्ठमण्डप-हनुमद्ध्वज- (हनुमानढोका) प्रासाद-तुर्या (तुर्जा= तुल्जा=तुलजा=तलेजु)-मन्दिर-दक्षिण-भाग-त्रिशूल-चतुष्क-नमेरु-वेदिकायां काष्ठमण्डपाधिराज-कवीन्द्र-जयप्रतापमल्लदेवस्य शिलालेख:* (नेपालको राजधानी काठमाडौँ हनूमान्ढोकादरबारमा तलेजुमन्दिरको दक्षिणतिरको त्रिशूलचोकको खरीको रूख भएको डबलीमा काठमाडौँका राजा कवीन्द्र जयप्रताप मल्लदेवको शिलालेख) भन्ने निबन्ध।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि बाबुको उमेरमा वा अझ कम उमेरमा[१३] आफ्नो त्यस्तै पुरुषार्थ देवताको मन्दिरको अगाडि शिलापत्रमा कुँदाएर राखेका छन् ।[१४]

राजा भनेका दुनियाँका पिता हुन्, बाबुबाट पाउने जस्तै सद्व्यवहार दुनियाँले राजाबाट पाउनुपर्छ भन्ने हाम्रो परम्परागत विश्वास छ । यस अवस्थामा सहरिया आइमाईहरूका उपरमा राजाले श्रृङ्गारदृष्टि राखिदिनुलाई कसरी उचित भन्न सकिन्छ ।

यस कारण कालिदासले राजालाई सत्कार गर्ने आइमाईमा कि त कन्या, कि त बूढीलाई अघि सारेका छन् ।[१५] अश्वघोषले पनि राजकुमारलाई सहरिया आइमाईहरूले चोखो मनले हेरे भनी किटेर बोलेका

---

१३. वि.सं. १७३७ जेठमा नृपेन्द्र मल्लको मृत्यु भएको हो । त्यस वेला नृपेन्द्र मल्ल १८ वर्ष ७ महीनाको उमेरका थिए । पार्थिवेन्द्र मल्ल नृपेन्द्र मल्लका भाइ हुन् । यस कारण वि.सं. १७३८ मा यो लेख कुँदाउँदा पार्थिवेन्द्र मल्लको उमेर बढीसेबढी भएको भए १८, १९ वर्षको हुँदो हो ।

१४. **यात्राविहारसमये तुरगाधिरूढे स्वर्णादिभूषितमठे पथि यत्र तत्र ।**
दृष्ट्वा च तस्य वदनं मदनं विभाव्य संजातरोमलतिका वनिता बभूवुः ॥
श्रीपार्थिवेन्द्रस्य निशम्य गीतं नृत्यं च दृष्ट्वा नृपतीश्वरस्य ।
स्खलद्दुकूला विवशास्तरुण्यो विस्रस्तकांच्यस्सहसा प्रजाताः ॥

(पार्थिवेन्द्र मल्लको हनूमान्ढोका तलेजुचोकको वि.सं. १७३८ को स्तम्भलेखबाट ।)

[जात्रा उत्सवहरूमा, सुनहरूले सिँगारिएको मन्दिरमा, जहींतहीं बाटामा घोडा चढ्नुभएका यहाँको (पार्थिवेन्द्रको) मुख देखेर यहाँलाई कामदेव सम्झी स्वास्नीमान्छेहरूलाई रोमाञ्च भयो ।

महाराजाधिराज श्रीपार्थिवेन्द्रको गाना सुनेर तथा नाच पनि देखेर लट्ठ भएका तरुनीहरूको पछ्यौरा खस्यो, हडबडले कन्दनी पनि खजमजियो ।]

१५. **मरुत्प्रयुक्ताश्च मरुत्सखाभं तमर्च्यमारादभिवर्तमानम् ।**
अवाकिरन् बाललताः प्रसूनैराचारलाजैरिव पौरकन्याः ॥ १० ॥

(*रघुवंश* द्वितीय सर्ग)

[अग्नि जस्ता तेजिला, पूज्य, नगीचै हिंड्न लागेका राज़ा दिलीपलाई सहरिया कन्याहरूले लावा छरी सत्कार गरे झैं गरेर सानासाना लहराहरूले फूल छरी सत्कार गरे ।]

अवाकिरन् वयोवृद्धास्तं लाजैः पौरयोषितः ।
पृषतैर्मन्दरोद्धूतैः क्षीरोर्मय इवाच्युतम् ॥२७॥

(*रघुवंश* चतुर्थ सर्ग)

[क्षीरसमुद्रका छालहरूले मन्दराचल पहाडले उडाएका छिटा छरी भगवान् विष्णुलाई सत्कार गरे जस्तै गरी शहरिया पाका आइमाईहरूले लावा छरी राजा रघुलाई सत्कार गरे ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छन् ।[१६]

यस परम्पराको विरुद्धमा जुन काम यी मल्ल राजाहरूले गरे, त्यसको प्रशंसा गर्न सकिँदैन । विचारसम्पन्न कविले पनि राजालाई यस्तो लेख्न बोल्न दिन नहुने हो । तर दुर्भाग्यले गर्दा हाम्रा कविहरू नै यस्तो कुरालाई प्रोत्साहन दिने भई निस्केका छन् ।[१७]

गोरखाली राजा पृथ्वीनारायण शाह राजोचित गुणले युक्त भई निस्के । उनले आफ्नो प्रतिभा र राजनीतिज्ञताले छिन्नभिन्न भएको नेपालराज्यको एकीकरण गरे । विशेष पढेलेखेका मानिस पृथ्वीनारायण थिएनन् । तर प्रतिभाशाली हुनाले अरूका कुरामा भ्वाट्ट विश्वास गर्ने र शास्त्रमा भनेको छ भन्दैमा अव्यवहार्य कुरामा पनि विश्वास गर्ने खालका पुरुष पृथ्वीनारायण थिएनन् ।[१८] यस कारण पृथ्वीनारायणलाई विशेष दुहुन

---

१६. दृष्ट्वा च तं राजसुतं स्त्रियस्ता जाज्वल्यमानं वपुषा श्रिया च ।
धन्यास्य भार्येति शनैरवोचञ्शुद्धैर्मनोभिः खलु नान्यभावात् ॥ २३ ॥

(*बुद्धचरित* तृतीय सर्ग)

[राम्रो अनुहारले र ऐश्वर्यले उज्याला भएका ती राजकुमारलाई देखेर ती स्वास्नीमान्छेहरूले यिनकी स्वास्नी भाग्यमानी रहिछन् भनी चोखो मनले मनमा अरू केही कुरा नलिईकन बिस्तारै भने ।]

१७. तदा प्रतोलीनिकटनिकेतनोच्चाट्टालिकोपरिगता रूपसौन्दर्यलावण्यातिमदगर्विताः षोडशवार्षिक्यो वयसा समरगत-रूपरतिपतिराजपुत्रवियोगविरहानलदंदह्यमानास्तद्दर्शनोत्सुका मत्तकाशिन्यो यवाङ्कुरदूर्वापल्लवदध्यक्षतसकर्पूरश्रीखण्ड-चन्दनधान्यलाजान् कुङ्कुममिश्रितनीरासारान्कटाक्षांश्च राजपुत्रोपरि युगपच्चिक्षिपुः ।

(राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले वि.सं. १८४९ मा बनाएको *जयरत्नाकरनाटक**को १४१ पृष्ठबाट)

[त्यस वेला सडकमा नजीकका घरमा अग्ला अटालीमा बसेका, ज्यादा सौन्दर्यले फुर्केका, लडाइँमा गएका, रूपमा कामदेव जस्ता राजपुत्रको विरहवेगको आगोले खूप छटपटिएका, राजपुत्रलाई हेर्न उत्सुक भएका सोह्र वर्षका असल सुन्दरीहरूले जमरा, दूबो, पालुवा, दही, अक्षता, कपूर, श्रीखण्ड, चन्दन, लावा, केसर मिसिएको जलको धारा र कटाक्ष पनि एकैचोटि राजपुत्रका उपर बर्साए ।]

(धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित तथा अनूदित, नेपालसांस्कृतिकपरिषद्द्वारा प्रकाशित, *जयरत्नाकर-नाटक***को २३३ पृष्ठबाट ।)

१८. वाहाँदेषिन् सत्यधर जोसी गोविंद जोसि अर्ज्याल गिताराम पण्डित इति सकलले सल्लाह गरी विवाहराध्याय श्री ५ माहाराजा पृथ्वीनारायण शाहलाई सुनाउँदा भया । हजुर्बाट विवाराध्याय श्रवण गरीबक्सनुभया बढिया होला । क्या अर्थले भन्या विवाराध्याय नजर्गर्नुभयापछि बिरामअंसारको दण्डसासना गर्नालाई सास्त्रोक्त विधिले बढिया हुन्छ । तदर्थ राजा भई विवाराध्याय नजर्गर्नुपर्न्या हो भनि बिंति गर्‍याको हो भनि बिंति गर्दा भयाछन् । वाहाँदेषिन् श्री ५ माहाराज

---

* वि.सं. २०१४ मा काठमाडौंबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित तथा अनूदित *शक्तिवल्लभ अर्ज्याल विरचित जयरत्नाकरनाटक*। – सम्पादक

** धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले गरेको अनुवाद सच्याई यस लेखको मूल प्रतिमा उल्था लेखिएको छ । त्यही उल्था माथि दिइएको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कवि, पण्डितहरू सक्दैनथे। कचहरी (न्यायालय)मा न्यायाधीशले निर्णय गरेपछि अपराधीलाई दोषअनुसारको सजाय दिने काममा धर्मशास्त्र पल्टाउनबाहेक पढेगुनेका मानिसबाट अरू काम बन्छ भन्ने कुरा चतुरा राजनीतिज्ञ पृथ्वीनारायणले देख्न सकेनन्।[१९]

अदालतबाट आएको आम्दानी जोगी ब्राह्मण आदिलाई बाँडिदिनुबाहेक अरू सम्पत्ति यिनीहरूलाई दिन पनि पृथ्वीनारायण चाहँदैनथे होलान्।[२०] यस अवस्थामा शासकलाई उल्लू बनाई आफ्नो दुनु सोझ्याउन पल्केका

पृथ्वीनारायण शाहबाट कोसंग छ मिताक्षराको विवाराध्यायको पुस्तक कोसित ल्याउ हेरूँ तब कस्तो रहेछ भनि हुकुम हुँदा मिताक्षराको पुस्तक षोजदा गोर्षामा पायेनन्। नपाउंदा तनहुँमा पठाई तनहुँबाट पुस्तक आयो 'र विवाराध्यायको १०।८ श्लोकको अर्थ श्री ५ महाराजा पृथ्वीनारायण शाहबाट श्रवण गरि हुकुम हुँदो भयेछ। कस्तो हुकुम भयेछ भन्या यो वेवराध्यायको शुनि बुझि सोमाफिकसित आफ्ना बिरानाको पक्षपात नगरी जस्ताको तस्तो पारी गर्नु भन्याको बडो कठिन रहेछ। मुष्य त यस जुगमा यथोक्त गरी काज गर्न्या राजा पनि पाउन कठिन। यथोक्त धर्मवक्ता पण्डित पाउन पनि कठिन्। सास्त्रोक्त पारि वाजवि बोलन्या एस्ता सभासद मिल्नाकन पनि कठिनै छ। तदर्थ व्यवहाराध्याय हेर्‍यापछि व्यवहाराध्यायमा जो कहयाको ज्यथोक्त पारि जस्ताको तस्तो गरि दण्ड गर्न नसक्यादेषिन् सास्त्र हेर्‍याको फल केहि लागेन। उस्मा पनि मैले त षेलषाल छलछाम गरि संग्राम गरि सत्रु हटाई मुलुक साध्य गर्नुपरिरहेछ। यस घरिमा मैले व्यवहाराध्याय हेर्न्या बषत् छैन। क्या अर्थले भन्या व्यवहाराध्याय हेर्‍यापछि त्यस्मा कहयाको नगर्‍या ज्यादा पाप लागला नहेर्‍या त उस्तो पाप लागला भन्या जस्तो लाग्दैन भनि हुकुम हुँदा सबैले बेस् हुकुम भयो भनि बिंति गर्दा भया। वांहँदेषिन् श्री ५ माहाराज पृथ्वीनारायण शाहबाट दुनित्राको जान् अजान प्रजाप्राणि लालावाला केहि चुक्याविरायामा धर्माधिकार तुल्याई राजाले गर्न्या भयो। सभासदले गर्न्या भयो। धर्मसास्त्रले गर्न्या कार्य धर्माधिकारैका शीर हालि बक्सनुहुँदो भयो।

(पं. बुद्धिसागर पराजुलीद्वारा सम्पादित, वीरपुस्तकालयद्वारा प्रकाशित *श्री ५ बडामहाराज पृथ्वीनारायणशाहको जीवनी***का २९-३० पृष्ठबाट)

१९. **कचहरिपिछे यक् यक् पण्डीत राषी निज्रा सास्त्रबमोजिम् अदालथ चलाउनु.**

(*दिव्य उपदेश* (सातौं संस्करण)**को १८ पृष्ठबाट)

२०. **अदालथका पैसा दरबारभित्र नहाल्नु. फकीर फकिडा अतित जोगि सन्न्यासि ब्राह्मणहरु इनैलाई दछिना भोर्जन चलाईदिनु. उप्रेका पैसा दक्षिना चलाई धोति रुमाल् चलाइ दिनु. यस्व भया असत्यको दोस् लाग्दैन.**

(*दिव्य उपदेश*को १८ पृष्ठबाट)

---

* वि.सं. २०२० मा काठमाडौंबाट श्री ५ को सरकार वीरपुस्तकालयद्वारा प्रकाशित, बुद्धिसागर पराजुलीद्वारा सम्पादित *श्री ५ बडामहाराज पृथ्वीनारायणशाहको जीवनी*। त्यहाँ छापिएको पाठमा व भए तापनि ब उच्चारण हुने जतिलाई ब बनाउने र अहिले चलनचलतीमा भएको नियमअनुसार पद जोड्ने र छुट्ट्याउने तथा वाक्यको अन्त्यमा कहीं दण्ड र कहीं थोप्ला भइरहेकोमा सर्वत्र दण्ड राख्नेबाहेक अरू केही नगरी यस लेखमा जस्ताको तस्तो उतारिएको छ।

– सम्पादक

** वि.सं. २०१६ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित *दिव्य उपदेश = पृथ्वीको अर्ति* सातौं संस्करणको मूलभाग। त्यहाँ छापिएको पाठमा व भए तापनि ब उच्चारण हुने जतिलाई ब बनाउने, अहिले चलनचलतीमा भएको नियमअनुसार पद जोड्ने र छुट्ट्याउने तथा वाक्य नटुङ्गिँदै राखिएका थोप्ला हटाउनेबाहेक अरू केही नगरी यस लेखमा जहाँ जहाँ *दिव्य उपदेश*का उद्धरण परेका छन्, त्यहाँ त्यहाँ तिनलाई जस्ताको तस्तो उतारिएको छ।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कविहरू पृथ्वीनारायणबाट विशेष फाइदा लिन सक्तैनथे । यस कारण पृथ्वीनारायणका जेठा छोरा युवराज प्रतापसिंहलाई यी कविहरूले आफ्नो स्वार्थसाधन गर्ने काममा प्रयोग गर्न थाले ।

पृथ्वीनारायणले ग्रन्थकार भई ख्याति लिन खोजेको हामीलाई थाहा छैन ।* उनले आफूलाई कवि विद्वान् भनी कहीँ लेखाएका पनि छैनन् । उनले त लडाइँको मैदानको आफ्नो विजय र भारतबाट आएको मुसलमानी र अङ्ग्रेजी फौजलाई हटाएको कुरालाई नै लेखाएका तथा बोलेका छन् ।[२१] यस अवस्थामा हामीले पृथ्वीनारायणलाई आफ्नो देशको गौरव राखिदिने महापुरुषको रूपमा देख्नु स्वाभाविक हो ।

---

* पृथ्वीनारायण शाहको नाउँमा दर्ता भएको, संस्कृतमा लेखिएको *व्रतरत्नमाला* भन्ने पुस्तक प्रकाशमा आएको छ । महामहोपाध्याय जयमङ्गल सूरिका चेला (महामहोपाध्यायजयमङ्गलसूरिशिष्य) भनी आफूलाई चिनाउने लक्ष्मण भट्टाचार्यले यसमा संस्कृत टीका लेखेका छन् । टीकासहितको सो पुस्तक वि.सं. २०३१ मा बुद्धिसागर पराजुलीबाट सम्पादित भई काठमाडौँबाट नेपाल राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशमा आएको छ । त्यस पुस्तकमा तिथिहरूको र व्रतपर्वहरूको निर्णयको कुरा परेको छ । त्यो पुस्तक पृथ्वीनारायण शाहले आफ्ना छोरालाई सम्बोधन गरेको शैलीमा लेखिएको छ । टीकाकारले आफ्ना गुरु भनेका जयमङ्गल सूरि राजगुरु जयमङ्गल पौडेल हुन् । टीकाकार लक्ष्मण भट्टाचार्यचाहिँ *कवितानिकषोपल*का रचयिता कवि लक्ष्मण नै हुन् कि भन्ने हामीलाई लागेको छ । —सम्पादक

२१. **वीरोसौ जयति क्षितीशमुकुटालङ्कारहीरावली-**
विद्यु(द्)द्योतितपादपङ्कजयुगप्रोद्भासितक्ष्मातलः ।
नेपालक्षितिपालबालवनितासिन्दूरबिन्दून् हठा-
न्नेपालं स्ववशीचकार तरसा संमार्ज्य बाह्वोर्बलात् ॥ १ ॥
कास्मल्लीखाँ प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा-
दार्त्तो मत्तः क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ।
गेहेशूराः प्रतीच्या रणभुवि सुभटैर्निर्जितास्ते वराकाः
पृथ्वीनारायणेशो रिपुदवदहनो भाति नेपालसिंहः ॥ २ ॥

(पृथ्वीनारायण शाहको काठमाडौँ वसन्तपुरदरबारको उत्तरपट्टिको ढोकाको (नासलचोकभित्रको) वि.सं. १८२६ को शिलाभिलेखबाट । धनवज्र वज्राचार्यद्वारा सम्पादित, नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित *त्रिरत्न-सौन्दर्य-गाथा***का २७१-२७३ पृष्ठमा यो अभिलेख अनुवादसहित छापिएको छ ।)

[राजाको श्रीपेज सिँगार्ने हीराका लहरका तेजले सुहाएका (आफ्ना) दुइ चरणकमलले पृथ्वीतल उज्यालो पार्ने, वीर उहाँ महाराजले नेपालका (नेपालखाल्डाका) राजाका आइमाईहरूका सिन्दूरका टीकालाई बलजफतले पुछेर बाहुबलले नेपाललाई (नेपालखाल्डालाई) वशमा पार्नुभयो ॥ १ ॥

जसका भालाको चोटले घाइते भएको कास्मल्लीखाँ (मीरकासिम) हारेर पश्चिमतिर भागेर गयो । केही काल माद

** वि.सं. २०१९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यद्वारा सम्पादित *पण्डित सुन्दरानन्द-विरचित त्रिरत्न-सौन्दर्य-गाथा* । — सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायणको स्वर्गवास भएको १ महीना पनि नपुग्दै[२२] उनका छोरा राजा प्रतापसिंह याँ ढड्‌डु ग्रन्थ *पुरश्चर्यार्णव*को कर्ता भई हाम्रो अगाडि देखा पर्छन्। सो ग्रन्थ पनि प्रौढ संस्कृतमा लेखिएको र तन्त्रमन्त्रविषयको प्रामाणिक ग्रन्थ छ।[२३]

चढेको फिरङ्गी (अंग्रेज) लडाइँमा एक छिन पनि टिक्न सकेन। घरका बाघ ती बिचरा पश्चिमाहरू (बाईसी चौवीसीहरू) जसका वलिया सिपाहीहरूले लडाइँको मैदानमा जितिए। शत्रुरूपी जङ्गलमा डढेलो भएका नेपालकेसरी महाराज पृथ्वीनारायण सुहाइरहनुभएको छ ॥ २ ॥]*

पछाडी सुद्ध गरि नेपाल षोल्याई पुरुवपश्चिमुका दुनिया हात गरि नेपाल लियाथ्या ॥

(*दिव्य उपदेश*को ११ पृष्ठवाट)

कास्मेरिषान् नवाफ् मकुवानपुरमा चढचो र छअविस् षोडाले काटि घर्काई सिवाना कटाई आत्रां. तिन चार पल्टन् लियेर सिदुलिगढिमा हांडीसाहेब चढचो र वावाही पनि काटि पथर्काला च्यापि ल्यात्रा.

(*दिव्य उपदेश*को १९ पृष्ठवाट)

२२. पृथ्वीनारायण शाहको मृत्यु वि.सं. १८३१ पौषशुक्लनवमीउप्रान्त दशमीको दिन भएको हो।

(*त्रिरत्न-सौन्दर्य-गाथा*का १४०-१४१ पृष्ठ हेर्नुहोस्।)

प्रतापसिंहको नाउँमा दर्ता भएको यो *पुरश्चर्यार्णव* वि.सं. १८३१ माघशुक्लपञ्चमीको दिन तयार भएको हो।

(*इतिहास-संशोधनको प्रमाण-प्रमेय*का १५८-१५९ पृष्ठ हेर्नुहोस्।)

२३. **नत्वा श्रीगणनायकं दिनमणिं विष्णुं पशूनां पतिं**
दुर्गां दुर्गतितारिर्णीं भगवतीं गुह्येश्वरीमीश्वरीम्।
श्रीमत्साहप्रतापसिंहधरणीपालेन नानाऽऽगमान्
दृष्ट्वा सर्वजनोपकारकपुरश्चर्याऽर्णवस्तन्यते ॥ ६ ॥
औदार्य्येण तपःसुतं सुमहता शौर्येण कर्णद्विषं
सौन्दर्येण मनोभवं जलनिधिं गाम्भीर्यधैर्यादिभिः।
कीर्त्या चन्द्ररुचं श्रिया हरिहयं भानुं प्रतापेन च
क्षमायां निर्जरपादपान् वितरणैर्निर्जित्य यो राजते ॥ ७ ॥
तस्य क्षोणीमघोनः समरविजयिनोऽशेषशास्त्रार्थविद्भिः
सद्भिः संशोधनीयः सुविमलमतिभिः सम्यगेष प्रबन्धः।
विद्वद्विद्वेषतर्षैर्विमलपरगुणोत्कर्षविध्वस्तहर्षै
रोषाद्दोषैकजिज्ञासुभिरतिमलिनैर्दूष्यतां दुर्विदग्धैः ॥ ८ ॥
विद्वद्भावाऽनभिज्ञैः प्रसभमयमवज्ञायमानोऽप्यनार्यै-
र्न्न स्यादस्मत्प्रबन्धः कथमिव विदुषां मानसोल्लासहेतुः।

---

* यो उल्था *त्रिरत्न-सौन्दर्य-गाथा*को परिशिष्ट 'ग', २७३ पृष्ठबाट सारिएको हो। त्यहाँ नेपाल मात्र भएकोमा यस लेखको मूल प्रतिमा कोष्ठमा नेपालखाल्डा थप्ने र श्लोकसङ्ख्या दिने काम वढी भएको छ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३ वर्षका* राजाले यस्तो ग्रन्थ बनाउन सके होलान् भनी कल्पना गर्न गाह्रो छ।** मन्त्र जुराउनु, मन्त्र

गुञ्जापुञ्जाऽनुरक्तैर्विपिनपरिसरे भिल्लदारैर्विमुक्ता
मुक्ताः किं नाद्रियन्ते दरदलितनवाम्भोजपत्रायताक्ष्यः ॥ ९ ॥ ...

इति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीप्रताप-सिंहसाहदेवविरचिते पुरश्चर्यार्णवे ...

(*पुरश्चर्यार्णव*बाट । यो ग्रन्थ प्राभाकरी कम्पनीबाट प्रकाश भएको छ ।)***

[राजा श्रीप्रतापसिंह शाह श्रीगणेशलाई, सूर्यलाई, विष्णुलाई, पशुपतिलाई, दुःखबाट उद्धार गर्ने भगवतीलाई, परमेश्वरी गुह्यकालीलाई ढोगेर, धेरै शास्त्रहरू हेरेर, सबै मान्छेको उपकार गर्ने पुरश्चर्यार्णव बनाउनुहुन्छ ॥ ६ ॥

उदारतामा युधिष्ठिरभन्दा, ठूलो शूऱ्याइँमा अर्जुनभन्दा, राम्रो अनुहारमा कामदेवभन्दा, गम्भीरता र खामोसमा समुद्रभन्दा, कीर्तिमा जूनभन्दा, ऐश्वर्यमा इन्द्रभन्दा, प्रतापमा सूर्यभन्दा, दान गर्नामा कल्पवृक्षहरूभन्दा बढ्ता भएर पृथ्वीतलमा उहाँ प्रतापसिंह सुहाइरहनुभएको छ ॥ ७ ॥

लडाइँ जित्ने, महाराजाधिराज उहाँ प्रतापसिंहको यस ग्रन्थलाई सारा शास्त्रको अर्थ जान्ने, राम्रो सफा बुद्धि भएका सज्जनहरूले राम्ररी सुध्याइदिनुपर्छ । विद्वान्हरूको रीस गर्ने, अरूहरूको बढिबढाउ हुँदा दिक्क हुने, रीसले दोष मात्र खोज्ने, मनमा ज्यादा कालो भएका, खराप पण्डितहरूले यस ग्रन्थमा खोट लाउनेछन् ॥ ८ ॥

विद्वान्हरूको भाव नबुझ्ने, खराप मानिसहरूले अन्याय गरी मेरो यस ग्रन्थलाई हेला गरे तापनि यस ग्रन्थले विद्वान्हरूको मनलाई अवश्य पनि खुशी पार्ला । रातीगेडीको राशलाई मन पराउने भिल्लका स्त्रीहरूले जङ्गलको वरपर फ्याँकेका मोतीहरूलाई अलिकति मात्र फुकेको भर्खरको कमलको पात जस्तो आँखा भएका सुन्दरीहरूले आदर गर्दैनन् र ?

पहाडिया राजाहरूका चक्रवर्ती, मानिसहरूमा विष्णु भगवान् जस्ता इत्यादि धेरै प्रशस्तिहरूले सुहाउनुभएका, ठूलो इज्जत हुनुभएका श्रीमहाराजाधिराज श्रीप्रतापसिंह शाहदेवले बनाउनुभएको पुरश्चर्यार्णवमा ...]

* लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८)को परम्पराका कुनै मानिसले ऐतिहासिक तिथिमिति टिपेको एउटा ठयासफुमा **सं. १८०८ शा. १६७३ ··· ··· श्रीसीहप्रतापस्य जन्म****** भनेर लेखेको आधारमा प्रतापसिंह शाहको जन्म वि.सं. १८०८ मा भयो भन्ने ठानी वि.सं. १८३१ मा *पुरश्चर्यार्णव* बनाउँदा उनी २३ वर्षका थिए भनी लेखिएको हो ।

वि.सं. १७७९ देखि १८६३ सम्म जन्मेका गोरखाली राजा, राजकुमार, भाइभारादार आदिको टिप्पनको पुस्तकमा **श १६७१ ज्ये. कृ १२ घ ३९।४ रेवतीघटि ५१।५८ प्रीतिघ २६ भौमे उग्रघटि ७० अटकल सौरेण दि ४ श्री ५ प्रतापसिंहमहाराज्ञः जन्मः** भनी लेखी***** त्यहाँ प्रतापसिंहको कुण्डली दिइएको छ । गणना गर्दा यी तिथिमिति

*** *पुरश्चर्यार्णव*को मूल संस्करण हामीसँग नभएकोले माथि उद्धरण गरिएको अंश वि.सं. २०२५-३० मा काठमाडौंबाट धनशम्शेर जङ्गबहादुर राणाद्वारा प्रकाशित *बृहत् पुरश्चर्यार्णव*को १ भागका २-३ पृष्ठ र ४ भागको ३६४ पृष्ठसँग रुजू गरिएको छ ।
– सम्पादक

**** वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ४९९-५०१ पृष्ठमा यी तिथिमिति छापिएका छन् । यो अंश *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५०० पृष्ठमा छ ।

***** वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६४ अङ्गमा छापिएको महेशराज पन्तको *टिप्पनको पुस्तक* भन्ने निबन्ध (सो अङ्का १२-३३ पृष्ठ)मा यो छापिएको छ । यो अंश *पूर्णिमा* ६४ अङ्को १८ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुनाउन साइत हेर्नु, होम गर्नु, पूजापाठ गर्ने विषयमा निर्णय दिनु राजोचित गुण हो भनेर भन्न पनि सकिँदैन। यस कारण मगजचूस परम्पराका पोषकमा प्रतापसिंह पनि पर्छन् भन्दा अत्युक्ति हुनेछैन।

स्वाभाविक प्रतिभा थोरै असाधारण मनुष्यमा मात्र हुन्छ। शिक्षाद्वारा नै साधारण मनुष्यहरू पनि विशेष योग्य बन्छन्। शिक्षा दिने काम विद्वान्हरूको हो। तर विद्वान्हरू नै नवयुवक पुरुषलाई श्रृङ्गारी कथा सुनाई आफ्नो कामवासना तृप्त गर्न र दुनु सोभ्याउन लाग्छन् भने त्यहाँ सद्विद्या फैलन सक्दैन।

पृथ्वीनारायणका सामानकालिक कवि लक्ष्मणले *कवितानिकषोपल* भन्ने ग्रन्थ बनाएका छन्। वि.सं. १८२५ मा पृथ्वीनारायणको सेनाले कान्तिपुरमा घेरा हालिरहेको वेलामा बालाज्युमा बसी युवराज प्रतापसिंहले कविसम्मेलन गरिरहेका थिए भनी त्यहाँ लेखिएको छ। सो कविसम्मेलनमा नेपालखाल्डोका तथा भारतका विभिन्न स्थानका कविहरू पनि आएका थिए। गोरखाली राजदरबारसँग विशेष सम्बन्ध भएका कविहरूले पनि त्यस कविसम्मेलनमा कविता पाठ गरेका थिए भनी त्यहाँ लेखिएको छ। कविसम्मेलन सिद्धिएपछि कान्तिपुरविजय पनि भयो। त्यहाँ उपस्थित कविहरूमा कसैलाई दश दश हजार रुपैयाँ, कसैलाई हजार

मिलेकाले* उनको जन्म वि.सं. १८०६ मां भएको प्रमाणित हुन्छ। यस कारण *पुरश्चर्यार्णव* लेखिँदा उनको उमेर २५ वर्ष पुगिसकेको देखिन्छ। — सम्पादक

** लक्ष्मीपतिसङ्ग्रहमा रहेको, *पुरश्चर्यार्णव*को लेखोट पुस्तक यसरी टुङ्गिएको छ –

इति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीप्रतापसिंहसाहदेवविरचिते पुरश्चर्यार्णवे ब्राह्मयादिमंत्रपुरश्चरणपूर्वकयंत्रस्तवकवचादिपुरश्चरणभेदनिरूपणं नाम द्वादशस्तरंगः ॥ ॥ समाप्तश्चायं ग्रंथः ॥

नरपतिसहस्रमितसंख्यग्रंथोयं श्रीविद्याकरसूरिणा निर्मितः ॥
नरपतिचक्रचूडामणिवाक्यकल्पद्रुमाभितुष्टेन ॥ ॥
निशेशानलांकैर्मिते वत्सरेस्मिंस्तपःसंज्ञमासेसिते दैर्घपृष्ठे ॥
तिथौ प्रालिखत्सोमृता*नंदनामा कुजे जीवधंतुष्टये पुस्तकं तत् ॥**

पुरश्चर्यार्णव प्रतापसिंह शाहको नाउँमा दर्ता भए पनि यसको वास्तव रचयिता विद्याकर सूरि भन्ने रहेछन् भन्ने कुरा ने.सं. ९३१ (वि.सं. १८६७)मा सारिएको यस प्रतिबाट बुझिएको छ।

जीवधन भन्नेको लागि *पुरश्चर्यार्णव* सार्ने यी अमृतानन्द ब्रिटिश रेजिडेन्सीका पण्डित अमृतानन्द हुन् कि भन्ने हामीलाई लागेको छ। — सम्पादक

---

* छापाखानामा छापिइरहेको, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित हुने, नयराज पन्तको *दैवज्ञशिरोमणिलक्ष्मीपति पाँडेको धूपघडी*को १०१ पृष्ठ।

*** पहिले लेखेको कुरा मेटी यस पुस्तकमा नंदभन्दा अगाडिका ३ अक्षर अर्थात् त्सोमृता लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हजार रुपैयाँ दिई पृथ्वीनारायण शाहले बिदा गरे भनी त्यहाँ लेखिएको छ।[२४] भारादारहरूलाई पैसा कमाउन नदिने नीति पृथ्वीनारायणको थियो।[२५] उनले आफ्नो विशेष मन परेका अन्तपाल (सीमारक्षक)लाई पनि वर्षको २४० रुपैयाँ दिएका थिए। सो दिँदा पनि विशेष कुरा दिएको छु भनी उनले बोलेका थिए।[२६] यस अवस्थामा १ श्लोक बनाउने कविलाई दश दश हजार रुपैयाँ पुरस्कार पृथ्वीनारायणले दिए होलान् भनी कल्पना गर्नु सम्भव कुरो देखिँदैन।

यस अवस्थामा १७ वर्षको* चढ्दो उमेरका, विशेष अनुभव नभएका,[२७] शृङ्गारी स्वभावका[२८] युवराजलाई

२४. उत्सृज्यायुतमयुतं हेरम्बाद्या विसर्जिताः कवयः।
प्रत्येकं तु सहस्रं श्रीकण्ठाद्या नरेन्द्रवर्येण ॥ १४६ ॥
(योगी नरहरिनाथद्वारा सम्पादित, योगप्रचारिणीद्वारा प्रकाशित *कवितानिकषोपल**बाट)

[हेरम्ब आदि कविलाई दश दश हजार रुपैयाँ, श्रीकण्ठ आदि कविलाई एक एक हजार रुपैयाँ दिएर महाराजले बिदा गर्नुभयो।]

२५. **क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ कामाउन नदिनु. आदमी हेरि हुर्मत् मात्रै राषी दिनु. क्यान भनौला दवलथ् भायाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिपको चमक् हुन्छ**

(*दिव्य उपदेश*को १४ पृष्ठबाट)

२६. **मैले तिं थुम्का बहहा उमराउलाई ईन्द्रवज्र तुलाइ राष्याथ्या. नगरा निसान पनि दिई राष्याथ्या. बाह बिसको गाडो वाधिदियाको थियो र सल्यानि लिग्लीग् धादिंका मुहुडामा जाहा जाहा काज गर्थ्यो फत्य गर्थ्या र यो अैस्वर्जे गर्‍याको हो.**

(*दिव्य उपदेश*का १७-१८ पृष्ठबाट)

* यस वेला प्रतापसिंह शाहको उमेर १९ वर्षको थियो (माथि ४५ पृष्ठमा यस्तो * चिह्न भएको टिप्पणी हेर्नू)।
—सम्पादक

२७. **फेरि जयप्रकाशले पनि विचार गरी बेलकोटका जैसी थानसिङका जैसीहरूसित गठ बाँधी सिंहप्रतापज्यू** साहेबज्यूलाई शिकार खेल्नाको बहानाले चीसापानीका लेकमा बँदेल धेरै पाइन्छन्. त्यहाँ शिकार गर्न भनी ल्याउनू. त्यस जङ्गलमा हजार बाह शय भोटे र २।३ शय खस मगर सिपाही मैले दवाइराखौंला त्यहाँ साहेबज्यूलाई ल्याउनू र पक्राइदिनू भनी बेलकोट, थानसिङ, नुवाकोटका जैसीहरूलाई अहाइ पठायाछन्. तीनै ठाउँका जैसीहरू गई साहेवज्यूलाई मच्चाउँदा साहेबज्यू पनि शिकारमा पाउलागी शिवभक्तका पौवासम्म पुग्नुभयाको थियो. त्यसै बीचमा जगेश्वर जैसी, रघुनन्दन कोइरालालाई पाटनमा आफन्तहरूसँग भेट गर्नाका बहानाले चर्चा गर्न पठाया. पाटनका धनवन्त काजीले तिमीहरू यहाँ गल्लीमा क्यान डुलिरहन्छौ. तिम्रा साहेबज्यूलाई शिकारका बहानाले चीसापानीका लेकमा ल्याई पक्रनानिमित्त १०००। १२०० भोटचा र २००।३०० शय खस मगर हालिराख्नू. म साहेबज्यूलाई मचाई ल्याउँला भनी जगत् पाँडेप्रभृति बेलकोट, थानसिङ, नुवाकोटका जैसीले गठ गरेका छन्. यो कुरो भयो भन्यापछि तिमीहरूले त्रिशूलीगङ्गा तर्नुपर्‍यो. हामी इष्टघर हौं. वेलामा**

* वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित *महाकविलक्ष्मणसंकलितः कविता-निकषोपलः*को ४२ पृष्ठ।
— सम्पादक

** सिंहप्रताप अशुद्ध नाउँ हो। शुद्ध नाउँ प्रतापसिंह हो। *इतिहास-संशोधनको प्रमाण-प्रमेय*का १५७-१६० पृष्ठ हेर्नू।
—सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कामुक बनाई[२९] आफ्नो स्वार्थसाधन गर्न पल्केका पण्डितको बुद्धिमा उब्जिएको कुरो यो हो भन्ने देखिन्छ ।

दुःखको कुरो त यो छ कि मल्ल राजाहरूले राजोचित विशेष कामै गरेनन्, तिनमा जो प्रतिभाशाली थिए, यिनले मगजचूसको यो परम्परा बसाए । बल्लतल्ल एक जना पृथ्वीनारायण शाह जन्मे । उनले हाम्रो देशको उद्धार गरे । तर उनकै साक्षात् छोरा उनको परम्परामा हिँडिदिएनन् । पृथ्वीनारायणको परम्पराबाट युवराजलाई विचलित पार्न हाम्रो देशका विद्वान्हरूले प्रोत्साहन दिए । यस अवस्थामा हामीले संसारको अगाडि केही काम गर्न सकेनौँ भन्ने कुरामा कसलाई दोष दिने ?

विलोकयतु कः पुनर्हृदयमेतदुद्घाटितं
विवेचनविधौ भवेज्जगति कोऽपि वोत्पत्स्यते ॥१३॥

(विनायक शास्त्री – *जैमिनिसूत्रव्याख्या*को उपसंहार)

[छर्लङ्गसँग उघारिदिएको यो हृदय कसले हेर्ला ? अथवा कुनै विवेकी संसारमा छ कि ? अथवा पछि जन्मला कि ?]

चेताइदियाको छ. तिम्रा साहेबको सम्भार गर भनी भन्दा टोपी झिकी काखीमा च्यापी नेवारको भेष गरी रातारात दहचोकमा महाराजाका हजुरमा पुगी धनवन्त काजीले गर्‍याका कुरा सवै बिस्तार गरी बिन्ति गर्दा महाराजवाट रातारात मानिस पठाउनुभयो. भोलिपल्ट साहेबज्यू शिकार पाउलागनुभई शिवभक्तले बनाएको पौवासम्म पुग्नुभयाको वेलामा दहचोकबाट श्री ५ महाराजले पठाउनुभयाका भारादार भला मानिसहरूले बुबाको हुकूम हुन्छ. हजुरलाई नेपालबाट दगा गरी जैसीहरू आयाका छन्. हजुर फिरी नुवाकोट चाँडो पाल्नुहवस् भनी बिन्ति गर्‍या र बुवाज्यूको हुकूम भन्दा साहेबज्यू चाँडै फिरिबक्सनुभयो.

(*भाषावंशावली**बाट)

२८. **तस्य श्रीजगतीपते रतिपतिनाम्नाविरासीत्ततो**
देव्यामत्र प्रतापसिंहविदितेनानन्दकन्दः सताम् ।
यल्लावण्यकलावलोकनसमुत्कण्ठास्तु देवाङ्गनाः
सानन्दं प्रभजन्ति मञ्जुलगिरश्चेटीदशां सन्ततम् ॥४१॥

(*पृथ्वीन्द्रवर्णोदय***को प्रथम सर्गबाट)

२९. *कवितानिकषोपल* श्रृङ्गाररसले परिपूर्ण छ ।

---

* *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ५४४-९२६ पृष्ठमा *भाषावंशावली*का पाइएसम्मका पुस्तक भिडाएर द्रव्य शाहदेखि पृथ्वीनारायण शाहसम्मको त्यस वंशावलीको पाठ निश्चित गरिएको छ । *भाषावंशावली*को माथिको पाठ *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा छापिएअनुसार छ । माथि दिइएको पाठ त्यस पुस्तकका ७९९-८०१ पृष्ठमा छ । त्यस पुस्तकमा शुद्ध नाउँ **प्रतापसिंह** भनी सच्याइए तापनि हामीले *भाषावंशावली*मा सिंहप्रताप लेखिएकोले त्यही नाउँ नै कायम गरेका छौँ ।
–सम्पादक

** *पृथ्वीन्द्रवर्णोदय*को माथि दिइएको पाठ *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा छापिएअनुसार छ । माथिको पाठ त्यही पुस्तकको ४४४ पृष्ठमा छ ।
–सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रीक ज्योत्पत्ति*

रचयिता – नयराज पन्त

सहायक – रुक्मनाथ पौडेल

ग्रीक सिद्धान्तज्यौतिषको प्राचीनतम प्रामाणिक ग्रन्थ *अल्माजेस्ट*का रचयिता टलमीको समय आसन्न वि.सं. १५७-२३५ हो ।[१] हिन्दू सिद्धान्तज्यौतिषको सोपपत्तिक ग्रन्थ *सिद्धान्तशिरोमणि*का रचयिता भास्कर वि.सं. ११७१ मा जन्मिएका हुन् ।[२] यताबाट आफूभन्दा एक हजार वर्ष पुराना र आफ्नै विषयका विद्वान् टलमीका ग्रन्थबाट भास्कर प्रभावित भएको हुनुपर्छ भन्ने कुरा साधारणतया देखिन आउँछ । भास्करलाई ज्योत्पत्तिको सोपपत्तिक ज्ञान थिएन, उनले कुनै ग्रीक ग्रन्थबाट त्यसका प्रक्रिया सारेका हुन् भनी केही विद्वान्ले लेखेका पनि छन् ।[३] तर ती विद्वान्ले ग्रीक ज्योत्पत्ति यस्तो हुन्छ भनी सविस्तर देखाई, त्यसबाट यस्तो प्रकारले हिन्दू ज्योत्पत्ति आएको हो भनी सोपपत्तिक लेख लेखेकोचाहिँ हामीले देखेका छैनौं । त्यस कारण ज्योत्पत्तिको विषयमा हिन्दू तथा ग्रीक दुवै थरीको गणनाप्रक्रिया र तिनको उपपत्तिसमेत देखाई

---

* वि.सं. २०५० फाल्गुन २४ गते मङ्गलवार नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा गरिएको प्रवचन । यो प्रवचन रुक्मनाथ पौडेलको हस्ताक्षरमा छ ।

१. वि.सं. २०३५ मा शिकागोबाट शिकागो विश्वविद्यालयद्वारा प्रकाशित *द ग्रेट् बुक्स् अफ् द वेस्ट्अर्न् वर्ल्ड्* (पश्चिमका ठूला ग्रन्थ)को १६ भागमा छापिएको *दि अल्माजेस्ट* ।**

२. वि.सं. २०४६ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक – देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल)को *हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना* (पहिलो भाग)का ५४-५५ पृष्ठ ।

३. वि.सं. १९९० मा बनारसबाट प्रकाशित, पद्माकर द्विवेदीद्वारा सम्पादित, सुधाकर द्विवेदीको *गणकतरङ्गिणी* (दोस्रो संस्करण)को ३७ पृष्ठ ।

** वि.सं. २०३४/३५ मा शिकागो, लण्डन इत्यादि ठाउँबाट एन्साइक्लोपीडिअ ब्रिट्यान्इक इन्कर्परेशनद्वारा बाइसौं पटक प्रकाशित *ग्रेट् बुक्स् अफ् द वेस्ट्अर्न् वर्ल्ड्*को १६ भागको उठानको ९ पृष्ठमा छापिएको *बाइअग्रफ्इक्ल् नोट्*बाट टल्मीको समय लिइएको हो । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनमा कतिसम्म साधर्म्य भेटिन्छ तथा कति वैधर्म्य छ भन्ने साङ्गोपाङ्ग विचार गर्नुपरेको छ। यसैले अहिले हामी ग्रीक ज्योत्पत्ति बताउँछौं।

*अल्माजेस्ट*को पहिलो अध्यायको १० प्रकरणमा टलमीले वृत्तभित्रका पूर्णज्याहरूको नापो गणना गर्ने विधि (ज्योत्पत्ति) दिएका छन् तथा ११ प्रकरणमा आधा आधा अंशको फरक पारी १८० अंशसम्मका चापका पूर्णज्याहरूको सारणी दिएका छन्। यहाँ हामी *अल्माजेस्ट*का ती दुवै प्रकरण दिँदैछौं।[४]

१०. वृत्तभित्रका पूर्णज्याहरूको नापोका विषयमा

अब हामी वृत्तको व्यासलाई १२० र परिधिलाई ३६० अंशमा विभक्त गरी आधा आधा अंश बढ्दै गएका चापका पूर्णज्याहरूको सारणी बनाउँछौं। पहिले हामी रेखागणितका यथासम्भव थोरै प्रतिज्ञाको सहयोग लिई कसरी पूर्णज्याहरूको नापो निशिचत रूपमा र छरितोसँग गणना गर्न सकिन्छ भन्ने प्रक्रिया उपपत्तिसहित देखाउँछौं। यसो गर्दा परिधिका ससाना खण्डलाई भिन्नका रूपमा नलेखेर १ अंशका ६० कला, १ कलाका ६० विकला इत्यादि रूपमा लेखिएको छ तथा व्यासलाई पनि ससाना खण्डमा टुक्र्याउनुपर्दा त्यसरी नै षष्टिलवको रूपमा लेखिएको छ। गुणन, भागाहार आदि क्रिया गर्दा फलमा ठूलो त्रुटि नआउने गरी शेष (स्वल्पान्तरले) छोड्ने गरिएको छ।

३६ अंश र ७२ अंशका पूर्णज्या ल्याउने रीति



केलाई केन्द्र मानी **अ के ग** व्यासमाथि **अ क ग** अर्धवृत्त बनाऊ। **क**बाट **अ के ग** व्यासमा **क के** लम्ब हाल। **के ग** त्रिज्यालाई **घ** बिन्दुमा आधा गरी **क घ** रेखा हाल। **अ ग** व्यासको **घ** बिन्दुबाट **क घ** रेखा बराबरको **ङ घ** टुक्रा छुट्ट्याऊ र **क ङ** रेखा हाल। यहाँ **के ङ** रेखा वृत्तान्तर्गत समदशभुजक्षेत्रको भुज (३६ अंशको पूर्णज्या) हुन्छ भने **क ङ** रेखा वृत्तान्तर्गत समपञ्चभुजक्षेत्रको भुज (७२ अंशको पूर्णज्या) हुन्छ।

---

४. *टलमी र भास्कर* भन्ने शीर्षक दिई वि.सं. २०४९।१२।८।१ मा प्रज्ञा-भवनमा गरिएको (यस विषयको सत्रौं) प्रवचनमा पनि टलमीका ज्योत्पत्तिविषयक केही क्षेत्रको उद्धरण गरिएको थियो।*

---

* वि.सं. २०५१ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ८१ क पूर्णाङ्कका ६६-७९ पृष्ठमा नयराज पन्त (सहायक– रुक्मनाथ पौडेल)को *टलमी र भास्कर* भन्ने निबन्धको रूपमा यो प्रवचन छापिएको छ।
– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको उपपत्ति

पहिलो राशि र दोस्रो राशिको योगफललाई दोस्रो राशिले गुनी आएको गुणनफलमा पहिलो राशिको आधाको वर्ग जोडिदिँदा जो फल आउँछ त्यो पहिलो राशिको आधा र दोस्रो राशिको योगफलको वर्गसँग बराबर हुन्छ (*रेखागणित* २।६)।

यस कारण माथिको क्षेत्रमा –

$$(\text{ङ घ})^2 = [(\text{के ग} + \text{ङ के}) \times \text{ङ के}] + (\text{के घ})^2$$

हुन्छ। **ङ घ** र **क घ** बराबर छन्। यस कारण

$$(\text{क घ})^2 = [(\text{त्रि} + \text{ङ के}) \times \text{ङ के}] + (\text{के घ})^2$$

हुन्छ। यहाँ **क के घ** त्रिभुज जात्यत्रिभुज बनेको छ। जात्यत्रिभुजमा भुज र कोटिको वर्गयोग कर्णको वर्गसँग बराबर हुने (*रेखागणित* १।४७) हुनाले

$$(\text{क के})^2 + (\text{के घ})^2 = [(\text{त्रि} + \text{ङ के}) \times \text{ङ के}] + (\text{के घ})^2$$

हुन्छ। दुवै पक्षबाट (के घ)^2 घटाउँदा

$$(\text{क के})^2 = (\text{त्रि} + \text{ङ के}) \times \text{ङ के}$$

$$\text{त्रि}^2 = (\text{त्रि} + \text{ङ के}) \times \text{ङ के}$$

हुन्छ। दुवै पक्षलाई त्रि X ङ केले भाग गर्दा

$$\frac{\text{त्रि}}{\text{ङ के}} = \frac{\text{त्रि} + \text{ङ के}}{\text{त्रि}}$$

हुन्छ।

एउटै वृत्तभित्र बनेका समषड्भुजक्षेत्रको भुज (त्रिज्या) र समदशभुजक्षेत्रको भुज (३६ अंशको पूर्णज्या)को योग गर्ने हो भने त्यस योगफलको पहिलो (त्रिज्या)सँगको निष्पत्ति पहिलो (त्रिज्या)को दोस्रो (३६ अंशको पूर्णज्या)सँगको निष्पत्तिसँग बराबर हुन्छ (*रेखागणित* १३।९)। अर्थात्

$$\frac{\text{त्रिज्या} + \text{३६ अंशको पूर्णज्या}}{\text{त्रिज्या}} = \frac{\text{त्रिज्या}}{\text{३६ अंशको पूर्णज्या}}$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ। यस कारण माथिको समीकरणबाट ङ के रेखा वृत्तान्तर्गत समदशभुजक्षेत्रको भुजतुल्य (३६ अंशको पूर्णज्या) हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

फेरि

$$(\text{क ङ})^2 = (\text{क के})^2 + (\text{ङ के})^2$$

$$= \text{त्रि}^2 + (\text{३६ अंशको पूर्णज्या})^2$$

हुन्छ।

वृत्तान्तर्गत समपञ्चभुजक्षेत्रको भुजको वर्ग त्यसै वृत्तभित्र बनेका समषड्भुजक्षेत्रको भुज (त्रिज्या)को वर्ग र समदशभुजक्षेत्रको भुज (३६ अंशको पूर्णज्या)को वर्गको योगसँग बराबर हुन्छ (*रेखागणित* १३।१०)। यस कारण **क ङ** रेखा वृत्तान्तर्गत समपञ्चभुजक्षेत्रको भुजतुल्य (७२ अंशको पूर्णज्या) हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

माथिको क्षेत्रमा अ ग व्यास १२० हुँदा त्रिज्या क के, के ग ६० र त्रिज्याको आधा के घ ३० हुन्छन्। अतः

$$(\text{क घ})^2 = (\text{ङ घ})^2 = (\text{क के})^2 + (\text{के घ})^2$$

$$(\text{ङ घ})^2 = \text{३६००} + \text{९००} = \text{४५००}$$

$$\text{ङ घ} = \text{६७।४।५५ (स्वल्पान्तरले)}$$

हुन्छ। यस कारण

$$\text{ङ के} = \text{ङ घ} - \text{के घ}$$

$$= \text{६७।४।५५} - \text{३०} = \text{३७।४।५५}$$

हुन्छ। त्यसै गरी

$$(\text{क ङ})^2 = (\text{क के})^2 + (\text{ङ के})^2$$

$$= \text{३६००} + \text{१३७५।४।१४}$$

$$= \text{४९७५।४।१४}$$

$$\text{क ङ} = \text{७०।३२।३ (स्वल्पान्तरले)}$$

हुन्छ।

यसरी १२० व्यास भएको वृत्तमा ३६ अंशको पूर्णज्या ३७।४।५५ र ७२ अंशको पूर्णज्या ७०।३२।३ हुन्छन् भन्ने सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वृतान्तर्गत समषड्भुजक्षेत्रको भुज ६० अंशको पूर्णज्या हुन्छ र त्यस वृत्तको त्रिज्यातुल्य हुन्छ भन्ने कुरा स्पष्ट छ। वृत्तान्तर्गत वर्गक्षेत्रको भुज ९० अंशको पूर्णज्या हुन्छ तथा त्यसको वर्ग द्विगुणित त्रिज्यावर्गसँग बराबर हुन्छ भन्ने पनि स्पष्ट नै छ। त्यसै गरी वृत्तान्तर्गत समत्रिभुजक्षेत्रको भुज १२० अंशको पूर्णज्या हुन्छ तथा त्यसको वर्ग त्रिगुणित त्रिज्यावर्गसँग बराबर हुन्छ भन्ने पनि स्पष्ट छ। यस कारण १२० व्यास भएको वृत्तमा

६० अंशको पूर्णज्या = त्रिज्या = ६०

९० अंशको पूर्णज्या = $\sqrt{\text{२ त्रिज्या}^{२}}$ = $\sqrt{\text{७२००}}$ = ८४।५१।१० (स्वल्पान्तरले)

१२० अंशको पूर्णज्या = $\sqrt{\text{३ त्रिज्या}^{२}}$ = $\sqrt{\text{१०८००}}$ = १०३।५५।२३ (स्वल्पान्तरले)

हुन्छन्। यसरी हामीले ३६, ६०, ७२, ९० र १२० अंशका चापहरूको पूर्णज्या ल्याउने रीति थाहा पायौं। व्यासको वर्गबाट कुनै पनि चापको पूर्णज्याको वर्ग घटाई मूल लिँदा उक्त चापको स्पर्धी चापको पूर्णज्या आउँछ। यसरी ३६ अंशको चापको पूर्णज्याबाट १४४ अंशको चापको पूर्णज्या आउँछ।

१४४ अंशको पूर्णज्या

$$= \sqrt{\text{व्यास}^{२} - (\text{३६ अंशको पूर्णज्या})^{२}} = \sqrt{\text{१२०}^{२} - (\text{३७।४।५५})^{२}} = \sqrt{\text{१४४०० - १३७५।४।१५}}$$

$$= \sqrt{\text{१३०२४।५५।४५}} = \text{११४।७।३७ (स्वल्पान्तरले)}$$

अब अरू चापको पूर्णज्या ल्याउने विधि दिनुभन्दा पहिले त्यस कामको लागि ज्यादै उपयोगी एउटा प्रतिज्ञा सिद्ध गर्नुपरेको छ। *रेखागणित*को त्यो प्रतिज्ञा यस प्रकारको छ –

वृत्तान्तर्गत चतुर्भुजमा परस्पर सम्मुखमा रहेका दुइ दुइ भुजको घातको योग त्यस चतुर्भुजका दुइटै कर्णको घातसँग बराबर हुन्छ।



अ क ग घ वृत्तान्तर्गत चतुर्भुज बनाई अ ग, क घ कर्णहरू हाल, कबाट घ क ग कोण जत्रै अ क च कोण बन्ने गरी क च रेखा हाल। यहाँ

अ ग X क घ = (अ क X ग घ) + (अ घ X क ग)

हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको उपपत्ति

अ क च कोण तथा **घ क ग** कोण परस्पर बराबर छन् । यी दुवै कोणमा **च क घ** कोण थपिदिँदा

अ क घ कोण = च क ग कोण

हुन्छ ।

वृत्तमा एउटै चापलाई आधार बनाउने परिधिलग्न कोणहरू परस्पर बराबर हुन्छन् (*रेखागणित* ३।२१) । यस कारण

क घ अ कोण = क ग च कोण

हुन्छ तथा **अ क घ** त्रिभुज र **च क ग** त्रिभुज सजातीय सिद्ध हुन्छन् ।

दुइटा सजातीय त्रिभुजमा उत्रै उत्रै कोण बनाउने दुइ दुइ भुजको निष्पत्ति बराबर हुन्छ (*रेखागणित* ६।४) । एउटा अनुपातमा रहेका कुनै चार राशिमध्ये पहिलो र चौथो राशिको गुणनफल दोस्रो र तेस्रो राशिको गुणनफलसँग बराबर हुन्छ (*रेखागणित* ६।१६) । यस कारण

$$\frac{\text{क ग भुज}}{\text{च ग भुज}} = \frac{\text{क घ भुज}}{\text{अ घ भुज}}$$

क ग X अ घ = च ग X क घ

हुन्छ । फेरि **क ग** चापलाई आधार मानी परिधिमा बनेका **क अ ग** कोण तथा **क घ ग** कोण एक आपसमा बराबर भएका हुनाले **अ क च** त्रिभुज तथा **घ क ग** त्रिभुज पनि सजातीय सिद्ध हुन्छन् र अघि जस्तै

$$\frac{\text{अ क भुज}}{\text{अ च भुज}} = \frac{\text{घ क भुज}}{\text{घ ग भुज}}$$

अ क X ग घ = अ च X क घ

हुन्छ । माथिको क्षेत्रमा **अ ग** कर्णका **अ च** तथा **च ग** दुइ खण्ड छन् ।

पहिलो राशिलाई दोस्रो राशिका अभीष्ट गुणनखण्डहरूले अलग अलग गुणन गर्दा आउने गुणनफलहरूको योग पहिलो राशि र दोस्रो राशिको गुणनफलसँग बराबर हुन्छ (*रेखागणित* २।१) । यस कारण

अ ग X क घ = (अ च X क घ) + (च ग X क घ)

हुने हुनाले अघि आएका दुइटा समीकरणको योग गर्दा

अ ग X क घ = (अ क X ग घ) + (अ घ X क ग)

सिद्ध हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब मुख्य विषयतिर लागौं ।

कुनै दुइटा चापका पूर्णज्या थाहा पाई ती चापको अन्तररूप चापको पूर्णज्या ल्याउने रीति

अ घ व्यासमाथि अ क ग घ अर्धवृत्त बनाई अ क, अ ग तथा क ग पूर्णज्याहरू हाल । यहाँ सानो चापको पूर्णज्या अ क तथा ठूलो चापको पूर्णज्या अ ग थाहा पाई ती चापको अन्तररूप चापको पूर्णज्या क ग ल्याउनुपरेको छ ।



क घ तथा ग घ पूर्णज्या हाल । यहाँ अ क ग घ वृत्तान्तर्गत चतुर्भुज बनेको छ । यसैले

$$\text{अ ग} \times \text{क घ} = (\text{अ क} \times \text{ग घ}) + (\text{क ग} \times \text{अ घ})$$

$$\text{क ग} = \frac{(\text{अ ग} \times \text{क घ}) - (\text{अ क} \times \text{ग घ})}{\text{अ घ}}$$

हुन्छ । यहाँ क घ रेखा सानो चापको स्पर्धी चापको पूर्णज्या हो भने ग घ रेखा ठूलो चापको स्पर्धी चापको पूर्णज्या हो, अ घ व्यास नै भयो । यसरी कुनै दुइटा चाप र तिनका पूर्णज्या ज्ञात छन् भने ती दुवै चापको अन्तररूप चापको पूर्णज्या पनि थाहा हुन्छ भन्ने कुरा स्पष्ट भयो । यस रीतिको उपयोग गरेर थाहा भएका कुनै दुइटा चापका पूर्णज्याबाट तिनीहरूको अन्तररूप चापको पूर्णज्या ल्याउन सकिन्छ । जस्तो कि ७२ अंश र ६० अंशका पूर्णज्याबाट १२ अंशको पूर्णज्या आइहाल्छ ।

इष्ट चापको आधा चापको पूर्णज्या ल्याउने रीति

अ घ व्यासमाथि अ क घ वृत्त बनाई अ क, क घ पूर्णज्या हाल । यहाँ क घ चाप र त्यसको पूर्णज्या थाहा पाई सो चापको आधा चापको पूर्णज्या ल्याउनुपरेको छ । क घ पूर्णज्याको चापलाई आधा गर्ने बिन्दुमा ग चिनु लाऊ र क ग, ग घ, अ ग पूर्णज्याहरू हाल । ग बिन्दुबाट अ घ व्यासमा ग च लम्ब हाल । अ घ व्यासमा अ क रेखा जत्रो अ ङ रेखा छुट्ट्याऊ र ग ङ रेखा हाल । यहाँ पहिले



CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$\text{च घ} = \frac{\text{अ घ} - \text{अ क}}{२}$$

हुन्छ भन्ने कुरा देखाइन्छ ।

बराबर वृत्तहरूमा उत्रै उत्रै चापलाई आधार बनाउने परिलग्न वा केन्द्रगत कोणहरू परस्पर बराबर हुन्छन् (*रेखागणित* ३।२७) । यहाँ **क ग** चाप र **ग घ** चाप परस्पर बराबर भएका हुनाले **क अ ग** कोण तथा **ग अ घ** कोण परस्पर बराबर हुन्छन् । **अ क ग** त्रिभुज तथा **अ ग ङ** त्रिभुजमा **अ ग** भुज उभयनिष्ठ छ तथा **अ क** भुज र **अ ङ** भुज एक आपसमा बराबर छन् । यस कारण ती दुवै त्रिभुजका आधारहरू **क ग** तथा **ग ङ** पनि बराबर हुने भए । तर **क ग** पूर्णज्या र **ग घ** पूर्णज्या परस्पर बराबर भएका हुनाले यहाँ **ग घ ङ** त्रिभुज समद्विबाहु त्रिभुज बन्न आएको छ । यस समद्विबाहु त्रिभुजको शीर्षबिन्दु **ग**बाट **ङ घ** आधारमा **ग च** लम्ब हालिएको छ ।

पहिलो त्रिभुजका कुनै दुइटा कोण र एउटा भुज दोस्रो त्रिभुजका कुनै दुइटा कोण र एउटा भुजसँग क्रमशः बराबर छन् भने पहिलो त्रिभुजका बाँकी रहेका एउटा कोण र दुइटा भुज दोस्रो त्रिभुजका बाँकी रहेका एउटा कोण र दुइटा भुजसँग क्रमशः बराबर हुन्छन् तथा ती दुवै त्रिभुज परस्पर बराबर हुन्छन् (*रेखागणित* १।२६) । यस कारण

$$\text{ङ च} = \text{च घ}$$

हुन्छ ।

$$\text{ङ घ} = \text{अ घ} - \text{अ ङ} = \text{अ घ} - \text{अ क}$$

हुने हुनाले

$$\text{च घ} = \frac{\text{ङ घ}}{२} = \frac{\text{अ घ} - \text{अ क}}{२}$$

हुन्छ ।

इष्ट चापको पूर्णज्या **क घ** थाहा भएको हुनाले सो चापको स्पर्धी चापको पूर्णज्या **अ क** पनि थाहा हुने नै भयो । यसरी **अ घ** व्यास र **अ क** पूर्णज्याको अन्तरको आधा **च घ** पनि ज्ञात हुन आएको छ ।

व्यास नै आधार भएको वृत्तान्तर्गत त्रिभुजको परिधिलग्न कोण समकोण हुने हुनाले माथिको क्षेत्रमा **अ ग घ** त्रिभुज जात्यत्रिभुज बनेको छ । कर्ण आधार भएको जात्यत्रिभुजमा शीर्षबिन्दु (समकोण)बाट आधारमा लम्ब हाल्दा लम्बका दुवैतिर बन्न आउने दुवै जात्यत्रिभुजसमेत तीनवटै जात्यत्रिभुजहरू परस्पर सजातीय हुन्छन् (*रेखागणित* ६।८) । यस कारण **अ ग घ** त्रिभुज र **ग च घ** त्रिभुज सजातीय हुन्छन् । अतः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$\frac{\text{अ घ भुज}}{\text{ग घ भुज}} = \frac{\text{ग घ भुज}}{\text{च घ भुज}}$$

$$\text{ग घ}^2 = \text{अ घ} \times \text{च घ}$$

$$= \text{अ घ} \times \frac{\text{अ घ} - \text{अ क}}{२}$$

यहाँ ग घ इष्ट चापको आधा चापको पूर्णज्या हो । यसरी इष्ट चापको पूर्णज्या थाहा पाई सो चापको आधा चापको पूर्णज्या ल्याउने रीति थाहा भयो । यस रीतिको उपयोग गरेर थाहा भएका कुनै पनि चापको पूर्णज्याबाट सो चापको आधा चापको पूर्णज्या ल्याउन सकिन्छ । जस्तो कि १२ अंशको पूर्णज्याबाट ६ अंश, ३ अंश, $\frac{३}{२}$ अंश र $\frac{३}{४}$ अंशका पूर्णज्याहरू ल्याउन सकिन्छन् । यसरी हामी $\frac{३}{२}$ अंशको पूर्णज्या १।३४।१५ (स्वल्पान्तरले) र $\frac{३}{४}$ अंशको पूर्णज्या ०।४७।८ (स्वल्पान्तरले) पाउँछौं ।

कुनै दुइटा चापका पूर्णज्या थाहा पाई ती चापको योगरूप चापको पूर्णज्या ल्याउने रीति



केलाई केन्द्र मानी अ घ व्यासमाथि अ क ग घ ङ वृत्त बनाऊ र अ क, अ ग, क ग पूर्णज्याहरू हाल । यहाँ पहिलो चापको पूर्णज्या अ क र दोस्रो चापको पूर्णज्या क ग थाहा पाई ती दुवै चापको योगरूप चापको पूर्णज्या अ ग ल्याउनुपरेको छ ।

क के ङ व्यास हाली क घ, ग घ, ग ङ, घ ङ पूर्णज्याहरू हाल । यहाँ क ग घ ङ वृत्तान्तर्गत चतुर्भुज बनेको छ । यसैले

$$\text{क घ} \times \text{ग ङ} = (\text{क ग} \times \text{घ ङ}) + (\text{ग घ} \times \text{क ङ})$$

$$\text{ग घ} = \frac{(\text{क घ} \times \text{ग ङ}) - (\text{क ग} \times \text{घ ङ})}{\text{क ङ}}$$

हुन्छ । यहाँ क घ पहिलो चापको स्पर्धी चापको पूर्णज्या, ग ङ दोस्रो चापको स्पर्धी चापको पूर्णज्या हुन् तथा घ ङ र अ क बराबर छन् । यसैले ग घ ज्ञात हुन आएको छ । दुइटा ज्ञात पूर्णज्याका चापहरूको योगरूप चापको स्पर्धी चापको पूर्णज्या ग घ हो । यहाँसम्मका कुराबाट कुनै दुइटा चाप र तिनका पूर्णज्या ज्ञात छन् भने ती दुवै चापको योगरूप चापको पूर्णज्या पनि थाहा हुन्छ भन्ने कुरा स्पष्ट भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहिलेसम्म ल्याइएका पूर्णज्याहरूको र $\frac{३}{२}$ अंशको पूर्णज्याको क्रमशः योग गर्दै जाँदा जुन चापलाई २ ले गुन्दा ३ ले निःशेष भाग जान्छ ती चापहरूको पूर्णज्या ल्याउन सकिन्छ। डेढ डेढ अंशका फरकमा आउने त्यस्ता दुइ दुइवटा चापका बीचमा अरू दुइ दुइवटा चाप आधा आधा अंशको अन्तरमा रहेका हुन्छन्। आधा अंशको पूर्णज्या ल्याउन सकेको खण्डमा कुनै चापमा आधा अंश जोडेर वा कुनै चापबाट आधा अंश घटाएर बाँकी सबै चापको पूर्णज्या ल्याउन सकिने थियो। ३ अंशको पूर्णज्याबाट $\frac{३}{२}$ अंशको पूर्णज्या ल्याए जस्तै रेखागणितको प्रक्रियाबाट इष्ट चापको $\frac{१}{३}$ भागको पूर्णज्या ल्याउन सकिँदैन, यदि त्यसो गर्न सकिँदो हो त हामी पहिले $\frac{१}{२}$ अंशको पूर्णज्याकै गणना गर्ने थियौं।

अब हामी $\frac{३}{२}$ अंश र यसको आधा $\frac{३}{४}$ अंशका पूर्णज्याको उपयोग गरेर १ अंशको पूर्णज्या ल्याउने प्रयास गर्छौं। त्यसका लागि पहिले एउटा प्रतिज्ञा सिद्ध गर्छौं। सामान्यतया पूर्णज्याहरूको नापो निर्धारण गर्ने काममा यस्तो प्रतिज्ञाको उपयोग चित्तबुझ्दो नदेखिएला, तर पनि ज्यादै साना पूर्णज्याहरूको हकमा यसको उपयोग गरी ल्याइएको परिमाण अघि राम्ररी निश्चय गरिसकिएका पूर्णज्याको परिमाणभन्दा भिन्न प्रकृतिका हुनेछैनन्।

एउटै वृत्तका दुइटा असमान चाप र तिनका पूर्णज्यामा ठूलो पूर्णज्याको सानो पूर्णज्यासँगको निष्पत्ति ठूलो चापको सानो चापसँगको निष्पत्तिभन्दा थोरै हुन्छ।



केलाई केन्द्र मानी बनाइएको **अ क ग घ** वृत्तमा सानो चाप **अ क** र ठूलो चाप **क ग** छुट्ट्याऊ तथा **अ क, अ ग, क ग** पूर्णज्याहरू हाल। यहाँ **क ग** पूर्णज्याको **अ क** पूर्णज्यासँगको निष्पत्ति **क ग** चापको **अ क** चापसँगको निष्पत्तिभन्दा थोरै हुन्छ। अर्थात्

$$\frac{\text{क ग पूर्णज्या}}{\text{अ क पूर्णज्या}} < \frac{\text{क ग चाप}}{\text{अ क चाप}}$$

यसको उपपत्ति

परिधिलग्न **अ क ग** कोणलाई आधा गर्ने **क घ** रेखा हाल, यसले **अ ग** रेखालाई **ङ** बिन्दुमा काट्छ। **घ**बाट **अ घ, ग घ** पूर्णज्या तथा **घ के** लम्ब हाल।

उत्रै उत्रै वृत्तमा कुनै दुइटा परिधिलग्न वा केन्द्रगत कोण बराबर छन् भने तिनको आधाररूपमा रहेका चाप पनि परस्पर बराबर हुन्छन् (*रेखागणित* ३।२६)। उत्रै उत्रै वृत्तमा बराबर चापका पूर्णज्या परस्पर बराबर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छन् (*रेखागणित* ३।२९) । यस कारण माथिको क्षेत्रमा **अ घ** पूर्णज्या र **ग घ** पूर्णज्या परस्पर बराबर हुन्छन् ।

त्रिभुजभित्रको कुनै कोणलाई आधा गर्ने रेखाले त्यस कोणको सम्मुखमा रहेको भुजलाई टुक्र्याउँदा ती दुइ टुक्राको निष्पत्ति क्रमशः ती टुक्रापट्टि रहेका त्रिभुजका बाँकी दुइ भुजको निष्पत्तिसँग बराबर हुन्छ (*रेखागणित* ६।३) । यस कारण यहाँ ठूलो पूर्णज्यापट्टिको **ग ङ** रेखाखण्ड सानो पूर्णज्यापट्टिको **अ ङ** रेखाखण्डभन्दा ठूलो हुन्छ ।

$$\text{ग ङ} > \text{अ ङ}$$

यहाँ **के घ**भन्दा **ङ घ** ठूलो छ, **ङ घ**भन्दा **अ घ** ठूलो छ। यस कारण **घ**लाई केन्द्र मानी **ङ घ** त्रिज्याले एउटा वृत्त हाल्ने हो भने त्यसले **अ घ** लाई काट्छ, तर **घ के**भन्दा बाहिरबाहिरै जान्छ। त्यस्तो **च ङ छ** वृत्तखण्ड हाली **घ के**लाई **छ**सम्म बढाऊ। यहाँ **घ ङ छ** क्षेत्र **घ ङ के** त्रिभुजक्षेत्रभन्दा ठूलो छ, **घ ङ अ** त्रिभुजक्षेत्र **घ ङ च** क्षेत्रभन्दा ठूलो छ।

दुइ असमान राशिमध्ये ठूलो राशिको कुनै तेस्रो राशिसँगको निष्पत्ति सानो राशिको त्यसै राशिसँगको निष्पत्तिभन्दा धेरै हुन्छ, तेस्रो राशिको सानो राशिसँगको निष्पत्ति त्यसैको ठूलो राशिसँगको निष्पत्तिभन्दा धेरै हुन्छ (*रेखागणित* ५।८) । यस कारण

$$\frac{\text{घ ङ के त्रिभुजक्षेत्र}}{\text{घ ङ अ त्रिभुजक्षेत्र}} < \frac{\text{घ ङ छ क्षेत्र}}{\text{घ ङ च क्षेत्र}}$$

उत्रै उत्रै लम्ब भएका दुइटा त्रिभुजक्षेत्र वा आयतक्षेत्रमा ती दुइ क्षेत्रको निष्पत्ति तिनका आधारको निष्पत्तिसँग बराबर हुन्छ (*रेखागणित* ६।१) । यस कारण

$$\frac{\text{घ ङ के त्रिभुजक्षेत्र}}{\text{घ ङ अ त्रिभुजक्षेत्र}} = \frac{\text{ङ के}}{\text{ङ अ}}$$

$$\frac{\text{घ ङ छ क्षेत्र}}{\text{घ ङ च क्षेत्र}} = \frac{\text{के घ ङ कोण}}{\text{ङ घ अ कोण}}$$

हुन्छ तथा

$$\frac{\text{ङ के}}{\text{ङ अ}} < \frac{\text{के घ ङ कोण}}{\text{ङ घ अ कोण}}$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ। समासभावना गर्दा

$$\frac{\text{अ के}}{\text{अ ङ}} < \frac{\text{के घ अ कोण}}{\text{ङ घ अ कोण}}$$

हुन्छ तथा निष्पत्तिका पूर्वपदलाई द्विगुणित गर्दा

$$\frac{\text{अ ग}}{\text{अ ङ}} < \frac{\text{ग घ अ कोण}}{\text{ङ घ अ कोण}}$$

हुन्छ। फेरि अन्तरभावनाद्वारा

$$\frac{\text{ग ङ}}{\text{अ ङ}} < \frac{\text{ग घ क कोण}}{\text{क घ अ कोण}}$$

हुन्छ। अघि भनिएअनुसार (*रेखागणित* ६।३)

$$\frac{\text{ग ङ}}{\text{अ ङ}} = \frac{\text{क ग}}{\text{अ क}}$$

हुन्छ। उत्रै उत्रै वृत्तमा कुनै दुइटा चापको निष्पत्ति ती चापले आआफ्नो वृत्तका केन्द्रमा वा परिधिमा बनाउने कोणको निष्पत्तिसँग बराबर हुन्छ (*रेखागणित* ६।३३)। यस कारण

$$\frac{\text{ग घ क कोण}}{\text{क घ अ कोण}} = \frac{\text{क ग चाप}}{\text{अ क चाप}}$$

हुन्छ तथा

$$\frac{\text{क ग पूर्णज्या}}{\text{अ क पूर्णज्या}} < \frac{\text{क ग चाप}}{\text{अ क चाप}}$$

सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ अंशको पूर्णज्या ल्याउने रीति



अ क वृत्त बनाई यसमा दुइटा असमान चाप अ क र अ ग चिनु लाऊ र तिनका पूर्णज्या हाल। यहाँ ठूलो अ ग चापलाई १ अंशको र सानो अ क चापलाई $\frac{४}{३}$ अंशको मान। यहाँ

$$\frac{\text{अ ग पूर्णज्या}}{\text{अ क पूर्णज्या}} < \frac{\text{अ ग चाप}}{\text{अ क चाप}}$$

तथा

$$\text{अ ग चाप} = \frac{४}{३}\ (\text{अ क चाप})$$

हुन्छन्। त्यस कारण

$$\text{अ ग पूर्णज्या} < \frac{४}{३}\ (\text{अ क पूर्णज्या})$$

हुन्छ।

अ क पूर्णज्या $\frac{३}{४}$ अंशको हो, यसको नापो ०।४७८ हुन्छ भनेर अघि नै गणना गरिसकिएको छ। यस कारण

$$\text{अ ग पूर्णज्या} < \frac{४}{३}\ (०।४७८)$$

$$= १।२।५० \ (\text{स्वल्पान्तरले})$$

हामीले यहाँ अ ग पूर्णज्या १ अंशको मानेका छौं। यसैले यताबाट १ अंशको पूर्णज्या १।२।५० भन्दा थोरै हुन्छ भन्ने देखिन्छ।

फेरि माथिकै क्षेत्रमा ठूलो अ ग चापलाई $\frac{३}{२}$ अंशको र सानो अ क चापलाई १ अंशको मानौं। त्यसो गर्दा

$$\text{अ ग चाप} = \frac{३}{२}\ (\text{अ क चाप})$$

हुने हुनाले अघि झैँ

$$\text{अ ग पूर्णज्या} < \frac{३}{२}\ (\text{अ क पूर्णज्या})$$

हुन्छ। यहाँ अ ग पूर्णज्या $\frac{३}{२}$ अंशको हो, यसको नापो १।३४।१५ हुन्छ भनेर अघि नै गणना गरिसकिएको छ। यस कारण

$$\text{अ क पूर्णज्या} > \frac{२}{३} \times (१।३४।१५)$$

$$= १।२।५०$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हामीले यहाँ अ क पूर्णज्या १ अंशको मानेका छौँ। यसैले यताबाट १ अंशको पूर्णज्या १।२।५० भन्दा धेरै हुन्छ भन्ने देखिन्छ।

यसरी १ अंशको पूर्णज्याको नापो एउटै सङ्ख्याभन्दा कहिले धेरै र कहिले थोरै हुन्छ भन्ने सिद्ध हुन आएकोले

१ अंशको पूर्णज्या = १।२।५० (स्वल्पान्तरले)

हुन्छ भनेर हामी मान्न सक्छौँ। १ अंशको पूर्णज्याबाट $\frac{१}{२}$ अंशको पूर्णज्या ०।३१।२५ (स्वल्पान्तरले) आउँछ।

अब हामी अघि भने जस्तै आधा आधा अंशको फरकमा रहेका सबै चापको पूर्णज्या ल्याउन सक्छौँ। $\frac{३}{२}$ अंश र $\frac{१}{२}$ अंशका पूर्णज्याबाट २ अंशको पूर्णज्या ल्याउन सकिन्छ भने ३ अंश र $\frac{१}{२}$ अंशका पूर्णज्याबाट २$\frac{१}{२}$ अंशको पूर्णज्या ल्याउन सकिन्छ।

यहाँसम्मका कुराबाट हामी वृत्तभित्रका सबैजसो पूर्णज्याहरूको गणना सजिलैसँग गर्न सक्छौँ भन्ने देखिन्छ। ती पूर्णज्याहरूको प्रयोग गर्न अझ सुगम होस् भनेर हामी एउटा सारणी दिँदैछौँ। यस सारणीमा तीन विभाग छन्। पहिलोमा आधा आधा अंश बढ्दै गएका चाप र दोस्रोमा तिनका पूर्णज्या दिइएका छन् भने तेस्रोमा चाहिँ सम्बद्ध पूर्णज्या र त्यसपछिको पूर्णज्याको अन्तरलाई ३० ले भाग गर्दा आउने लब्धि दिइएको छ । यसो गर्दा सारणीमा ट्वाक्क दिइएका चापबाहेक कलादि अवयव भएका अरू चापको पनि पूर्णज्या ल्याउन सजिलो हुन्छ।

सारणीमा कतै पनि शङ्का उठेको खण्डमा हामीले माथि दिएका प्रतिज्ञाहरूको सहयोग लिई त्यसको समाधान गर्न सकिन्छ भन्ने कुरा यहाँ बिर्सन हुँदैन। कुनै पूर्णज्याको चापको आधाको पूर्णज्या ल्याएर वा कुनै दुइ पूर्णज्याका चापको अन्तररूप चापको पूर्णज्या ल्याएर वा कुनै पूर्णज्याको स्पर्धी पूर्णज्या ल्याएर पनि आफ्नो शङ्का निर्मूल पार्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. पूर्णज्यासारणी

अंश	पूर्णज्या			अन्तर			
½	०	३१	२५	०	१	२	५०
१	१	२	५०	०	१	२	५०
१½	१	३४	१५	०	१	२	५०
२	२	५	४०	०	१	२	५०
२½	२	३७	४	०	१	२	४८
३	३	८	२८	०	१	२	४८
३½	३	३९	५२	०	१	२	४८
४	४	११	१६	०	१	२	४७
४½	४	४२	४०	०	१	२	४७
५	५	१४	४	०	१	२	४६
५½	५	४५	२७	०	१	२	४५
६	६	१६	४९	०	१	२	४४
६½	६	४८	११	०	१	२	४३
७	७	१९	३३	०	१	२	४२
७½	७	५०	५४	०	१	२	४१
८	८	२२	१५	०	१	२	४०
८½	८	५३	३५	०	१	२	३९
९	९	२४	५४	०	१	२	३८
९½	९	५६	१३	०	१	२	३७
१०	१०	२७	३२	०	१	२	३५
१०½	१०	५८	४९	०	१	२	३३

अंश	पूर्णज्या			अन्तर			
११	११	३०	५	०	१	२	३२
११½	१२	१	३१	०	१	२	३०
१२	१२	३२	३६	०	१	२	२८
१२½	१३	३	५०	०	१	२	२७
१३	१३	३५	४	०	१	२	२५
१३½	१४	६	१६	०	१	२	२३
१४	१४	३७	२७	०	१	२	२१
१४½	१५	८	३८	०	१	२	१९
१५	१५	३९	४७	०	१	२	१७
१५½	१६	१०	५६	०	१	२	१५
१६	१६	४२	३	०	१	२	१३
१६½	१७	१३	९	०	१	२	१०
१७	१७	४४	१४	०	१	२	७
१७½	१८	१५	१७	०	१	२	५
१८	१८	४६	१९	०	१	२	२
१८½	१९	१७	२१	०	१	२	०
१९	१९	४८	२१	०	१	१	५७
१९½	२०	१९	१९	०	१	१	५४
२०	२०	५०	१६	०	१	१	५१
२०½	२१	२१	११	०	१	१	४८
२१	२१	५२	६	०	१	१	४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
२१½	२२	२२	५८	०	१	१	४२
२२	२२	५३	४९	०	१	१	३९
२२½	२३	२४	३९	०	१	१	३६
२३	२३	५५	२७	०	१	१	३३
२३½	२४	२६	१३	०	१	१	३०
२४	२४	५६	५८	०	१	१	२६
२४½	२५	२७	४१	०	१	१	२२
२५	२५	५८	२२	०	१	१	१९
२५½	२६	२९	१	०	१	१	१५
२६	२६	५९	३८	०	१	१	११
२६½	२७	३०	१४	०	१	१	८
२७	२८	०	४८	०	१	१	४
२७½	२८	३१	२०	०	१	१	०
२८	२९	१	५०	०	१	०	५६
२८½	२९	३२	१८	०	१	०	५२
२९	३०	२	४४	०	१	०	४८
२९½	३०	३३	८	०	१	०	४४
३०	३१	३	३०	०	१	०	४०
३०½	३१	३३	५०	०	१	०	३५
३१	३२	४	७	०	१	०	३१
३१½	३२	३४	२२	०	१	०	२७
३२	३३	४	३५	०	१	०	२२
३२½	३३	३४	४६	०	१	०	१७

अंश	पूर्णज्या			अन्तर			
३३	३४	४	५५	०	१	०	१२
३३½	३४	३५	१	०	१	०	८
३४	३५	५	५	०	१	०	३
३४½	३५	३५	६	०	०	५९	५७
३५	३६	५	५	०	०	५९	५२
३५½	३६	३५	१	०	०	५९	४८
३६	३७	४	५५	०	०	५९	४३
३६½	३७	३४	४७	०	०	५९	३८
३७	३८	४	३६	०	०	५९	३२
३७½	३८	३४	२२	०	०	५९	२७
३८	३९	४	५	०	०	५९	२२
३८½	३९	३३	४६	०	०	५९	१६
३९	४०	३	२५	०	०	५९	११
३९½	४०	३३	०	०	०	५९	५
४०	४१	२	३३	०	०	५९	०
४०½	४१	३२	३	०	०	५८	५४
४१	४२	१	३०	०	०	५८	४८
४१½	४२	३०	५४	०	०	५८	४२
४२	४३	०	१५	०	०	५८	३६
४२½	४३	२९	३३	०	०	५८	३१
४३	४३	५८	४९	०	०	५८	२५
४३½	४४	२८	१	०	०	५८	१८
४४	४४	५७	१०	०	०	५८	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
४४½	४५	२६	१६	०	०	५८	६
४५	४५	५५	१९	०	०	५८	०
४५½	४६	२४	१९	०	०	५७	५४
४६	४६	५३	१६	०	०	५७	४७
४६½	४७	२२	९	०	०	५७	४१
४७	४७	५१	०	०	०	५७	३४
४७½	४८	१९	४७	०	०	५७	२७
४८	४८	४८	३०	०	०	५७	२१
४८½	४९	१७	११	०	०	५७	१४
४९	४९	४५	४८	०	०	५७	७
४९½	५०	१४	२१	०	०	५७	०
५०	५०	४२	५१	०	०	५६	५३
५०½	५१	११	१८	०	०	५६	४६
५१	५१	३९	४१	०	०	५६	३९
५१½	५२	८	०	०	०	५६	३२
५२	५२	३६	१६	०	०	५६	२५
५२½	५३	४	२९	०	०	५६	१८
५३	५३	३२	३८	०	०	५६	१०
५३½	५४	०	४३	०	०	५६	३
५४	५४	२८	४४	०	०	५५	५५
५४½	५४	५६	४२	०	०	५५	४८
५५	५५	२४	३६	०	०	५५	४०
५५½	५५	५२	२६	०	०	५५	३३

अंश	पूर्णज्या			अन्तर			
५६	५६	२०	१२	०	०	५५	२५
५६½	५६	४७	५४	०	०	५५	१७
५७	५७	१५	३३	०	०	५५	९
५७½	५७	४३	७	०	०	५५	१
५८	५८	१०	३८	०	०	५४	५३
५८½	५८	३८	५	०	०	५४	४५
५९	५९	५	२७	०	०	५४	३७
५९½	५९	३२	४५	०	०	५४	२९
६०	६०	०	०	०	०	५४	२१
६०½	६०	२७	११	०	०	५४	१२
६१	६०	५४	१७	०	०	५४	४
६१½	६१	२१	१९	०	०	५३	५६
६२	६१	४८	१७	०	०	५३	४७
६२½	६२	१५	१०	०	०	५३	३९
६३	६२	४२	०	०	०	५३	३०
६३½	६३	८	४५	०	०	५३	२२
६४	६३	३५	२५	०	०	५३	१३
६४½	६४	२	२	०	०	५३	४
६५	६४	२८	३४	०	०	५२	५५
६५½	६४	५५	१	०	०	५२	४६
६६	६५	२१	२४	०	०	५२	३७
६६½	६५	४७	४३	०	०	५२	२८
६७	६६	१३	५७	०	०	५२	१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
६७½	६६	४०	७	०	०	५२	१०
६८	६७	६	१२	०	०	५२	१
६८½	६७	३२	१२	०	०	५१	५२
६९	६७	५८	८	०	०	५१	४३
६९½	६८	२३	५९	०	०	५१	३३
७०	६८	४९	४५	०	०	५१	२३
७०½	६९	१५	२७	०	०	५१	१४
७१	६९	४१	४	०	०	५१	४
७१½	७०	६	३६	०	०	५०	५५
७२	७०	३२	४	०	०	५०	४५
७२½	७०	५७	२६	०	०	५०	३५
७३	७१	२२	४४	०	०	५०	२६
७३½	७१	४७	५६	०	०	५०	१६
७४	७२	१३	४	०	०	५०	६
७४½	७२	३८	७	०	०	४९	५६
७५	७३	३	५	०	०	४९	४६
७५½	७३	२७	५८	०	०	४९	३६
७६	७३	५२	४६	०	०	४९	२६
७६½	७४	१७	२९	०	०	४९	१६
७७	७४	४२	७	०	०	४९	६
७७½	७५	६	३९	०	०	४८	५५
७८	७५	३१	७	०	०	४८	४५
७८½	७५	५५	२९	०	०	४८	३४

अंश	पूर्णज्या			अन्तर			
७९	७६	१९	४६	०	०	४८	२४
७९½	७६	४३	५८	०	०	४८	१३
८०	७७	८	५	०	०	४८	३
८०½	७७	३२	६	०	०	४७	५२
८१	७७	५६	२	०	०	४७	४१
८१½	७८	१९	५२	०	०	४७	३१
८२	७८	४३	३८	०	०	४७	२०
८२½	७९	७	१८	०	०	४७	९
८३	७९	३०	५२	०	०	४६	५८
८३½	७९	५४	२१	०	०	४६	४७
८४	८०	१७	४५	०	०	४६	३६
८४½	८०	४१	३	०	०	४६	२५
८५	८१	४	१५	०	०	४६	१४
८५½	८१	२७	२२	०	०	४६	३
८६	८१	५०	२४	०	०	४५	५२
८६½	८२	१३	१९	०	०	४५	४०
८७	८२	३६	९	०	०	४५	२९
८७½	८२	५८	५४	०	०	४५	१८
८८	८३	२१	३३	०	०	४५	६
८८½	८३	४४	६	०	०	४४	५५
८९	८४	६	३३	०	०	४४	४३
८९½	८४	२८	५४	०	०	४४	३१
९०	८४	५१	१०	०	०	४४	२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
९०१/२	८५	१३	२०	०	०	४४	८
९१	८५	३५	२४	०	०	४३	५७
९११/२	८५	५७	२३	०	०	४३	४५
९२	८६	१९	१५	०	०	४३	३३
९२१/२	८६	४१	२	०	०	४३	२१
९३	८७	२	४२	०	०	४३	९
९३१/२	८७	२४	१७	०	०	४२	५७
९४	८७	४५	४५	०	०	४२	४५
९४१/२	८८	७	७	०	०	४२	३३
९५	८८	२८	२४	०	०	४२	२१
९५१/२	८८	४९	३४	०	०	४२	९
९६	८९	१०	३९	०	०	४१	५७
९६१/२	८९	३१	३७	०	०	४१	४५
९७	८९	५२	२९	०	०	४१	३३
९७१/२	९०	१३	१५	०	०	४१	२१
९८	९०	३३	५५	०	०	४१	८
९८१/२	९०	५४	२९	०	०	४०	५५
९९	९१	१४	५६	०	०	४०	४२
९९१/२	९१	३५	१७	०	०	४०	३०
१००	९१	५५	३२	०	०	४०	१७
१००१/२	९२	१५	४०	०	०	४०	४
१०१	९२	३५	४२	०	०	३९	५२
१०११/२	९२	५५	३८	०	०	३९	३९

अंश	पूर्णज्या			अन्तर			
१०२	९३	१५	२७	०	०	३९	२६
१०२१/२	९३	३५	११	०	०	३९	१३
१०३	९३	५४	४७	०	०	३९	०
१०३१/२	९४	१४	१७	०	०	३८	४७
१०४	९४	३३	४१	०	०	३८	३४
१०४१/२	९४	५२	५८	०	०	३८	२१
१०५	९५	१२	९	०	०	३८	८
१०५१/२	९५	३१	१३	०	०	३७	५५
१०६	९५	५०	११	०	०	३७	४२
१०६१/२	९६	९	२	०	०	३७	२९
१०७	९६	२७	४७	०	०	३७	१६
१०७१/२	९६	४६	२४	०	०	३७	३
१०८	९७	४	५६	०	०	३६	५०
१०८१/२	९७	२३	२०	०	०	३६	३६
१०९	९७	४१	३८	०	०	३६	२३
१०९१/२	९७	५९	४९	०	०	३६	९
११०	९८	१७	५४	०	०	३५	५६
११०१/२	९८	३५	५२	०	०	३५	४२
१११	९८	५३	४३	०	०	३५	२९
११११/२	९९	११	२७	०	०	३५	१५
११२	९९	२९	५	०	०	३५	१
११२१/२	९९	४६	३५	०	०	३४	४८
११३	१००	३	५९	०	०	३४	३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
११३½	१००	२१	१६	०	०	३४	२०
११४	१००	३८	२६	०	०	३४	६
११४½	१००	५५	२८	०	०	३३	५३
११५	१०१	१२	२५	०	०	३३	३९
११५½	१०१	२९	१५	०	०	३३	२५
११६	१०१	४५	५७	०	०	३३	११
११६½	१०२	२	३३	०	०	३२	५७
११७	१०२	१९	१	०	०	३२	४३
११७½	१०२	३५	२२	०	०	३२	२९
११८	१०२	५१	३७	०	०	३२	१५
११८½	१०३	७	४४	०	०	३२	०
११९	१०३	२३	४४	०	०	३१	४६
११९½	१०३	३९	३७	०	०	३१	३२
१२०	१०३	५५	२३	०	०	३१	१८
१२०½	१०४	११	२	०	०	३१	४
१२१	१०४	२६	३४	०	०	३०	४९
१२१½	१०४	४१	५९	०	०	३०	३५
१२२	१०४	५७	१६	०	०	३०	२१
१२२½	१०५	१२	२६	०	०	३०	७
१२३	१०५	२७	३०	०	०	२९	५२
१२३½	१०५	४२	२६	०	०	२९	३७
१२४	१०५	५७	१४	०	०	२९	२३
१२४½	१०६	११	५५	०	०	२९	८
१२५	१०६	२६	२९	०	०	२८	५४
१२५½	१०६	४०	५६	०	०	२८	३९
१२६	१०६	५५	१५	०	०	२८	२४
१२६½	१०७	९	२७	०	०	२८	१०
१२७	१०७	२३	३२	०	०	२७	५६
१२७½	१०७	३७	३०	०	०	२७	४०
१२८	१०७	५१	२०	०	०	२७	२५
१२८½	१०८	५	२	०	०	२७	१०
१२९	१०८	१८	३७	०	०	२६	५६
१२९½	१०८	३२	५	०	०	२६	४१
१३०	१०८	४५	२५	०	०	२६	२६
१३०½	१०८	५८	३८	०	०	२६	११
१३१	१०९	११	४४	०	०	२५	५६
१३१½	१०९	२४	४२	०	०	२५	४१
१३२	१०९	३७	३२	०	०	२५	२६
१३२½	१०९	५०	१५	०	०	२५	११
१३३	११०	२	५०	०	०	२४	५६
१३३½	११०	१५	१८	०	०	२४	४१
१३४	११०	२७	३९	०	०	२४	२६
१३४½	११०	३९	५२	०	०	२४	१०
१३५	११०	५१	५७	०	०	२३	५५
१३५½	१११	३	५४	०	०	२३	४०
१३६	१११	१५	४४	०	०	२३	२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
१३६½	१११	२७	२६	०	०	२३	९
१३७	१११	३९	१	०	०	२२	५४
१३७½	१११	५०	२८	०	०	२२	३९
१३८	११२	१	४७	०	०	२२	२४
१३८½	११२	१२	५९	०	०	२२	८
१३९	११२	२४	३	०	०	२१	५३
१३९½	११२	३५	०	०	०	२१	३७
१४०	११२	४५	४८	०	०	२१	२२
१४०½	११२	५६	२९	०	०	२१	७
१४१	११३	७	२	०	०	२०	५१
१४१½	११३	१७	२६	०	०	२०	३६
१४२	११३	२७	४४	०	०	२०	२०
१४२½	११३	३७	५४	०	०	२०	४
१४३	११३	४७	५६	०	०	१९	४९
१४३½	११३	५७	५०	०	०	१९	३३
१४४	११४	७	३७	०	०	१९	१७
१४४½	११४	१७	१५	०	०	१९	२
१४५	११४	२६	४६	०	०	१८	४६
१४५½	११४	३६	९	०	०	१८	३०
१४६	११४	४५	२४	०	०	१८	१४
१४६½	११४	५४	३१	०	०	१७	५९
१४७	११५	३	३०	०	०	१७	४३
१४७½	११५	१२	२२	०	०	१७	२७

अंश	पूर्णज्या			अन्तर			
१४८	११५	२१	६	०	०	१७	११
१४८½	११५	२९	४१	०	०	१६	५५
१४९	११५	३८	९	०	०	१६	४०
१४९½	११५	४६	२९	०	०	१६	२४
१५०	११५	५४	४०	०	०	१६	८
१५०½	११६	२	४४	०	०	१५	५२
१५१	११६	१०	४०	०	०	१५	३६
१५१½	११६	१८	२८	०	०	१५	२०
१५२	११६	२६	८	०	०	१५	४
१५२½	११६	३३	४०	०	०	१४	४८
१५३	११६	४१	४	०	०	१४	३२
१५३½	११६	४८	२०	०	०	१४	१६
१५४	११६	५५	२८	०	०	१४	०
१५४½	११७	२	२८	०	०	१३	४४
१५५	११७	९	२०	०	०	१३	२८
१५५½	११७	१६	४	०	०	१३	१२
१५६	११७	२२	४०	०	०	१२	५६
१५६½	११७	२९	८	०	०	१२	४०
१५७	११७	३५	२८	०	०	१२	२४
१५७½	११७	४१	४०	०	०	१२	७
१५८	११७	४७	४३	०	०	११	५१
१५८½	११७	५३	३९	०	०	११	३५
१५९	११७	५९	२७	०	०	११	१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंश	पूर्णज्या			अन्तर			
१५९½	११८	५	७	०	०	१०	३
१६०	११८	१०	३७	०	०	१०	४७
१६०½	११८	१६	१	०	०	१०	३१
१६१	११८	२१	१६	०	०	१०	१४
१६१½	११८	२६	२३	०	०	९	५८
१६२	११८	३१	२२	०	०	९	४२
१६२½	११८	३६	१३	०	०	९	२५
१६३	११८	४०	५५	०	०	९	९
१६३½	११८	४५	३०	०	०	८	५३
१६४	११८	४९	५६	०	०	८	३७
१६४½	११८	५४	१५	०	०	८	२०
१६५	११८	५८	२५	०	०	८	४
१६५½	११९	२	२६	०	०	७	४८
१६६	११९	६	२०	०	०	७	३१
१६६½	११९	१०	६	०	०	७	१५
१६७	११९	१३	४४	०	०	६	५९
१६७½	११९	१७	१३	०	०	६	४२
१६८	११९	२०	३४	०	०	६	२६
१६८½	११९	२३	४७	०	०	६	१०
१६९	११९	२६	५२	०	०	५	५३
१६९½	११९	२९	४९	०	०	५	३७
१७०	११९	३२	३७	०	०	५	२०
१७०½	११९	३५	१७	०	०	५	४

अंश	पूर्णज्या			अन्तर			
१७१	११९	३७	४९	०	०	४	४८
१७१½	११९	४०	१३	०	०	४	३१
१७२	११९	४२	२८	०	०	४	१४
१७२½	११९	४४	३५	०	०	३	५८
१७३	११९	४६	३५	०	०	३	४२
१७३½	११९	४८	२६	०	०	३	२६
१७४	११९	५०	८	०	०	३	९
१७४½	११९	५१	४३	०	०	२	५३
१७५	११९	५३	१०	०	०	२	३६
१७५½	११९	५४	२७	०	०	२	२०
१७६	११९	५५	३८	०	०	२	३
१७६½	११९	५६	३९	०	०	१	४७
१७७	११९	५७	३२	०	०	१	३०
१७७½	११९	५८	१८	०	०	१	१४
१७८	११९	५८	५५	०	०	०	५७
१७८½	११९	५९	२४	०	०	०	४१
१७९	११९	५९	४४	०	०	०	२५
१७९½	११९	५९	५६	०	०	०	९
१८०	१२०	०	०	०	०	०	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५–५२४८१९, ५–५३२७४९

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६० वैशाख

यस अङ्कको मूल्य रु. ८०/-

मुद्रक

लुष प्रेस

नयाँ बानेश्वर

काठमाडौँ

नेपाल

फोन नं. ४–४७२५९६